# हातेमालो सहकारी खबर

(शिक्षा, तालिम र सूचनाले सहकारीमा सदस्यहरुको सक्रियता बढाऔं)

सहकारी शिक्षा, व्यवसाय र प्रवर्द्धनमा सामुदायिक रेडियो परासीको प्रयास

वर्ष ८ | अंक ११ | २०८२ चैत्र २० गते


# ६९ औं राष्ट्रिय सहकारी दिवस विशेष



"रामग्राम नगरपालिकाद्वारा प्रदान गरेको सम्मान ग्रहण गर्दै सामुदायिक रेडियो परासीका अध्यक्ष राजकुमार रेश्मी"



**यस भित्र...**


- सहकारी क्षेत्रका समस्या र समाधानका पक्षहरु
- सहकारी कविता
- नेपालमा साकोस अभियान: अबको बाटो
- सहकारीमा लेखापारिक्षकको भूमिका र महत्त्व
- साझा सहकारीको उज्यालो इतिहासदेखि वर्तमानसम्म
- सहकारीमा जान्नै पर्ने हिसाब संकेत नम्बरहरु
- जिल्ला भित्रका सहकारी गतिविधीहरु

# रामग्राम नगरपालिकाको नगरक्षेत्रका सहकारीहरुमा अनुरोध

- सहकारी ऐन, नियम र विनियम बमोजिम संस्था संचालन गर्ने ।
- सहकारीलाई प्रविधिमैत्री बनाउँदै सदस्यहरुको सेवालाई प्राथमिकता दिने ।
- सहकारीका मूल्य, मान्यता र सिद्धान्तलाई दैनिक व्यवहारमा लागू गर्ने ।
- नियमन निकायसंगको सम्बन्धलाई कायम राख्दै नियमित रिपोटिङ्ग गर्ने ।
- सदस्यहरुको सदस्य शिक्षा र सूचनाको ज्ञारेन्टी गर्ने ।
- सहकारीहरु समाजका भरपर्दा र जीवन्त संगठन भएकोले सामजिक उत्तरदायित्व पूरा गर्ने ।
- विषयगत क्षेत्रका सहकारीले लक्षित विषयलाई नै केन्द्रबिन्दुमा राखेर कारोबार गर्ने ।
- सहकारीको पूँजी परिचालन गर्दा उद्यमशिलता तथा उत्पादनमूलक क्षेत्रमा लगानी बृद्धि गर्दै लैजाने ।
- सहकारीको नियमित मासिक बैठक, रिपोटिङ्ग, लेखापरिक्षण, साधारण सभा, जिम्मेवारी हस्तान्तरण कार्यहरु ऐन विनियम बमोजिम तोकिएकै समयमा गरी सहकारी सुशासनलाई कायम राख्ने ।
- वार्षिक क्यालेन्डर नै बनाएर सहकारी गतिविधिहरु संचालन गर्ने ।

*"उद्यमशिलता र पारदर्शिताः सहकारीको प्राथमिकता"*

**६९ औं राष्ट्रिय सहकारी दिवस २०८२ को उपलक्ष्यमा सहकारीका शेयर सदस्य, सहकारी संस्था तथा सहकारीकर्मीहरुमा हार्दिक शुभकामना सहित**

**रामग्राम नगरपालिकाको कार्यालय**

रामग्राम, नवलपरासी (ब.सु.प.), लुम्बिनी प्रदेश

# हातेमालो सहकारी खबर

संरक्षक
**राजकुमार रेश्मी**
अध्यक्ष, परासी सूचना तथा संचार सहकारी संस्था लि.
सामुदायिक रेडियो परासी ९०.२ मेगाहर्ज

सम्पादक
**मेघराज गौतम**
प्रबन्ध निर्देशक
९८५७०४६६३८

सम्पादन सल्लाहाकार
**श्री खेमराज ढकाल**
**श्री राजनकुमार आचार्य**
**श्री बद्री पौडेल**
**श्री अनन्त पाण्डेय**
**श्री टिकाराम तिमिल्सीना**
**श्री रामप्रसाद भुषाल**

भाषा सम्पादन
**तोरेन्द्र जि.सी.**
सचिव, सामुदायिक रेडियो परासी ९०.२ मेगाहर्ज

प्रकाशक
**परासी सूचना तथा संचार सहकारी संस्था लि.**
**सामुदायिक रेडियो परासी ९०.२ मेगाहर्ज**
परासी, नवलपरासी
०७८-५२०५०४, ५२०३०१, ५२१०४५

## सम्पादकीय...

आज चैत्र २०, अर्थात ६९ औं राष्ट्रिय सहकारी दिवस । दिवसको अवसरमा देश भर विभिन्न कार्यक्रम भव्य रुपमा मनाईदै छ। वि.सं.२०१३ चैत्र २० गते चितवनमा बखान सहकारी संस्थाको स्थापना भएको आज ६९ बर्ष पुग्यो। त्यही दिनको संझनामा देशभर सहकारीकर्मीहरूले सहकारी दिवसको रुपमा मनाउने गरिएको छ।

"उद्यमशीलता र पारदर्शीताः सहकारीको प्राथमिकता" यस बर्षको सहकारी दिवसीय नारा तय भएको छ। सहकारी भन्ने वित्तिकै स्वनियमनमा आधारित आर्थिक कारोबार गर्ने व्यवसायिक संगठनको रुपमा जान्नु पर्दछ। सदस्यहरुको संयुक्त स्वामित्व र प्रजातान्त्रीक नियन्त्रणबाट सञ्चालित व्यवसायमार्फत साझा आर्थिक, सामाजिक र साँस्कृतिक आवश्यकताहरु पूरा गर्न स्वइच्छाले एकजुट हुने व्यक्तिहरूको स्वायत्त संगठन नै सहकारी हो।

यस बर्षको नाराले नयाँ काम गर्ने क्षमता र व्यवसायिकतालाई जोड दिएको छ। साथै उत्पादनशील क्षेत्रमा सहकारीको लगानी वढाउने र सहकारीकर्मीहरुलाई उद्यमी बनाउने ध्यय छ भने सहकारीको कारोबारमा खुलापन र पारदर्शी बनाउँदै सदस्यहरुको सहभागीतालाई सुनिश्चित गर्न जोडदिएको छ।

दिवसको अवसरमा परासी सुचना तथा सञ्चार सहकारी संस्था लि.ले ११ औं बार्षिक अंकको रुपमा "हातेमालो सहकारी खवर" प्रकाशनमा ल्याएको हो, जुन तपाईको हातमा छ। बार्षिक बुलेटिनको रुपमा प्रकाशन गरिएकोले यसमा सहकारी शिक्षालाई प्राथमिकता दिइएको छ। शिक्षा, तालिम र सूचनाले मात्र सदस्यहरूलाई सहकारीको समग्र विकासमा केन्द्रीत गर्न सकिन्छ भन्ने विश्वासका आधारमा बुलेटिन प्रकाशन पनि गरिएको हो।

यसमा बार्षिक बुलेटिनमा रहेका लेख रचना र जानकारीहरु पूर्णतया सहकारी व्यवस्थापन, सहकारी शिक्षा र सदस्य जागरणमा केन्द्रीत छन्। सहकारीलाई सदस्य केन्द्रीत बनाउँदै समाजको व्यवस्थित र मर्यादित संस्थाको रुपमा स्थापित गर्न दिवसले महत्वपूर्ण भूमिका खेल्नेमा आशावादी बनौं।

*जयसहकारी। सहकारी दिवसको हार्दिक शुभकामना।*

# पश्चिम नवलपरासीमा सहकारी क्षेत्र, समस्या र समाधानका पक्षहरु



**मेघराज गौतम**, प्रवन्ध निर्देशक
परासी सूचना तथा संचार सहकारी संस्था लि.

नेपालमा वि.सं. २०१३ सालमा संस्थागत हिसावले सहकारीको प्रारम्भ भयो। त्यसअघि पनि विभिन्न अनौपचारिक तवरले सहकारीको भावना अनुसार विभिन्न कामहरु भएको पाइन्छ।

वि.सं. २०१० सालअघि सहकारीको अवधारणा अनुसार गुठी, परोपकारी संघसंस्थाहरु, ढुकुटी जस्ता सामुदायिक आर्थिक गतिविधिहरु हुने गरेका थिए। नेपालमा सहकारीको संस्थागत अभ्यास भएको ६९ बर्ष पुरा भयो। चितवनको वखान सहकारी संस्थाको स्थापना बर्षलाई नेपालमा पछि गएर सहकारी दिवसको रुपमा मनाउन थालिएको हो।

नवलपरासीमा तत्कालिन डिभिजन सहकारी कार्यालयले जिल्लाका ७ वटै पालिकाहरुलाई दर्तामा रहेका विभिन्न विषयगत सहकारीहरु हस्तान्तरण गरिसकेपछि सहकारीको दर्ता, नियमन र मूल्याँङ्कन गर्ने कामको जिम्मेवारी पालिकाहरुमा सरेको छ। अर्थात सहकारीलाई नियमन गर्ने गरी कार्यक्षेत्रको आधारमा तीन तहका सरकारलाई जिम्मेवारी दिइएको छ। तर सहकारीहरुलाई समन्वय गर्ने, सहकारीको अवस्था विश्लेषण गर्ने, तालिम, सूचना प्रदान गर्ने निकायको अभाव आज पनि प्रारम्भिक सहकारीहरुले महशुस गरिहेका छन्।

नवलपरासी जिल्लामा संघ, प्रदेश र पालिका स्तरका २३५ वटा सहकारीहरु रहेको तथ्याङ्क छ। रामग्राम नगरपालिकामा ३५ वटा, सुनवल नगरपालिकामा ५७ वटा, बर्दघाट नगरपालिकामा ४१ वटा, पाल्हीनन्दन गाउँपालिकामा १८ वटा, सरावल गाउँपालिकामा २६ वटा, प्रतापुर गाउँपालिकामा ३६ वटा र सुस्ता गाउँपालिकामा २२ वटा सहकारी संस्था सञ्चालन रहेका छन्।

जिल्लामा एक सयभन्दा वढी बचत तथा ऋण सहकारी संस्था दर्ता भई सञ्चालनमा छन्, यस्तै बहुउद्देश्यीय सहकारी ४५ वटा छन् भने कृषि सहकारी संस्थाहरु ५८ वटा रहेका छन्। यस्तै सूचना तथा सञ्चार सहकारी संस्था ३ वटा छन् भने अन्य वहुउद्देश्यीय र विषयगत सहकारीहरु २९ वटा रहेको तथ्याङ्क छ। अहिले सहकारी संस्था दर्ता र नियमन गर्ने काम राज्यका तीनै निकायहरुले गरिरहेका छन्। पालिका स्तरका सहकारीको संख्या वढी भएकोले पालिकाहरुले सहकारी शाखा मार्फत नियमन गर्ने गरेका छन्। तर डिभिजन सहकारी कार्यालय हुँदा भएको नियमन जस्तो अहिले प्रभावकारी भने हुन सकेको छैन।

सहकारी मार्फत हजारौं व्यक्तिहरुले प्रत्यक्ष वा अप्रत्यक्ष रोजगारी पाएका छन्। सदस्यहरुले सहज रुपमा बचत गर्ने, आवश्यक पर्दा सहजढंगबाट ऋिण लिने र व्यवसाय विस्तार गर्ने गरेका छन्। यसले स्थानीय अर्थतन्त्रलाई गतिशिल वनाउनुका साथै आत्मनिर्भरता अभिबृद्धि गर्न महत्वपूर्ण भूमिका खेलेको छ।

नवलपरासी जिल्लामा जिल्ला स्तरको अभिभावक संघको रुपमा जिल्ला सहकारी संघ लि. रहेको छ भने अन्य विषयगत सहकारी संघहरु पनि क्रियाशिल रहेका छन्। जिल्लामा बचत तथा ऋण सहकारी संघ लि., दुग्ध उत्पादक सहकारी संघ लि., साना किसान कृषि सहकारी संघ लि., वहुउद्देश्यीय सहकारी संघ लि. र जिल्ला स्तरीय सूचना तथा सञ्चार सहकारी संस्था लि. क्रियाशिल रहेका छन्।

जिल्लामा गठन भएका विषयगत सहकारी संघहरुको भूमिका अत्यन्तै महत्वपूर्ण र जिम्मेवारपूर्ण हुनु पर्दछ। गठिन भएका संघहरुले आफ्ना सदस्य सहकारीलाई मार्गदर्शन,

समन्वय र सुदृढिकरण गर्ने मुख्य जिम्मेवारी हो। त्यस्तै सदस्य सहकारीको क्षमता अभिबृद्धि, तालिम, गोष्ठी र अभिमुखिकरण कार्यक्रम गर्नु पर्दछ।

सहकारीमा वित्तिय अनुशासन, पारदर्शिता र सुशासन कायम गराउन नियमित निगरानी तथा सहजिकरण गर्नु पर्दछ। कमजोर सहकारीलाई माथि उठाउन, जोखिम व्यवस्थापनमा सहयोग गर्न तथा एक अर्काको उत्कृष्ट सकारात्मक अभ्यास आदानप्रदान गर्न विषयगत सहकारी संघहरुले भूमिका खेल्न सक्दछन्।

तसर्थ विषयगत सहकारी संघहरु केवल संगठन मात्र नभई सहकारी क्षेत्रलाई दिगो, पारदर्शी र प्रभावकारी बनाउने नेतृत्वदायी संरचना वा संगठन बन्नु पर्दछ।

जिल्लामा सात वटै पालिकामा पालिका स्तरीय सहकारीहरुको दर्ता, नियमन र विकासकालागि बजेट अभाव देखिन्छ, नेतृत्वले सहकारी क्षेत्रलाई प्राथमिकतामा पारेको व्यवहार र बजेटमा देख्न सकिदैन भने पालिका भित्रको जनशक्ति पनि कम छ। सहकारीहरुलाई प्रविधिमैत्री बनाउन सकिएको छैन भने नियमित अनुगमन र मूल्याङ्कन हुन नसक्दा सहकारीहरु सहकारी सिद्धान्तबाट बिचलित हुने सम्भावना पनि प्रवल रहेको छ भने नियमन निकायको सहकारीहरु प्रति उदाशिनता देखिन्छ।

सहकारी पढेको, बुझेको र तालिमद्धारा प्रशिक्षित भएको जनशक्ति पालिकामा नहुनु, अन्य क्षेत्रको कर्मचारीलाई सहकारी पनि हेर्नु भनि दिइएको जिम्मेवारीले गर्दा पनि सहकारीको नियमन खासमा राम्रो हुन नसकेको हो। पालिका भित्रका दर्जनौ सहकारी क्षेत्र नियमन गर्न प्रत्येक पालिकामा सहकारी शाखा स्थापना गर्नु पर्ने देखिन्छ।

सहकारी संस्थामा देखिएको दोहोरो सदस्यता, सहकारीमा संस्थागत शुशासनको कमी, कार्यालय संचालन अझै पनि झोलाको भरमा रहनु, सहकारी संस्थाहरुको व्यवस्थापकीय ज्ञान र दक्षता सुदृढ हुन नसक्नु सहकारी क्षेत्रका चुनौती हुन्।

सहकारी उत्पादन तथा स्वरोजगारको क्षेत्रमा नभई बचत तथा ऋणको कारोवारमा बढी संलग्न देखिनु र सहकारी संघ, संस्थाहरुमा उद्यमशिलताको अभाव र संस्थाको रणनीतिक योजना विना नै सहकारीहरु सञ्चालन हुनुले पनि सहकारीमा दिगोपनको कमि हुँदै गइरहेको छ।

सहकारीहरुलाई संस्थागत र दिगोपन दिन जनशक्तिको व्यवस्था गरी सहकारी शिक्षा सम्बन्धी तालिम प्रदान गर्ने, संस्थाको दैनिक कार्यसम्पादन रिपोटिङ्गका लागि नयाँनयाँ प्रविधिको व्यवस्थापन गर्ने, सहकारीहरुलाई प्रविधिमैत्री बनाउँदै लैजाने र नियमित रिपोटिङ्ग, अनुगमन, मूल्याङ्कन गरी सहकारी मैत्री वातावरण तयार गर्नु पर्ने देखिन्छ।

सहकारीहरूलाई संस्थागत र दिगोपन प्रदान गर्नका निम्नकुरामा ध्यान दिनु पर्छ।

- सुशासन र पारदर्शिता कायम गर्न नियमित लेखापरीक्षण, स्पष्ट नीति-नियम र जिम्मेवारी निर्धारण गर्ने।
- सहकारीमा दक्ष जनशक्ति नियुक्ति र व्यवस्थापकहरूको क्षमता अभिवृद्धिमा ध्यान दिने।
- वित्तीय अनुशासन कायम गर्न बचत-ऋण सन्तुलन, जोखिम व्यवस्थापन र खराब ऋण नियन्त्रण गर्नु पर्दछ।
- सहकारीका सदस्य, कर्मचारी र सञ्चालकहरुको क्षमता विकासका लागि समय-समयमा तालिम प्रदान गर्ने साथै सदस्यहरुलाई सहकारी शिक्षा सम्बन्धी अनुशिक्षण गर्ने।
- सहकारीमा प्रविधिको प्रयोग बढाउने, डिजिटल लेखा प्रणाली, अनलाइन सेवा र सूचना व्यवस्थापन प्रणाली अनिवार्य लागू गर्ने।
- सदस्य केन्द्रित सेवा मात्र गर्ने साथै सदस्यको आवश्यकताअनुसार नयाँ सेवा विस्तार गर्दै लैजाने।
- आन्तरिक नियन्त्रण प्रणाली मजबुत बनाउन अनुगमन, मूल्याङ्कनलाई प्रभावकारी बनाउदै लग्ने।
- सबै क्षेत्रमा सहकार्य र सञ्जाल विस्तार गर्ने र अन्य विषयगत सहकारी, संघ-संस्था र सरकारी निकायसँग सहकार्य गर्ने।
- सहकारीको पूँजी परिचालन गर्दा उत्पादनमुखी काममा जोड दिने साथै कृषि, उद्योग र साना व्यवसायमा लगानी बढाउँदै लग्ने।
- सहकारी मूल्यमान्यता र सिद्धान्तको पूर्ण परिपालना गर्ने, सहकारी ऐन २०७४ र नियमावली २०७५ बारे जानकार रहने।

# राष्ट्रिय सहकारी नियमन प्राधिकरण र नागरिकको अपेक्षा



**डा. खगराज शर्मा**
अध्यक्ष
राष्ट्रिय सहकारी नियमन प्राधिकरण

**१. विषय प्रवेशः**

नेपालको समावेशी आर्थिक विकास, ग्रामीण वित्तीय पहुँच विस्तार र सामाजिक समन्वयको मूल आधारका रुपमा सहकारी क्षेत्र रहेकोछ । विशेष गरी वित्तिय सहकारी संस्थाहरूले लाखौं नागरिकको श्रम, पूँजी र आशालाई समेट्दै आर्थिक सशक्तीकरणमा महत्वपूर्ण योगदान दिएका भए पनि पछिल्लो दशकमा सहकारीका नाममा व्यापक वित्तीय अपचलन, संस्थागत भ्रष्टाचार, सुशासन तथा नियमनको अभाव, परिवारवादको प्रभाव जस्ता कारणले यस क्षेत्रको विश्वसनीयतामा गम्भीर संकट उत्पन्न भएको छ।

बचतकर्ताले वचत फिर्ता नपाउने अवस्था, हजारौं उजुरी र सयौं समस्याग्रस्त एवं समस्या उन्मुख संस्थाहरूको विवरणसहित संसदीय छानबिन विशेष समिति सहित विगतका सहकारी क्षेत्र सुधार सुझाव कार्यदल तथा समितिहरूको प्रतिवेदनले सहकारी नियमन प्रणालीमा आमूल परिवर्तनको माग गऱ्यो।यिनै कुराहरुलाई महसुस गरेर नै नेपाल सरकारबाट सहकारी क्षेत्रभित्र पारदर्शिता, सुशासन र वित्तीय अनुशासन पुनःस्थापनाको दिगो आधार तय गर्ने अपेक्षा सहित कानुन नै परिवर्तन गरी वि.सं. २०८१ माघ १४ मा "राष्ट्रिय सहकारी नियमन प्राधिकरण" को स्थापना गरिएको छ।

प्राधिकरण एक स्वायत्त एवं स्वतन्त्र विशेषज्ञ, गैर-राजनीतिक र समर्पित नियामक निकाय हो। यसले नेपालको संविधानको 'अनुसुची ५' ले 'नियमन' संघिय सरकारको क्षेत्राधिकार भित्र रहने गरी दिए वमोजिमको भुमिका निर्बाह गर्नेगरी नै संघ, प्रदेश र स्थानीय तहका सहकारीहरूबीचको समन्वय, तथ्यमा आधारित नियमन, डिजिटल अनुगमन प्रणाली तथा जोखिम मूल्यांकन जस्ता रणनीतिक कार्यहरूलाई संस्थागत गर्नेछ।

**२. संवैधानिक, कानूनी र नीतिगत प्रवन्धः**

नेपालको संविधान २०१९, अन्तरिम संविधान २०६३ र वर्तमान संविधान २०७२ मा सहकारी क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधार बनाउँदै निजी र सार्वजनिक क्षेत्रसँग प्रत्यक्ष वा परोक्ष रूपमा सहकार्य गरी प्रवर्द्धन गर्ने नीति समावेश गरिएको छ।

सहकारीको सञ्चालन, नियमन र पारदर्शिताका लागि विभिन्न अवधिमा चारवटा मुख्य ऐन तथा नियमावलीहरू सहित, मापदण्ड एवं निर्देशिकाहरू मार्फत कानुनी संरचना तयार गरियो । राष्ट्रिय सहकारी नीति २०६९ ले समतामूलक विकासको दीर्घकालीन लक्ष्यसहित सबल, समावेशी र स्वावलम्बी सहकारी प्रणाली निर्माणको मार्गदर्शन तय गरेको छ।

प्रथम देखि सोह्रौं योजना अवधिसम्म सहकारी प्रणालीलाई कृषि, वित्तीय पहुँच, उपभोग्य वस्तु व्यवस्थापन, उद्यमशीलता, रोजगारी, सामाजिक रूपान्तरण, उत्पादन र बजारीकरणमा संलग्न गरियो । पछिल्ला योजनाहरूमा

सहकारीमा सुशासन, वर्गीकरण, जोखिम न्यूनीकरण, संरचनागत सुधार र स्थानीय तहमा सेवा विस्तारमा जोड दिइएको छ। सहकारीलाई दीगो आर्थिक विकास, समन्यायिक लाभ वितरण र समावेशीकरणका लागि रणनीतिक उपकरणको रूपमा उपयोग गरिएको छ।

नीति तथा कार्यक्रम २०८२/८३ मा समस्याग्रस्त संस्थाहरूका लागि राहत, कर्जा सूचना, वचत सुरक्षण, कर्जा असुली न्यायधिकरण स्थापना, विद्युतीय सूचना प्रणालीको सुदृढीकरण र तथ्यांक व्यवस्थापन सुधारको प्रतिबद्धता गरिएको छ।

बजेट वक्तव्य २०८२/८३ मा सहकारीहरूको वर्गीकरण, निक्षेप सुरक्षण, सम्पत्ति लिलामी प्रक्रिया र कृषि भूमिको सहकारी उपयोगलाई प्राथमिकता दिइएको छ। यी सबै पहलले सहकारी क्षेत्रको सुशासन, स्थायित्व, उत्तरदायित्व र विश्वास अभिवृद्धि गर्ने संकेत गर्दछ।

वि.सं. २०२४ देखि २०८१ सम्म सरकार र संसदद्वारा २३ वटा विभिन्न समिति, कार्यदल र आयोग गठन भई सहकारी सुधारका लागि नीति, संरचना र नियमन सुदृढ गर्ने विषयमा सिफारिस गरिएको छ। विशेषतः दोस्रो तहको नियामक निकाय (STI) स्थापनाको आवश्यकता वि.सं.२०५७ पछि गठित समितिहरुका अधिकांश प्रतिवेदनहरूमा दोहोरिएको छ।

आर्थिक अनियमितता नियन्त्रण, तेस्रो पक्षीय अनुगमन, बचत संरक्षण र स्वायत्त नियामकको कानुनी आधार निर्माणमा जोड दिइएको छ। यि विविध कारणहरूबाट राष्ट्रिय सहकारी नियमन प्राधिकरण स्थापनाका लागि कानुनी आधार निर्माण गर्नमा समेत सहयोग पुगेको देखिन्छ।

**३. सहकारी क्षेत्रको विद्यमान अवस्थाः**

वि.सं.२०८१ फागुनसम्मको तथ्यांक हेर्दा ३२,९६५ संस्था, १.०९ करोड सेयर सदस्य, रु. १.४३ खर्ब शेयर, रु.११.२५ खर्ब बचत, रु. ९.२३ खर्ब कर्जा परिचालन ९०,२६५ जना प्रत्यक्ष रोजगारी प्राप्त, १८,९९९ संस्था COPOMIS प्रणालीमा आबद्ध रहेको देखिन्छाकुल जनसंख्याको ३७.३९ प्रतिशत मानिसहरु सहकारीमा जोडिएको देखिन्छ।

सहकारी ऐन २०७४ लागू हुनुपूर्वसम्मको अवस्था हेर्दा नेपालमा कुल जम्मा २९,८८६ सहकारी सङ्घ संस्थाहरू रहेका थिए। जसलाई संघ, प्रदेश र स्थानीय गरी तीन तहको क्षेत्राधिकार भित्र क्रमश १२५(०.४) प्रतिशत, ६,००२(२०.१५) प्रतिशत र २३,७५९ (७९.५५) प्रतिशतमा विभक्त गरिएको थियो।

केन्द्रमा सहकारी मन्त्रालय, नेपाल राष्ट्र बैंक, सहकारी नियमन प्राधिकरण, सहकारी विभाग, समस्याग्रस्त सहकारी व्यवस्थापन समिति, कर्जा असुली न्यायधिकरण जस्ता संरचनाहरू रहेका छन् भने कर्जा सूचना केन्द्र, बचत तथा कर्जा सुरक्षण कोष जस्ता संस्थाहरू प्रचलित ऐनको व्यवस्थानुशार व्यवस्थित हुने क्रममा रहेकाछन्। केन्द्रीय संघ मार्फत संचालन गर्ने गरी स्थिरिकरण कोष स्थापना गरिएको छ। सहकारीसँग सम्बन्धित संरचनाहरु प्रदेश र पालिकातहमा पनि क्रियाशील रहेका छन्।

वर्तमानमा सहकारी क्षेत्रले आर्थिक पहुँच, सामाजिक न्याय, उद्यमशीलता, वित्तीय साक्षरता, उत्पादन र बजारिकरणमा योगदान पुर्याएको छ। तर पछिल्लो समयमा कमजोर नियमन, गैरकानुनी लगानी, नियामकीय संरचना प्रभावहिन आदी जस्ता कारणहरूले नै सहकारी क्षेत्रलाइ समस्याग्रस्त क्षेत्रकारूपमा परिचित गराउने परिस्थिति निर्माण हुन पुग्यो।

**४. प्राधिकरणको सैद्धान्तिक अवधारणाः**

कुनै विशेष कार्य, सेवा, क्षेत्र वा निकायलाई सञ्चालन, नियमन (Regulation), व्यवस्थापन वा नियन्त्रण गर्ने कानुनी शक्ति वा अधिकार प्राप्त संस्था वा निकायलाई प्राधिकरण (Authority) भनिन्छ। तोकिएको क्षेत्रमा नीति निर्माण तथा समन्वय वा सेवा प्रदान गर्ने अधिकार पनि दिइएको हुन्छ। प्राधिकरण स्वतन्त्र रूपमा निर्णय गर्न स्वायत्त हुन्छन्। साथै, स्वायत्तता, विशेष कार्यक्षेत्र, आर्थिक तथा प्रशासनिक

स्वतन्त्रता, नियमन तथा सुपरीवेक्षण आदी जस्ता विशेषताहरु पनि रहेका हुन्छन् ।

सरकारी निकायको बर्तमान निर्णय प्रक्रिया र छरितो राज्य संचालनको अवधारणाको सन्दर्भमा विशेषज्ञ, स्वायत्त र प्रभावकारी सेवा प्रवाह गर्ने निकाय अनिवार्य हुँदै गएको छ । त्यसैले नेपालमा प्राधिकरणको आवश्यकता बढिरहेको देखिन्छ ।जसका प्रमुख कारणहरु : विशेषज्ञ संस्था आवश्यक हुनु; विशेषज्ञ सेवा र नियमनको गुणस्तर सुधारको आवश्यकता, स्वायत्तता र लचकता, जनसंख्या र क्षेत्रगत आवश्यकताको वृद्धि, निजी क्षेत्रको सहभागिता आदी छन् । नागरिक उड्यन क्षेत्रको प्रभावकारी नियमनका लागि नागरिक उड्यन प्राधिकरणको गठन, त्यसैगरी विमा क्षेत्रको नियमनका लागि विमा प्राधिकरण रहे जस्तै सहकारी क्षेत्रको नियमनका लागि राष्ट्रिय सहकारी नियमन प्राधिकरणको स्थापना गरिएको छ ।

**५. राष्ट्रिय सहकारी नियमन प्राधिकरणको स्थापनाः**

नेपालको सहकारितामा पछिल्लो समय व्यापक वित्तीय अपचलन, पारदर्शिताको अभाव, सुशासनमा कमजोरी र नियमनको अपर्याप्तता देखिन थालेपछि, सहकारी क्षेत्रको विश्वसनीयता संकटमा पर्न थाल्यो । यसै सन्दर्भमा, एक स्वतन्त्र, तटस्थ र प्रभावकारी नियामक निकायको आवश्यकता प्रस्ट रूपमा महसुस गरियो ।

वि.सं. २०५७ मा गठित सहकारी विकास सुझाव कार्यदलले पहिलोपटक तेस्रो पक्षीय नियामकको सिफारिस गऱ्यो । त्यसपछिका वर्षहरूमा संसदीय समितिहरू, सहकारी बैंक एवं बचत तथा ऋण सहकारी सम्बन्धी अध्ययन समूहहरू र जाँचबुझ आयोगहरूले पनि सहकारी नियमन प्रणालीमा संरचनात्मक सुधार आवश्यक रहेको प्रतिवेदनहरू नेपाल सरकार र सम्बन्धित निकाय समक्ष प्रस्तुत गरे ।

विशेषतः वि.सं. २०७० पछि सार्वजनिक भएका ठगी तथा वित्तीय दुरुपयोगका घटनाले समस्या गम्भीर रहेको प्रमाणित गऱ्यो । वि.सं. २०८१ मा संसदीय छानबिन विशेष समितिको प्रतिवेदनले करिब ५०० सहकारी संस्थामा २.५ खर्ब रुपैयाँ बराबरको अपचलन भएको र १७०० भन्दा बढी व्यक्तिविरुद्ध कानुनी कारबाहीको प्रक्रिया अघि बढाइएको उल्लेख गऱ्यो । जसले गर्दा चालु संरचनाले नियमन प्रभावकारी हुन नसक्ने कुरा समेत स्पष्ट पाऱ्यो ।

यिनै अवस्थालाई दृष्टिगत गर्दै नेपाल सरकारले वि.सं. २०८१ पौष १४ गते तत्कालीन राष्ट्रिय सहकारी विकास बोर्डलाई खारेज गरी सोही स्थानमा रहने गरी “सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश” मार्फत राष्ट्रिय सहकारी नियमन प्राधिकरणको स्थापनाका लागि कानुनी मार्ग प्रशस्त भयो । फलस्वरूप वि. सं. २०८१ माघ १४ गते राष्ट्रिय सहकारी नियमन प्राधिकरणको स्थापना भयो। सहकारी क्षेत्रलाई पारदर्शी, उत्तरदायी र मर्यादित बनाउन दीर्घकालीन नियमनात्मक सुधारको आधारशिलाका रूपमा यो स्थापना भएको हो । यस प्राधिकरणको मुख्यालय हरिहरभवन, ललितपुरमा रहेको छ, जसमा एक अध्यक्ष र चार सदस्य रहने व्यवस्था छ भने आवश्यक कर्मचारीहरू आफ्नो स्थायी व्यवस्था नभएसम्मका लागि नेपाल सरकारको मातहतका निकायहरू, नेपाल राष्ट्र बैंक लगायतबाट काजमा व्यवस्था गर्ने प्रस्ताव समेत गरिएको छ ।

**६. प्राधिकरणका प्रमुख कार्यहरूः**

सहकारी ऐनको व्यवस्था बमोजिम प्राधिकरणका प्रमुख कार्यहरूलाइ तपशिल वमोजिम संक्षिप्त र बुँदागत रूपमा उल्लेख गरिएकोछ ।

- दर्ता, नियमन र अनुगमनः सहकारीको स्थापना, सञ्चालन अनुमतिपत्र, नियमन प्रणाली र प्रतिवेदन प्रक्रिया तयार गर्नु र कार्यान्वयन गर्नु ।
- नियमक मापदण्ड निर्धारणः सहकारी संस्थाको वित्तीय सञ्चालनका लागि ‘प्रुडेन्सियल स्ट्यान्डर्ड’ निर्माण र अनुगमन गर्नु ।
- सुरक्षा र निरिक्षणः नियमित निरीक्षण, उजुरीको व्यवस्थापन, जाँचबुझ र निर्देशन प्रणाली विकास गर्नु ।

- तहगत समन्वय कार्यान्वयनः संघ, प्रदेश र स्थानीय तहबीच कार्यसम्पादनको समन्वयमा आधारित संयुक्त नियमन संयन्त्र लागू गर्नु ।
- नियामकीय परीक्षणः नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थासँगको सहकार्यमा प्रुडेन्सियल अडिट र आर्थिक मूल्याङ्कन गर्नु ।
- सूचना प्रविधि उपयोगः MIS प्रणालीका माध्यमबाट डिजिटल अभिलेखिकरण, निगरानी र रिपोर्टिङ प्रणाली कार्यान्वयन गर्नु ।
- समन्वय, सहकार्य र समझदारी : कानुनद्वारा स्थापित आवश्यक पर्ने निकाय, संघ संस्थासँग समन्वय, सहकार्य र समझदारी गर्नु ।
- अन्य नियामक कार्यहरूः आवश्यक कानुनी, प्रशासनिक र नीतिगत सुधारका उपायहरू विकास र कार्यान्वयन गर्नु ।

**७. भरोसायोग्य र सक्षम नियामकः**

प्राधिकरण स्थापनाको उद्देश्य, जनअपेक्षा र सहकारी क्षेत्रको शुद्धिकरणका लागि गर्नैपर्ने वर्तमानको आवश्यकतालाई दृष्टिगत गर्दा सक्षम र भरोसायोग्य नियमनकारी निकायका रूपमा प्राधिकरणलाइ स्थापित गर्न यसले प्राप्त गर्ने कानुनी अधिकार, कार्यक्षेत्र, संरचना तथा जनशक्ति व्यवस्थापनका सम्बन्धमा केही चर्चा गर्नु आवश्यक देखिन्छ। बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूको नियमन गर्ने अधिकार संविधान बमोजिम संघीय सरकारको क्षेत्राधिकार भित्रनै रहेको हुँदा संविधानको अनुसूची-५ बमोजिम नै कानुनी रुपमा स्पष्ट मार्गदर्शन सहित अधिकार सम्पन्न स्वायत्त निकायका रुपमा प्राधिकरण रहनु आवश्यक देखिन्छ।

वित्तीय कारोबारमा प्रभावकारी नियमन र निगरानी हुन नसक्दा नै अर्थतन्त्रका विभिन्न क्षेत्रहरूमा नकारात्मकता बढेर जान्छ। जसले सम्पत्ति शुद्धिकरणदेखि राजस्व संकलन, आयको न्यायोचित वितरण, तरलता व्यवस्थापन, बचत, लगानी आदि विभिन्न क्षेत्रमा कुनै न कुनै रुपमा नकारात्मकता सिर्जना गर्दछ । सहकारी क्षेत्रको नियमन तथा निरिक्षणमा नेपाल राष्ट्र बैंक प्रत्यक्ष संलग्न हुन नसकेको अवस्थामा राष्ट्र बैंककै मोडेलमा बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको नियमन तथा सुपरिवेक्षण गर्ने गरी प्राधिकरणको स्थापना हुनु निकै महत्वपूर्ण कार्य हो।

तर न्यून कानुनी अधिकार, अपर्याप्त जनशक्तिसहित, न्यून साधन स्रोतका कारण यसले अपेक्षित उद्देश्य पूरा गर्न सक्दैन् । त्यसैले राष्ट्रिय सहकारी नियमन प्राधिकरण ऐनका रूपमा छुट्टै ऐन मार्फत प्राधिकरणलाई सञ्चालन गर्नु उपयुक्त हुन्छ। केन्द्रदेखि सातवटै प्रदेशसम्म यसको संरचना विस्तार र जनशक्ति व्यवस्थापन आवश्यक हुन्छ। कानुन सम्मत रूपबाट प्राधिकरण मार्फत नियमन गर्ने, सुपरिवेक्षण गर्ने, प्रवर्द्धन गर्ने, समस्याग्रस्त सहकारी संस्थाहरूको व्यवस्थापन गर्ने, समस्या उन्मुखलाई कारबाही गर्ने र आवश्यक पर्दा अन्य निकायलाई अनुसन्धानको जिम्मा लगाउन सक्ने, सम्पत्ति तथा जायजेथा रोक्का गर्ने, व्यवस्थापनको जिम्मा लिई सुधारका कार्य अगाडि बढाउने, वित्तीय स्रोत र सक्षमता विकास गरी वित्तीय उद्धार गर्नसक्ने आदि जस्ता कार्यहरू प्राधिकरण मार्फत गर्न सक्नुपर्ने हुन्छ।

चालु अवस्थामा रहेका केन्द्रीय संरचना वा निकायहरूको अधिकार, जिम्मेवारी र संरचनागत अवस्थालाई पुनर्परिभाषित गरी प्राधिकरण मार्फत नै सम्पन्न गर्न सकिने कार्य र जिम्मेवारीहरू प्राधिकरणमा हस्तान्तरण गरी बहुसंरचना र बहुजिम्मेवारीलाई व्यवस्थित गर्नु पर्ने देखिन्छ । यस किसिमबाट प्राधिकरणलाई अगाडि बढाउन सक्दा नै वर्तमानको आवश्यकता र जन अपेक्षा सहित देखिएका समस्या समाधान हुन सक्दछन् भने प्राधिकरण पनि सक्षम, व्यवस्थित र भरोसायोग्य नियमनकारी निकायका रूपमा स्थापित भएर जान्छ।

**८. निष्कर्षः**

नेपालको सहकारी क्षेत्र दशकौं देखि ग्रामीण आर्थिक रूपान्तरण, वित्तीय पहुँच र सामाजिक समावेशीकरणको मुख्य आधारका रुपमा रहँदै आएको छ। तर पछिल्ला वर्षहरूमा नियमनमा देखिएको कमजोरी, अपारदर्शिता, वित्तीय अपचलन

र सुशासनको अभावले सहकारी प्रणालीप्रति जनआस्था खस्कँदो क्रममा रहन गयो। विभिन्न अध्ययन प्रतिवेदन सहित पछिल्लो संसदिय छानविन विशेष समितिको प्रतिवेदनबाट प्राप्त राय समेतलाइ आधार लिइ वर्तमानमा देखिएको गम्भीर संकटपूर्ण अवस्थाको पृष्ठभूमिमा सरकारद्वारा गठित राष्ट्रिय सहकारी नियमन प्राधिकरण (NCRA) नेपालमा सहकारी नियमनका लागि संरचनागत परिवर्तनको एक महत्वपूर्ण हिस्सा मान्न सकिन्छ।

प्राधिकरणले वर्तमानमा अनुभुति गरिरहेका न्यून कानुनी अधिकार, अधिकारमा दोहोरोपन, न्यून जनशक्ति व्यवस्थापन जस्ता, चुनौतीका बाबजुद, यसले सहकारीहरूको पारदर्शिता, जवाफदेहिता र वित्तीय अनुशासनमा शुद्धीकरण ल्याउने कार्यलाइ प्राथमिकतामा राखेर नै कार्य प्रारम्भ गरिरहेको छ।

दिगो सुधारका लागि कानुनी स्पष्टता, स्रोत-साधनमा सुदृढीकरण, प्रविधिमा लगानी, समन्वययुक्त संरचना र हस्तक्षेपविहीन कार्यसम्पादन अपरिहार्य छन्। यदि एकीकृत सूचना प्रणाली, मापनयोग्य नियमन सूचक र चरणबद्ध अनुगमन प्रक्रिया मजबुत बनाइयो भने, प्राधिकरणले नेपालमा सहकारी क्षेत्रको दिशा र गतिको पुनः परिभाषा गर्न सक्षम हुनेछ। राष्ट्रिय सहकारी नियमन प्राधिकरण, केवल नियामक संस्था मात्र नभई सहकारी क्षेत्रमा सुशासन, वित्तीय अनुशासन र जनविश्वास पुनःस्थापना गर्ने संयन्त्र पनि हो। यसको सफल कार्यान्वयनले सहकारी आन्दोलनको प्रतिष्ठा पुनः प्राप्त गराउनुका साथै नेपालको ग्रामीण अर्थतन्त्रलाई सुरक्षित, मर्यादित र समावेशी बनाउने दिशामा रणनीतिक आधार प्रदान गर्नेछ।

सहकारीको दीगो विकास, पारदर्शी नियमन र नागरिक विश्वास निर्माणका लागि राष्ट्रिय सहकारी नियमन प्राधिकरणले आफ्नो रणनीति स्पष्ट पार्दै स्रोत परिचालन, प्रविधि प्रयोग र अन्तरसंस्थागत समन्वयलाई प्राथमिकता दिँदै जानेछ। यही माध्यमबाट सहकारी क्षेत्रलाई नेपालको आर्थिक र सामाजिक विकासको मेरुदण्डका रूपमा विकास गरी अर्थतन्त्रको सवल  आधार स्तम्भ बनाउने सम्भावना साकार हुन सक्छ।

*"उद्यमशिलता र पारदर्शिताः सहकारीको प्राथमिकता"*

६९ औं राष्ट्रिय सहकारी दिवस २०८२ को उपलक्ष्यमा सहकारीका शेयर सदस्य, सहकारी संस्था तथा सहकारीकर्मीहरुमा **हार्दिक शुभकामना** व्यक्त गर्दछौं।

**यमलाल खरेल**
व्यवस्थापक

**कुलदिप आचार्य**
अध्यक्ष

**जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि.**
बर्दघाट-९, भानुनगर, नवलपरासी

६९ औं राष्ट्रिय सहकारी दिवस २०८२ को उपलक्ष्यमा सहकारीका शेयर सदस्य, सहकारी संस्था तथा सहकारीकर्मीहरुमा **हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।

**हामी प्रतिबद्ध छौं...**

इमान्दारिता = छलकपट नगरि संस्था संचालन गर्ने ।
पारदर्शिता = संस्था भित्र जे छ बाहिर पनि उस्तै देखाउने
समानता = समान व्यवहार/सदस्यहरु प्रति गर्ने समान व्यवहार र दिने अधिकार बराबर हुने ।
गोपनियता = सदस्यहरुको आर्थिक कारोबारको गोपनियता
जवाफदेहिता = राम्रो अथवा नराम्रो कामको जिम्मेवारी लिने ।
ऐक्यबद्धता = एकजुट भई विना विवाद संस्था संचालन गर्ने ।
उत्तरदायित्व = निष्ठा पूर्वक जिम्मेवारी वहन गर्ने/पूरा गर्ने ।
सामुहिक कार्य = सदस्य ,व्यवस्थापन, संचालक मिलेर गरिने काम ।
सम्मानको संस्कृति = सदस्यहरु प्रति आदरभाव गर्ने, असल कार्य गर्नेलाई पुरस्कार दिने ।

GBSCCL
ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि.
Gramin Balmiki Savings & Credit Cooperative Limited

व्यवस्थापक अनन्त पाण्डेय एवं अध्यक्ष रविन्द्र विक्रम हमाल

बर्दघाट-७, जिमिरेभार, नवलपरासी

६९ औं राष्ट्रिय सहकारी दिवस २०८२ को उपलक्ष्यमा सहकारीका शेयर सदस्य, सहकारी संस्था तथा सहकारीकर्मीहरुमा **हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।

**दिनानाथ तिवारी** अध्यक्ष एवं **रामप्रसाद भुषाल** व्यवस्थापक

**हरपुर आय आर्जन बचत तथा ऋण सहकारी संस्था लि.**
पाल्हीनन्दन-२, हरपुर, नवलपरासी

संयुक्त व्यवसाय वा कारोवारद्वारा पारस्परिक लाभ र उपलब्धि हासिल गर्नको लागि व्यक्तिहरुले स्वेच्छिकरुपमा दिने सहयोग नै सहकारिता हो । **– डा. ई. एम. हाफ**

# नेपालमा साकोस अभियानः अबको बाटो



**टिकाराम तिमिल्सीना**
व्यवस्थापक, सयपत्री साकोस

**भूमिकाः**

नेपालको सामाजिक-आर्थिक जीवनमा सहकारी आन्दोलन एक ऐतिहासिक अभियानको रूपमा स्थापित छ। “आफ्नै श्रम, सीप र बचतको बलमा आत्मनिर्भर बन्न सकिन्छ” भन्ने विचारलाई व्यवहारमा उतार्न सहकारीले निर्णायक योगदान पुऱ्याएको छ। सहकारी आन्दोलनकै एउटा बलियो खम्बा हो- बचत तथा ऋण सहकारी संस्था, जसलाई छोटकरीमा साकोस भनिन्छ।

साकोसलाई साधारण भाषामा भन्नुपर्दा, यो त्यस्तो वित्तीय संस्था हो जसले सदस्यहरूबाट सानो-सानो बचत संकलन गर्छ र आवश्यक परेका सदस्यलाई ऋण उपलब्ध गराउँछ। ग्रामीण क्षेत्रमा जहाँ बैंकिङ सुविधा पुग्न सकेको छैन, त्यहाँ साकोस “सामुदायिक बैंक” को रूपमा परिचित छ। यसरी साकोस अभियानले वित्तीय समावेशीकरण, उत्पादनमुखी लगानी, आपसी सहयोग र सामुदायिक सशक्तिकरणमा उल्लेखनीय योगदान पुऱ्याएको छ।

**साकोस अभियानको ऐतिहासिक यात्राः**

नेपालमा सहकारी अभियानको औपचारिक सुरुवात २०१० सालमा  भएको मानिन्छ। बि.स.२०१० सालमा योजना विकास तथा कृषि मन्त्रालयको मातहतमा सहकारी विभागको स्थापना पछि ग्रामीण समुदायलाई आपसी सहयोग र साझा बचत-ऋण व्यवस्थापनतर्फ आकर्षित गर्ने आधार तयार गऱ्यो।

२०१३ सालमा तत्कालिन श्री ५ को सरकारद्वारा कार्यकारिणी आदेश जारी गरि सहकारी संस्था गठन गर्ने कानूनी मान्यता प्राप्त भएको थियो भने सर्वप्रथम देशभरिमै पहिलो सहकारी संस्थाको रुपमा चितवन जिल्लामा २०१३ चैत्र २०गते बखत बहादुर गुरुङको अध्यक्षतामा बखान ऋण सहकारी संस्थाको गठन भएको थियो।

**२०३० को दशक : बचत तथा ऋण सहकारीको उदयः**

सुरुवाती सहकारीहरू प्रायः कृषिमा केन्द्रित भए पनि २०३० को दशकबाट बचत तथा ऋण सहकारी संस्था (SACOS) हरू क्रमशः विस्तार हुन थाले। यो अवधिमा स्थानीय समुदायले सानो-सानो बचतलाई संकलन गरेर सदस्यलाई ऋण उपलब्ध गराउने अभ्यास सुरु गऱ्यो। यसले ग्रामीण जनतालाई साहु-महाजनको उच्च ब्याजदरबाट मुक्ति दिलाउने र आफ्नै पूँजीमा आधारित वित्तीय प्रणालीको अनुभव दिने कार्य गऱ्यो।

**२०४८ को प्रजातान्त्रिक परिवर्तनपछि : तीव्र विस्तार**

२०४८ सालको प्रजातान्त्रिक परिवर्तनले सहकारी आन्दोलनलाई नयाँ ऊर्जा दियो। बहुदलीय प्रजातन्त्र स्थापनापछि सहकारीलाई आर्थिक समृद्धिको आधारका रूपमा नीति-निर्देशन भयो। “सहयोग नै समृद्धि” भन्ने मूल मन्त्रसहित गाउँ-गाउँमा बचत संकलन र ऋण प्रवाह गर्ने साकोसको अभियान तीव्र गतिमा फैलियो। यस अवधिमा साकोस केवल वित्तीय संस्था मात्र नभई सामुदायिक ऐक्यबद्धता र सामाजिक जागरणको केन्द्रका रूपमा स्थापित भयो।

**२०६३ पछि संस्थागत विकासः**

२०६३ सालको राजनीतिक परिवर्तनपछि साकोसको सञ्जाल अझ विस्तारित भयो। सहकारी विभाग, सहकारी

मन्त्रालय तथा नेपाल राष्ट्र बैंकसँगको सहकार्यमा नियमन र मार्गदर्शन प्रणाली विकसित हुँदै गयो । यसले साकोसलाई बढी व्यवस्थित र उत्तरदायी बनाउन सहयोग पुऱ्यायो ।

यसैबीच अन्तर्राष्ट्रिय सहकारी संघ (ICA) तथा एशियाली सहकारी लिग (ACCU) सँगको सम्बन्धले नेपालका सहकारीलाई विश्वव्यापी Credit Union Movement सँग जोड्यो । यसले साकोसलाई अन्तर्राष्ट्रिय स्तरमा पनि अध्ययन र अनुकरणको विषय बनायो ।

**साकोसको वर्तमान अवस्थाः**

आजको मितिमा नेपालमा दर्ता भएका सहकारीहरूको संख्या ३४ हजारभन्दा बढी छ, जसमा उल्लेख्य अंश बचत तथा ऋण सहकारीले ओगटेका छन् । यिनले लाखौँ नेपालीलाई बैंकिङ पहुँचमा ल्याएका छन्, आर्थिक समावेशीकरणमा टेवा पुऱ्याएका छन् र महिला, विपन्न तथा सीमान्तकृत समुदायलाई आत्मनिर्भर बनाउन महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

नेपालमा साकोस अभियान आज ग्रामीण-शहरी दुवै क्षेत्रमा समानान्तर रूपमा सक्रिय छ। ग्रामीण भेगमा किसान, मजदुर, महिला तथा सीपमूलक पेशामा संलग्न समुदायलाई सस्तो ब्याजदरमा ऋण उपलब्ध गराउँदै आय-आर्जनका गतिविधि विस्तार गर्न साकोसले ठूलो योगदान पुऱ्याइरहेको छ । यसले कृषि उत्पादन बढाउने, साना उद्यम सञ्चालन गर्ने र महिलालाई आत्मनिर्भर बनाउन सहज वातावरण बनाइदिएको छ ।

शहरी क्षेत्रमा भने साकोसले व्यापार, व्यवसाय र तलब-पेसा गर्ने वर्गलाई बचत गर्ने र आवश्यकता अनुसार सजिलै ऋण प्राप्त गर्ने सुविधा दिएको छ । यसले व्यापारीहरूलाई पूँजी परिचालन गर्न सहयोग पुऱ्याएको छ भने तलब-पेसा गर्ने वर्गलाई आकस्मिक खर्च, आवास निर्माण वा शिक्षाजस्ता आवश्यकता पुरा गर्न सस्तो वित्तीय स्रोतको विकल्प प्रदान गरेको छ।

**सदस्यता र पहुँचः**

आज नेपालभरका साकोसहरूमा सदस्य संख्या लाखौँमा पुगेको छ । यसले बैंकिङ पहुँच बाहिर रहेका नेपालीलाई औपचारिक वित्तीय प्रणालीमा जोडेको छ । ग्रामीण क्षेत्रमा वित्तीय समावेशीकरण बढाउनु साकोसको प्रमुख उपलब्धि हो भने शहरी क्षेत्रमा यसले वैकल्पिक वित्तीय संरचनाको रूपमा विश्वास कमाइरहेको छ।

**सकारात्मक पक्षः**

कतिपय साकोसहरूले सुशासन, पारदर्शिता, प्रविधि-मैत्रीकरण र सदस्य-हितकेन्द्रित सेवाहरू अपनाएर आदर्श उदाहरण प्रस्तुत गरेका छन् । अनलाइन लेखापरीक्षण, मोबाइल बैंकिङ, डिजिटल अभिलेख प्रणाली जस्ता आधुनिक प्रविधिको प्रयोग गर्दै सदस्यलाई छिटो, भरपर्दो र सुरक्षित सेवा दिइरहेका छन् । यस्ता साकोसले आर्थिक मात्र नभई सामाजिक क्षेत्रमा पनि योगदान पुऱ्याइरहेका छन् । (जस्तै शिक्षा, स्वास्थ्य, विपद् व्यवस्थापन र सामुदायिक विकास ।)

**चुनौती र समस्याः**

तर सबै साकोस समान स्तरमा सक्षम छैनन् । केही सहकारीहरूमा पारदर्शिताको कमी, अव्यवस्थित व्यवस्थापन, राजनीतिक प्रभाव र आन्तरिक विवादले सदस्यको विश्वास गुमाउने अवस्था सिर्जना भएको छ । कतिपय साकोसहरूमा ऋण असुलीमा कठिनाइ, लेखापरीक्षणमा अनियमितता र प्रविधि अपनाउने ढिलाइ देखिन्छ । यसले केवल संस्थागत जोखिम मात्र होइन, सदस्यको पूँजी पनि संकटमा पार्ने सम्भावना बढाउँछ।

**समग्र मूल्याङ्कनः**

यसरी हेर्दा, साकोस आज नेपालमा वित्तीय समावेशीकरणको मुख्य माध्यम, सामाजिक एकताको आधार र वैकल्पिक वित्तीय संरचनाको रूपमा स्थापित भइसकेको छ। तर यसको दिगोपनाका लागि सुशासन, प्रविधि-मैत्रीकरण, सदस्य-केन्द्रित सेवा र राजनीतिक मुक्तिकरण अपरिहार्य देखिन्छ।

**समस्या र चुनौतीहरूः**

साकोस अभियानले यतिबेला केही ठूला चुनौतीहरू सामना गरिरहेको छः

**१. सुशासनको कमीः**

कुनै पनि सहकारी संस्था सदस्यकै लगानी र विश्वासमा टिकेको हुन्छ। तर कतिपय साकोसमा पारदर्शिता र जवाफदेहीताको कमी स्पष्ट देखिन्छ । सदस्यले बुझ्ने गरी विवरण सार्वजनिक नगर्ने, लेखापरीक्षण ढिलाइ गर्ने वा संस्थागत निर्णय बन्द कोठामा लिने प्रवृत्तिले सदस्यको विश्वास गुमाउन सक्छ। यस्तो अवस्थामा सदस्यहरू सक्रिय सहभागिताबाट टाढा हुन्छन्, जसले सहकारीलाई कमजोर बनाउँछ।

**२. दक्ष जनशक्तिको अभावः**

साकोसमा प्राविधिक दक्षता अत्यावश्यक हुन्छ । तर लेखापाल, प्रबन्धक, सूचना प्रविधि कर्मचारी जस्ता पदमा योग्य र तालिमप्राप्त जनशक्ति अभाव छ । नतिजा स्वरूप आर्थिक व्यवस्थापनमा त्रुटि, लेखा-परीक्षणमा कमजोरी र नीतिगत निर्णयमा कमजोरी देखा पर्छ। दक्ष जनशक्ति नहुँदा संस्थाको पूँजी मात्र होइन, सम्पूर्ण भविष्य पनि जोखिममा पर्न सक्छ।

**३ . राजनीतिक प्रभावः**

नेपालका धेरै सहकारी संस्था राजनीतिक प्रभावमा परेको देखिन्छ । नेताहरू वा दल-सम्बद्ध समूहहरूले साकोसलाई आफ्नो शक्ति बढाउने साधन बनाउँदा सहकारीको वास्तविक उद्देश्य हराउने खतरा हुन्छ। राजनीतिकरणको कारण सदस्य-हितभन्दा व्यक्तिगत वा समूहगत लाभलाई प्राथमिकता दिने प्रवृत्ति बढ्छ, जसले संस्थाको विश्वासनीयता नष्ट गर्छ।

**४. ऋण असुलीमा समस्याः**

साकोसको प्रमुख कार्य भनेकै बचत संकलन र ऋण वितरण हो । तर सदस्यहरूले समयमा ऋण फिर्ता नगर्दा संस्थाको पूँजी संकटमा पर्छ। ऋण असुलीमा ढिलाइ हुँदा नयाँ ऋण दिन समस्या हुन्छ, ब्याज तिर्ने क्षमता घट्छ र पूँजीगत असुरक्षा बढ्छ। कतिपय अवस्थामा राजनीतिक दबाब वा सामाजिक सम्बन्धकै कारण ऋण असुली गर्न नसक्ने अवस्था आउँछ।

**५. प्रविधि प्रयोगमा ढिलाइः**

विश्व वित्तीय क्षेत्र डिजिटल प्रणालीमा रूपान्तरण भइसकेको छ । तर नेपालका धेरै साकोस अझै कागजी प्रणालीमै अडिएका छन्। डिजिटल लेखापरीक्षण, अनलाइन कारोबार, मोबाइल एप वा सदस्य पोर्टल नहुँदा पारदर्शिता घट्छ, धोखाधडी बढ्ने सम्भावना रहन्छ र सेवा-स्तर पनि प्रतिस्पर्धी रहँदैन । प्रविधि अपनाउन ढिलाइ गर्दा सहकारी संस्थाहरू आधुनिक वित्तीय बजारसँग मेल खान सक्दैनन्।

**६. नियामक कमजोरीः**

साकोसलाई नियमन गर्ने निकाय (जस्तै सहकारी विभाग वा सहकारी विकास बोर्ड)सँग साकोसहरूको तालमेल सुदृढ छैन् । अनुगमनमा कमजोरी, लेखापरीक्षणमा ढिलाइ, र ऐन-नियमको प्रभावकारी कार्यान्वयन नहुँदा अनियमितता बढ्दै गएको छ। नियामक निकायको कमजोरीले गर्दा गलत सञ्चालन गर्ने सहकारीहरू पनि सजिलै टिकी रहन्छन्, जसले सम्पूर्ण सहकारी अभियानलाई नै बदनाम बनाउने खतरा छ।

**सम्भावना र अवसरः**

यी चुनौतीका बाबजुद पनि साकोस अभियानसँग विशाल सम्भावना छन्।

**१. बैंकिङ पहुँच बाहिरको जनसंख्यालाई सेवाः**

नेपालमा अझै पनि ठूलो संख्यामा जनता औपचारिक बैंकिङ प्रणालीको पहुँचमा आएका छैनन् । ग्रामीण भेग, दुर्गम गाउँ तथा श्रम-आधारित वर्गले परम्परागत रूपमा साहु-महाजन वा अनौपचारिक ऋणदातामार्फत मात्रै ऋण लिन सक्ने अवस्था छ। साकोसले यस्ता जनतालाई संस्थागत वित्तीय सेवा उपलब्ध गराएर बैंकिङ खाडल भर्न सक्छ। यसरी साकोस ग्रामीण वित्तीय समावेशीकरणको मुख्य ढोका बन्न सक्छ।

**२. सीमान्तकृत वर्गको आर्थिक सशक्तीकरणः**

महिला, दलित, विपन्न तथा सीमान्तकृत वर्ग अझै पनि आर्थिक अवसरबाट वञ्चित छन्। उनीहरूको उत्पादन र श्रम अक्सर अवमूल्यन हुन्छ। साकोसमा सदस्यता लिँदा उनीहरूले

सानो-सानो बचतलाई पूँजीमा परिणत गर्न सक्छन्, सस्तो ब्याजमा ऋण पाउन सक्छन् र आत्मनिर्भर हुन सक्छन्। यसरी साकोसले आर्थिक मात्र होइन, सामाजिक सशक्तीकरणमा पनि योगदान पुऱ्याउँछ।

**३. स्थानीय स्रोत-साधन, श्रम र सीपको परिचालनः**

नेपालका गाउँ-समुदायमा पर्याप्त प्राकृतिक स्रोत, श्रमशक्ति र सीप हुन्छन्, तर पूँजी अभावले ती उत्पादनमुखी क्षेत्रमा प्रयोग हुँदैनन्। साकोसले सदस्यको बचत संकलन गरेर कृषि, पशुपालन, साना उद्योग र सीपमूलक उद्यममा लगानी गर्न सक्छ। यसले रोजगारी सिर्जना गर्ने मात्र होइन, स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउने अवसर पनि सिर्जना गर्छ।

**४. प्रविधि प्रयोगमार्फत प्रतिस्पर्धात्मक सेवाः**

विश्व वित्तीय बजार डिजिटल भइसकेको छ। मोबाइल बैंकिङ, अनलाइन कारोबार, डिजिटल लेखापरीक्षण, सदस्य पोर्टलजस्ता सुविधा ल्याएर साकोसले पनि आफ्नो सेवा स्तरलाई आधुनिक बनाउन सक्छ। यसले पारदर्शिता, गति र सुविधा बढाउँछ, जसले सदस्यलाई बैंक बराबर वा त्यसभन्दा अझ सहज सेवा लिन सक्ने बनाउँछ। प्रविधि प्रयोगले युवा पुस्तालाई आकर्षित गर्ने सम्भावना पनि हुन्छ।

**५. सामुदायिक विकास र सामाजिक उत्तरदायित्वः**

साकोसको लक्ष्य केवल ऋण-बचतमै सीमित छैन। यसले सदस्य मात्र होइन, सम्पूर्ण समुदायलाई समेट्ने सामाजिक उत्तरदायित्व पनि बोकेको हुन्छ। शिक्षा, स्वास्थ्य, विपद् व्यवस्थापन, वातावरण संरक्षण, सीप-विकास कार्यक्रम जस्ता क्षेत्रमा सहकारीले योगदान दिन सक्छ। यसरी साकोसले समाजलाई दिगो विकासतर्फ अग्रसर गराउन महत्त्वपूर्ण भूमिका खेल्न सक्छ।

**साकोस अभियान अबको बाटोः**

साकोस अभियानलाई अझ सुदृढ बनाउनका लागि निम्न उपायहरू महत्त्वपूर्ण देखिन्छन् :

**१. सुशासन र पारदर्शिताः**

सहकारी संस्थाको मूल आत्मा नै पारदर्शिता हो। सदस्यहरूको साझा पूँजी प्रयोग हुने भएकाले प्रत्येक कारोबार सदस्यले बुझ्ने गरी स्पष्ट गर्नुपर्छ। वार्षिक आमसभामा सम्पूर्ण वित्तीय विवरण प्रस्तुत गर्ने, नियमित लेखापरीक्षण गर्ने, महत्त्वपूर्ण निर्णय सदस्यको प्रत्यक्ष सहभागिताबाट मात्र गर्ने संस्कार बसाल्न सके सुशासन स्थापित हुन्छ। पारदर्शिता अभावमा मात्र होइन, शंका उत्पन्न भए मात्र पनि सदस्यको विश्वास कमजोर हुन्छ, जसले साकोसको अस्तित्वमै प्रश्न उठाउँछ।

**२. प्रशिक्षण र दक्षताः**

साकोसलाई सक्षम बनाउन दक्ष मानव संसाधन अपरिहार्य हुन्छ। प्रबन्धक, लेखापाल वा दैनिक प्रशासनिक काम गर्ने कर्मचारीलाई वित्तीय व्यवस्थापन, जोखिम मूल्याङ्कन, सूचना प्रविधि प्रयोग जस्ता विषयमा नियमित तालिम दिनुपर्छ। कर्मचारी मात्र नभई व्यवस्थापक समिति र साधारण सदस्यलाई समेत सहकारीको सिद्धान्त र जिम्मेवारीबारे सचेत बनाउन सकिएमा संस्थागत क्षमता बढ्छ। दक्षता वृद्धि नै दिगोपनाको आधार हो।

**३. प्रविधि–मैत्रीकरणः**

आजको वित्तीय क्षेत्रमा प्रविधि अनिवार्य बनेको छ। अनलाइन कारोबार, मोबाइल बैंकिङ, डिजिटल लेखापरीक्षण र सदस्य पोर्टलजस्ता सुविधा सञ्चालन गरेर साकोसले समय, श्रम र खर्च बचत गर्न सक्छ। यसले मात्र होइन, सदस्यलाई दुरदराजमा बसेर पनि सेवा लिने सहजता दिन्छ। डिजिटलाइजेशनले पारदर्शिता बढाउने, धोखाधडी नियन्त्रण गर्ने र प्रतिस्पर्धात्मक सेवा दिन सहयोग पुऱ्याउने भएकाले साकोसले यसतर्फ गम्भीर कदम चाल्न आवश्यक छ।

**४. राजनीतिक मुक्तिकरणः**

नेपालका धेरै सहकारी संस्था राजनीतिक प्रभावमा आइसकेका छन्। सहकारीलाई राजनीतिक लाभका लागि प्रयोग गर्ने प्रवृत्तिले सदस्यको हितभन्दा दल वा नेताको स्वार्थलाई प्राथमिकता दिने अवस्था आउँछ। यसले सहकारीको विश्वसनीयता नष्ट गर्छ। त्यसैले साकोसलाई

राजनीतिक प्रभावभन्दा बाहिर राख्नुपर्छ। यसको नेतृत्व, निर्णय र प्राथमिकतामा सदस्यकै सहभागिता रहनुपर्छ, राजनीति होइन।

**५. सदस्य-हित केन्द्रितताः**

साकोसको स्थापना नाफा कमाउनका लागि होइन, सदस्यको साझा हित र आवश्यकता पूरा गर्नका लागि हो। त्यसैले सदस्यलाई वित्तीय सुरक्षासहित सहज ऋण सुविधा, आपत्कालीन सहयोग, तालिम तथा सचेतना कार्यक्रम जस्ता सेवा प्राथमिकतामा राखिनुपर्छ। नाफा भए पनि त्यसलाई सदस्य-हितमै पुनःलगानी गर्नुपर्छ। सदस्यले साकोसलाई "आफ्नै घर" ठान्न सक्ने वातावरण बनाउन सकिएमा संस्थाको स्थायित्व स्वतः बढ्छ।

**६. नियामक संयन्त्रः**

साकोसहरूलाई व्यवस्थित बनाउन सहकारी ऐन, नियमावली र नियामक निकाय (जस्तै सहकारी विभाग, राष्ट्रिय सहकारी विकास बोर्ड) को निर्देशन प्रभावकारी ढङ्गले लागू हुनुपर्छ। लेखापरीक्षण, अनुगमन र मूल्याङ्कनलाई नियमित गर्नुपर्छ। नियामक संयन्त्र बलियो नहुँदा अनियमितता बढ्छ, जसले सहकारी अभियानमै बदनामी ल्याउँछ। त्यसैले नियामक निकाय सुदृढीकरण अत्यावश्यक छ।

**७. सामाजिक उत्तरदायित्वः**

साकोस केवल वित्तीय संस्था मात्र होइन, सामुदायिक उत्थानमा योगदान दिने सामाजिक संस्था पनि हो। सदस्यहरूको जीवनस्तर उकास्नुका साथै शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, विपद् व्यवस्थापन जस्ता क्षेत्रमा पनि सहकारीले अग्रणी भूमिका खेल्नुपर्छ। सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राख्दा सदस्य र समुदायबीचको सम्बन्ध अझ मजबुत हुन्छ। सहकारीलाई केवल पैसा कमाउने ठाउँ नभई समाजलाई उत्थान गर्ने संस्थाको रूपमा स्थापित गर्न सकिन्छ।

**निष्कर्ष**

नेपालमा साकोस अभियान केवल वित्तीय कारोबार गर्ने संस्था मात्र नभई सामाजिक रूपान्तरणको माध्यम बनेको छ। यसले गाउँगाउँमा लुकेर बसेको स्रोत, सीप र श्रमलाई परिचालन गर्ने संरचनाको रूपमा काम गरेको छ।

विगत तीन दशकमा सानो बचतलाई ठूलो पूँजीमा परिणत गर्ने अभ्यासमार्फत साकोसले लाखौँ नेपालीलाई आत्मनिर्भरताको बाटो देखाएको छ। "सदस्यकै श्रम, सदस्यकै बचत र सदस्यकै विकास" भन्ने सिद्धान्तलाई व्यवहारमा उतार्दै सहकारी अभियानले आर्थिक मात्र नभई सामाजिक र सांस्कृतिक चेतनामा समेत ठूलो प्रभाव पारेको छ।

तर आजको सन्दर्भमा साकोस अभियानलाई सुशासन, पारदर्शिता, दक्ष जनशक्ति र प्रविधि-मैत्रीकरणतर्फ उन्मुख गराउनैपर्छ। यदि राजनीतिक हस्तक्षेप, अव्यवस्थित व्यवस्थापन र पारदर्शिताको अभावजस्ता समस्या समाधान भएन भने यो अभियानले हासिल गरेको विश्वास संकटमा पर्न सक्छ। त्यसैले, सदस्य-केन्द्रित सेवा, समयमै ऋण असुली, प्रविधि प्रयोग, प्रभावकारी नियमन र सामाजिक उत्तरदायित्वलाई मजबुत बनाउन आवश्यक छ।

आगामी दिनमा साकोसले केवल बचत-ऋणको सीमित दायरामा मात्र होइन, रोजगारी सिर्जना, उत्पादनमुखी लगानी, शिक्षा, स्वास्थ्य, महिला सशक्तीकरण र सामुदायिक विकासजस्ता क्षेत्रमा पनि अग्रसर हुनुपर्ने आवश्यकता छ। यसरी साकोसलाई राष्ट्रिय आर्थिक रणनीतिसँग जोडेर अघि बढाउन सके, यो अभियान देशको आर्थिक आत्मनिर्भरता र समावेशी विकासको मुख्य आधार बन्न सक्छ।

यसै कारण, सहकारी अभियानलाई केवल वित्तीय संरचनाको रूपमा होइन, जनताको हातमा अर्थतन्त्रको नेतृत्व दिने सामाजिक आन्दोलनको रूपमा लिन जरुरी छ। यदि सहकारी सिद्धान्तअनुसार पारदर्शिता, सदस्य-सहभागिता र साझा हितलाई आत्मसात् गर्दै अघि बढ्न सकियो भने, साकोस अभियान नयाँ नेपाल निर्माणको उज्ज्वल आधार स्तम्भ बन्नेमा कुनै शंका छैन्।

# हामी सहकारी कर्मी



**यमकुमारी सुवेदी**
सहायक व्यवस्थापक
करेसाबारी कृषक बचत तथा ऋण सहकारी संस्था लि.

कविता

सहकारी शब्द उच्चारण गर्दा मात्र पनि
मनभित्र कतै एउटा उज्यालो ज्योती बल्छ जस्तो लाग्छ!
अन्धकारले भरिएको बाटोमा
अचानक धेरै हातहरूले
एकैपटक दियो बालिदिएको अनुभुति  हुन्छ।
यो केवल संस्था होइन,
यो त जीवन बाँच्ने शैली हो
जहाँ 'म' को सीमाना भत्किएर
'हामी' को विशाल आकाश फैलिन्छ।
जहाँ पसिनाको गन्धलाई अवमूल्यन गरिँदैन,
बरु त्यही पसिनाबाट समृद्धिको फूल फुलाइन्छ।
सहकारी भनेको
साना साना बचतहरूको महासागर हो
जहाँ थोपाथोपाले समुन्द्र बन्छ!
असीम सम्भावनाको लहर उठाउँछ।
कसैले आज जोगाएको सानो रकम
भोलि कसैको आँसु पुछ्ने साहारा बन्छ।
यो त्यस्तो ठाउँ हो जहाँ विश्वास नै पूँजी हो,
र इमान्दारिता नै सबभन्दा ठूलो लगानी।
कागजका अंकहरूभन्दा धेरै मूल्यवान
यहाँ मानवीय सम्बन्ध हुन्छन्
जसले कठिन समयहरूमा ढाल बनेर उभिन्छन्।
जब किसानको बाली सुक्छ,
सहकारी उसको आशा बन्छ;
जब व्यापारीको कारोबार थाक्छ,
सहकारी उसको पुनर्जन्म जस्तै बन्छ;
जब युवाको सपना अधुरो रहन्छ,
सहकारी उसको पखेटा बन्छ।
यो केवल ऋण दिने ठाउँ होइन,
यो त भरोसा दिने मन्दिर हो
जहाँ हरेक सदस्य आफ्नो कथा लिएर आउँछ र फर्किँदा
आत्मविश्वास बोकेर जान्छ।
सहकारीमा हार पनि सामूहिक हुन्छ,
र जित पनि साझा हुन्छ।
यहाँ कोही एक्लै सफल हुँदैन,
यहाँ सफलता पनि
सबैको नाममा लेखिन्छ।
यो संघर्षको यात्रामा
हात समाउँदै अघि बढ्ने प्रतिज्ञा हो,
जहाँ कसैको कमजोरीलाई
सबैले मिलेर शक्तिमा रूपान्तरण गर्छन्।
सहकारी भनेको समाजको मुटु हो
जहाँ हरेक धड्कन
समानताको गीत गाउँछ,
जहाँ हरेक सपना साझा आकाशमा उडान भर्छन!
जब समयले सोध्छ
"तिमी एक्लै के गर्न सक्छौ?"
सहकारीकर्मि गर्वले भन्छ
"हामी सँगै छौँ,
त्यसैले असम्भव पनि सम्भव छ।"
किनकि
सहकारीको सार यही हो
सहयोगमै शक्ति छ, साझेदारीमै समृद्धि छ,
र हामी भित्रै सबैको उज्यालो भविष्यको गन्तव्य छ!

# सरावल गाउँपालिकाको सहकारीहरुमा अनुरोध

- सहकारी ऐन, नियम र विनियम बमोजिम संस्था संचालन गर्ने ।
- सहकारीलाई प्रविधिमैत्री बनाउँदै सदस्यहरुको सेवालाई प्राथमिकता दिने ।
- सहकारीका मूल्य, मान्यता र सिद्धान्तलाई दैनिक व्यवहारमा लागू गर्ने ।
- नियमन निकायसंगको सम्बन्धलाई कायम राख्दै नियमित रिपोटिङ्ग गर्ने ।
- सदस्यहरुको सदस्य शिक्षा र सूचनाको ग्यारेन्टी गर्ने ।

६९ औं राष्ट्रिय सहकारी दिवस २०८२ को उपलक्ष्यमा सहकारीका शेयर सदस्य, सहकारी संस्था तथा सहकारीकर्मीहरुमा **हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।

## सरावल गाउँपालिकाको कार्यालय

सरावल, नवलपरासी (ब.सु.प.), लुम्बिनी प्रदेश

६९ औं राष्ट्रिय सहकारी दिवस २०८२ को उपलक्ष्यमा सहकारीका शेयर सदस्य, सहकारी संस्था तथा सहकारीकर्मीहरुमा **हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।

**रमासिंह थारू**
व्यवस्थापक

**प्रेम कुमारी थारू**
अध्यक्ष




## महिला जागरण बहुउद्देश्यीय सहकारी संस्था लि.

सरावल-२, अहिरौली, नवलपरासी


एउटा सहकारी समिति त्यस्तो उद्योग हो जो उपभोक्ताको सभाद्वारा निर्माण र निर्देशन गरिन्छ । जसले प्रजातन्त्रको नियम पालना गर्छ र जसको उद्देश्य आफ्ना सदस्य र सम्पूर्ण समाजको प्रत्यक्ष सेवा गर्नु हो । **-प्रो. पौल लेमवर्ट**

# सहकारी संस्थाहरूमा लेखा सुपरीवेक्षण समितिको भूमिका र महत्त्व



**विष्णु प्रसाद चापागाई**
रजि.लेखापरीक्षक 'ख'
वि.पि.चापागाई एसोसियट्स, सुनवल, नवलपरासी

सहकारी संस्था सदस्यद्वारा संचालित आर्थिक संस्था हो। जसको मुख्य उद्देश्य सदस्यको आर्थिक सामाजिक तथा सांस्कृतिक उन्नति गर्नु हो। यस्ता संस्थामा वित्तीय अनुशासन पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्न लेखा समितिको महत्त्वपूर्ण भूमिका रहन्छ । लेखा समिति सहकारीको आन्तरिक निगरानी गर्ने प्रमुख निकाय हो जस्ले संस्थाको आर्थिक गतिविधी सही ढंगले संचालन भैरहेको छ कि छैन भन्ने सुनिश्चित गर्छ।

नेपालमा विभिन्न प्रकारका सहकारी संस्थाहरु संचालनमा रहेको छन्।

१. बचत तथा ऋण सहकारी : सदस्यवाट बचत संकलन गरी ऋण प्रवाह गर्ने।
२. कृषि सहकारी : कृषि सम्बन्धी उत्पादन र सेवा उपलव्ध गराउने।
३. उपभोक्ता सहकारी : दैनिक उपभोग्य वस्तु शुलभ मुल्यमा उपलब्ध गराउने।
४. बहुउद्देश्यीय सहकारीः विभिन्न प्रकारका सेवा एकै संस्थाबाट प्रदान गर्ने।
५. उत्पादनमुलक सहकारी : उत्पादन तथा उद्योगसंग सम्बन्धित संस्था

बचत तथा ऋण सहकारी संस्थाले बचत तथा ऋणको मात्रै कारोवार गरेको हुन्छ बाँकी सहकारीले समेत बचत तथा ऋणको कारोबार गर्ने गरेको देखिन्छ जसले गर्दा सहकारी ऐनमा व्यवस्था गरे बाहेक मुख्य कारोवार नै बचत तथा ऋणको कारोवार गर्ने यी विभिन्न सहकारीहरुमा पर्याप्त अनुगमन र नियमनको अभावमा बचत कर्ताहरुको बचत रकम सुरक्षित हुन नसकी धेरै सहकारीहरुमा वित्तीय अनियमितता र ठगीका घटना देखिन थालेपछि सदस्यहरुको बचत सुरक्षित राख्न आवश्यक भयो । सहकारी संस्थाहरुको संख्या धेरै भएको अवस्थामा तिनको प्रभावकारी नियमन र अनुगमन गर्न र नियम उलंघन गर्ने सहकारीलाई नियन्त्रण गर्न राष्ट्रिय सहकारी प्राधिकरणको स्थापना गर्न आवश्यक ठानियो र कानुन बमोजिम राष्ट्रिय सहकारी प्राधिकरण गठन भै सवै सहकारी संस्थाहरु पुन प्राधिकरणमा दर्ता गर्न पर्ने व्यवस्था गरियो।

सहकारीमा वित्तीय जोखिम जहिले पनि आउन सक्ने हुँदा समाधानको लागि समिति चनाखो हुनुपर्दछ। आमरुपमा सहकारी संस्थाहरुमा लेखा सुपरीवेक्षण समिति विनियममा भएको व्यस्थालाई औपचारिकताको लागि मात्र गठन गरिएको र उनीहरुले आफ्नो भुमिका प्रभावकारी बनाउन विषयगत जानकारीका अभावले गर्दा सहकारीहरुमा आन्तरिक नियन्त्रण कमजोर जस्तो देखिदा आज सहकारीहरुमा समस्या देखा परेको जस्तो लाग्छ।

लेखा सुपरिक्षण समितिको भूमिका प्रभावकारी भएका संस्थाहरुको अवस्था सुदृढ रहेको देखिन्छ। नियमन निकायले सहकारीको संस्थाको अनुगमन गर्दा लेखा समितिले काम गरेको छ वा छैन,लेखा समितिले दिएको सुझावहरु

कार्यान्वयन गरेको छ छैन भन्ने जस्ता विषय समेत नहेर्दा संस्थाहरुमा समस्या हुन सक्छ। सञ्चालक समितिलाई सकृय बनाउन र उनिहरुले गरेका गतिविधिका विषयमा गम्भीर ढंगले अध्ययन गरी संस्थालाई सुव्वस्थित गराउनलाई समिति सकृय रुपमा लाग्न पर्ने हुन्छ। साथै, संचालक समिति तथा व्यवस्थापनलाई जवाफदेहि बनाउने काम लेखा समितिको हुने र लेखा समितिको पनि यस बारेमा जिम्मेवारी हुन्छ।

संचालक समितिका सदस्यहरुको आफ्नो पदिय भूमिकाको वारेमा स्वंयंलाई जानकारी नभएको र विनियमा भएको व्यवस्था अनुरुप कार्य संचालन नगर्ने र मनोमालिन्य तवरले कर्मचारीलाई दवावमा पारी जथाभावी ऋण लगानी गर्ने गरेवाट सहकारी संस्थामा लेखा समितिको भुमिका ओझेलमा परेको छ। सहकारी ऐन २०७४ र नियमावलीले समितिको भुमिकाको विषयमा प्रस्ट रुपमा उल्लेख गरेको छ। समितिले आफ्नो भुमिकालाई बुझेर काम गर्नपर्ने हुन्छ। संचालक समिति कृयाशिल रहने र आफ्नो पालामा भएका कारोबारबाट कसैले उन्मुक्ती पाउन्न भन्ने कुराको हेक्का राख्नु पर्ने हुन्छ।

संस्थाको सम्पत्तिको सुरक्षण र सम्बर्द्धन तथा सदस्यको बचतको सुंरक्षण भए नभएको वारेमा लेखा समिति चनाखो हुनु पर्ने साथै कसैको दवाव र प्रभावमा नपरी समितिले काम गर्नका लागि ऐनले व्यवस्था गरेको अधिकारलाई प्रयोग गर्न सक्ने क्षमताको अभिवृद्धि गर्न आवश्यक देखिन्छ। जसले गर्दा संस्थामा आर्थिक पारदर्शिता र वित्तीय सुशासन कायम गर्न सकिने हुन्छ तथापी सहकारीहरुमा अन्य विविध खाल्का कमजोरीहरु पनि रहेका छन मुख्यरुपमा योग्य र दक्ष कर्मचारीको अभावमा कार्य संचालन गर्दा कर्मचारीले आफ्नो जिम्मेवारी र भूमिका बुझ्नु नसक्नु हो। साथै संस्थाले श्रम ऐन, सामाजिक सुरक्षा कोष ऐन,र सम्पत्ति सुद्धीकरण ऐनको समेतको पर्याप्त पालना नगरेको पनि देखिन्छ।

सहकारीका सुशासनको लागि देहायको विषयहरुमा लेखा समितिले ध्यान दिनुपर्ने हुन्छ :

- सहकारी संस्थाको आय व्यय, सम्पत्ति तथा दायित्व सम्बन्धि विवरण स्पष्ट र सत्य हुनुपर्छ।
- प्रभावकारी आन्तरिक नियन्त्रण व्यवस्था लागु गरी त्रुटी तथा अनियमितता रोक्नुपर्छ।
- प्रचलित सहकारी ऐन, नियम तथा निर्देशिकाको पूर्ण पालना गर्नुपर्ने।
- सवै आर्थिक कारोवार समयमै अभिलेख राख्ने र अद्यावधिक गर्ने।
- सदस्यको बचत सुरक्षित राख्ने तथा ऋण प्रवाहमा उचित निती अपनाउने।
- नियमितरुपमा आन्तरिक तथा वाहय लेखापरीक्षण गराउने।
- निर्णय प्रकृया पारदर्शी र उत्तरदायी वनाउने।
- सदस्यहरुलाई संस्थाको गतिविधीमा सकृयरुपमा सहभागी गराउने।
- कुनैपनि किसिमको भ्रष्टाचार, दुरुपयोग तथा हिनामिना रोक्न विशेष ध्यान दिने।

संस्थाको लेखा सुपरीवेक्षण समितिले विनियममा भएको व्यवस्था अनुरुप आन्तरिक नियन्त्रण प्रणालीमा ध्यान दिने हो भने संस्थामा समस्या आउने संभावना कम रहन्छ तथापी नियामक निकाय पनि त्यतिकै जिम्मेवार रहने देखिन्छ।

सहकारी संस्थाहरुमा संचालक समितिले सदस्यहरुलाई धेरै लाभान्स दिई खुसी पार्न खोज्ने परिपाटी देखिएको छ सहकारी संस्थामा बचतकर्ता धेरै हुने र ऋण लिने सदस्य कम हुने भएकोले वैंकहरुले बजारको अवस्थालाई अध्ययन गरी व्याजदर घटाउदै आएकोमा सहकारी संस्थाहरुमा अझै पनि व्याजदर धेरै भएकोले ऋण लिने सदस्य कमी भएवाट हाल अधिकांश सहकारीहरुमा तरलता बढदै जानुले अव सहकारी संस्थाहरुले बचतमा व्याज दिन सक्ने क्षमता कमजोर देखिन सक्ने अवस्थाको सिर्जना हुने भएकोले संचालक समितिले विशेष ध्यान दिन पर्ने हुन्छ।

यो लेख समग्र सहकारी संस्थाहरुका सन्दर्भमा लेखिएको छ। धन्यवाद॥

# सहकारीमा सदस्यको व्यवसायिक संलग्नताः स्वैच्छिक कि अनिवार्य ?



नारायण बेल्वासे

सहकारी संस्था सामूहिक हितका लागि सदस्यहरूको स्वैच्छिक सहभागितामा आधारित सामाजिक व्यवसायिक संस्था हो। कुनै पनि सहकारीको दीगो विकास सदस्यहरूको सक्रिय सहभागितामा निर्भर रहेको हुन्छ।

यस लेखमा सहकारीमा सदस्यको व्यवसायिक संलग्नताको प्रकृति–स्वैच्छिक कि अनिवार्य–भन्ने विषयलाई सहकारी सिद्धान्त, अन्तर्राष्ट्रिय अभ्यास र नेपालको कानुनी तथा व्यवहारिक सन्दर्भमा विश्लेषण गर्ने प्रयास गरेको छ। अध्ययनले देखाउँछ कि सदस्यताको स्वैच्छिकता सहकारीको मूल सिद्धान्त भए तापनि, सहकारीको प्रकारअनुसार सदस्यको व्यवसायिक संलग्नता विभिन्न स्तरमा अनिवार्य आवश्यक हुन्छ।

विशेषतः उत्पादनमुखी सहकारीमा व्यवसायिक संलग्नता अनिवार्यजस्तै हुन्छ भने वित्तीय र उपभोक्ता सहकारीमा सहकारी संस्थाको सफलताको आधार आर्थिक सहभागिता प्रमुख बन्छ। यो लेखले निष्कर्षस्वरूप सहकारीको प्रकृतिअनुसार सदस्य संलग्नताको सन्तुलित मोडेल आवश्यक रहेको निष्कर्ष प्रस्तुत गर्दछ।

**१. प्रस्तावना**

सहकारी संस्था आधुनिक अर्थतन्त्रमा वैकल्पिक आर्थिक प्रणालीका रूपमा संसारभर स्थापित भएको छ। निजी क्षेत्रको नाफामुखी दृष्टिकोण र राज्यको नियन्त्रणमुखी दृष्टिकोणभन्दा फरक, सहकारीले सदस्यहरूको साझा आवश्यकता र हितलाई केन्द्रमा राखेर व्यवसाय सञ्चालन गर्दछ।

सहकारीको मूल दर्शन "सहभागिता" हो, जसले सदस्यहरूलाई केवल सेवाग्राही होइन, स्वामित्व र निर्णय प्रक्रियाको हिस्सेदार बनाउँछ। सहकारीको सफलताका लागि सदस्यहरूको सक्रिय सहभागिता अपरिहार्य हुन्छ। तर सदस्यताको प्रकृति र सदस्यको व्यवसायिक संलग्नताको स्तरबारे स्पष्ट अवधारणाको अभाव रहेको पाइन्छ। यही सन्दर्भमा सहकारीमा सदस्यको व्यवसायिक संलग्नता स्वैच्छिक कि अनिवार्य भन्ने प्रश्न उठ्नु स्वाभाविक हो।

**२. सैद्धान्तिक ढाँचा**

<u>२.१ सहकारीको अवधारणा</u>

अन्तर्राष्ट्रिय सहकारी महासंघ (क्ष्ऋब्) अनुसार सहकारी भनेको "साझा आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता तथा आकांक्षालाई संयुक्त रूपमा स्वामित्व र लोकतान्त्रिक रूपमा नियन्त्रण गरिएको उद्यममार्फत पूरा गर्ने स्वैच्छिक संगठन" हो।

यस परिभाषाले सहकारीका तीन प्रमुख आधार प्रस्तुत गर्दछ :

सदस्यता : स्वैच्छिक

नियन्त्रण : लोकतान्त्रिक

सहभागिता : आर्थिक

<u>२.२ सहकारीका सिद्धान्त र सदस्य सहभागिता</u>

ICA द्वारा स्थापित सात सिद्धान्तमध्ये दुई सिद्धान्त यस अध्ययनसँग प्रत्यक्ष सम्बन्धित छन्।

(क) स्वैच्छिक र खुला सदस्यता

यस सिद्धान्तअनुसार सहकारीमा सदस्यता स्वैच्छिक हुन्छ। कुनै पनि व्यक्ति सहकारीको उद्देश्यसँग साझा उद्देश्य वा साझा आवश्यकता मिलेमा सदस्य बन्न सक्छ।

(ख) सदस्यहरूको आर्थिक सहभागिता

यस सिद्धान्तअनुसार सदस्यहरूले पूँजीमा योगदान अनिवार्य हुन्छ । साथै सहकारीका सेवा वा व्यवसायमा संलग्नता हुनुपर्दछ र लाभ-हानिमा सबै सदस्य सहभागी हुन्छन्।

यसले स्पष्ट गर्छ कि सहकारीमा सदस्यता केवल औपचारिक हैसियत होइन, आर्थिक र व्यवसायिक सहभागिताको प्रक्रिया हो।

**३. सदस्यको व्यवसायिक संलग्नताको अवधारणा**

सदस्यको व्यवसायिक संलग्नता भन्नाले सहकारीको उद्देश्यसँग सम्बन्धित आर्थिक गतिविधिमा सदस्यको प्रत्यक्ष सहभागितालाई जनाउँछ। यसलाई तीन तहमा वर्गीकृत गर्न सकिन्छ :

क. प्रत्यक्ष उत्पादन सहभागिता (Producer Participation)
ख. सेवा उपयोग सहभागिता (User Participation)
ग. पूँजीगत सहभागिता (Capital Participation)

यी तीन तह सहकारीको प्रकारअनुसार फरक-फरक रूपमा लागू हुन्छन्।

**४. अन्तर्राष्ट्रिय अभ्यास**

४.१ उत्पादनमुखी सहकारी

क. भारतको अमूल सहकारी

अमूल सहकारी दुग्ध उत्पादक किसानहरूद्वारा स्थापित उत्पादन सहकारी हो। यहाँ सदस्य बन्न दुग्ध उत्पादन र सहकारीमार्फत दूध बिक्री-वितरण अनिवार्य सर्त हुन्छ। यसले उत्पादन सहकारीमा सदस्यताको आधार उत्पादनसँग प्रत्यक्ष सम्बन्ध रहेको देखाउँछ।

ख. जापानको कृषि सहकारी

जापानको कृषि सहकारी प्रणालीमा किसान मात्र सदस्य बन्न सक्छन्। उत्पादन, वित्तीय सेवा र बजार व्यवस्थापन सहकारीमार्फत सञ्चालन हुन्छ। यहाँ व्यवसायिक संलग्नता अनिवार्य प्रकृतिको हुन्छ। सदस्यले उत्पादन गरेको कृषि उपज अनिवार्य रूपमा सहकारीको संलग्नतामा मात्र बिक्री-वितरण गर्न पाउने व्यवस्था कानुनतः गरिएको छ।

ग. इजरायलको किबुज र मोशाद

इजरायलको किबुज प्रणाली सामूहिक उत्पादनमा आधारित छ, जहाँ सदस्यको उत्पादन सामूहिक स्वामित्वमा हुन्छ। मोशाद प्रणालीमा व्यक्तिगत उत्पादन भए पनि बजार व्यवस्थापन बिक्री-वितरण सहकारीमार्फत गर्नुपर्ने व्यवस्था गरिएको छ। यी मोडेलहरूले सदस्यको व्यवसायिक संलग्नता संस्थागत रूपमा अनिवार्य बनाएको देखाउँछन्।

४.२ उपभोक्ता सहकारी

रोचडेल सहकारी उपभोक्ता सहकारीको प्रारम्भिक उदाहरण हो। यहाँ सदस्यता स्वैच्छिक भए तापनि, सहकारीको सेवा उपयोग सदस्यको आर्थिक सहभागिताको मुख्य आधार थियो। वस्तु खरिद नगर्ने सदस्यको आर्थिक सहभागिता कमजोर हुने भएकाले व्यवहारिक रूपमा सेवा उपयोग आवश्यक थियो।

४.३ वित्तीय सहकारी

वित्तीय सहकारी (Credit Union, SACCOs) मा सदस्यको व्यवसायिक संलग्नता अनिवार्य हुँदैन। तर बचत, ऋण र अन्य वित्तीय सेवाको उपयोगमा सहभागिता आवश्यक प्रकृतिको हुन्छ। सेवा उपयोगमा सदस्यको सहभागिता रहेन भने यी संस्थाहरू दीर्घ रूपमा सञ्चालन र सफल हुन सक्दैनन्। वित्तीय सहकारीको अस्तित्व नै बचत र ऋण कारोबारमा आधारित हुन्छ।

**५. नेपालको सन्दर्भमा विश्लेषण**

नेपालमा सहकारीको विकास तीव्र रूपमा भएको छ। सहकारी संस्थाको संख्या वृद्धि भए तापनि सदस्यको सक्रिय सहभागिता कमजोर रहेको पाइन्छ। आधारभूत तहमा सही सहकारी शिक्षाको अभावमा यो प्रणालीको दुरुपयोग गर्ने प्रयास हालका समयमा बढ्दो रूपमा देखिएको छ।

५.१ कानुनी अवस्था

नेपालको सहकारी ऐन, २०७४ ले सदस्यताको आधार "सहकारीको उद्देश्यसँग सम्बन्धित व्यक्ति" भनेर परिभाषित गरेको छ । तर व्यवसायिक संलग्नताको स्पष्ट मापदण्ड निर्धारण गरिएको छैन ।

५.२ व्यवहारिक अवस्था

नेपालमा हाल सञ्चालनमा रहेका अधिकांश सहकारीहरूले वित्तीय प्रकृतिको कारोबार गरेका छन् । यहाँ सदस्यहरू प्रायः सहजै ऋण लिने वा बचतमा अधिक ब्याज पाउने उद्देश्यले सदस्य बनेको पाइन्छ । सहकारी सञ्चालनको मर्म र सोअनुसारको व्यवहार प्रयोगमा निकै कमजोर अवस्था रहेको छ । उत्पादनमुखी तथा उपभोक्ता सहकारी कमजोर अवस्थामा रहेका छन् ।

५.३ प्रमुख समस्या

निष्क्रिय सदस्यताको वृद्धि

- सहकारी र बैंक तथा वित्तीय संस्था बीचको सीमारेखा अस्पष्ट हुनु
- उत्पादन (किसान) र बजार (बिक्री-वितरण) बीच कमजोर सम्बन्ध
- बहुउद्देश्यीय सहकारी सञ्चालनबारे अस्पष्ट बुझाइ

**६. चर्चा**

सहकारीको मूल दर्शन स्वैच्छिक सहभागितामा आधारित भए तापनि, यसको सफलताका लागि सदस्यको सक्रिय सहभागिता अनिवार्य आवश्यक हुन्छ । यदि सदस्य केवल औपचारिक रूपमा मात्र सदस्य रहे भने सहकारीको अस्तित्व नै संकटमा पर्छ ।

यसैले सहकारीमा सदस्यताको दुई तह देखिन्छ :

कानुनी सदस्यता (Legal Membership)

कार्यात्मक सदस्यता (Functional Membership)

कार्यात्मक सदस्यता भनेको सदस्यको वास्तविक आर्थिक र व्यवसायिक सहभागिता हो ।

**७. निष्कर्ष**

यस अध्ययनले देखाउँछ कि सहकारीमा सदस्यको व्यवसायिक संलग्नता न त पूर्ण रूपमा स्वैच्छिक मात्र हुन्छ, न त सबै सहकारीमा अनिवार्य नै हुन्छ ।

सहकारीको प्रकृतिअनुसार :

- उत्पादन सहकारीमा व्यवसायिक (बिक्री) संलग्नता अनिवार्य हुन्छ ।
- उपभोक्ता सहकारीमा सेवा उपयोग व्यवहारिक रूपमा आवश्यक हुन्छ ।
- वित्तीय सहकारीमा संलग्नता स्वैच्छिक भए तापनि आर्थिक (बचत र ऋण) सहभागिता अनिवार्य प्रकृतिको हुन्छ ।

यसर्थ, सहकारीको दीगो विकासका लागि सदस्यताको स्वैच्छिकता र व्यवसायमा सहभागिताको अनिवार्यताबीच सन्तुलन आवश्यक छ ।

**८. सिफारिस**

नेपालको सहकारी प्रणालीलाई प्रभावकारी बनाउन निम्न उपायहरू आवश्यक छन् :

क. सहकारीका प्रकारअनुसार ऐन-कानुन निर्माण

ख. सक्रिय सदस्यताको अवधारणा विकास

ग. सहकारी ऐनमा सदस्य संलग्नताको स्पष्ट मापदण्ड निर्धारण

घ. उत्पादन र उपभोक्ता सहकारीको प्रवर्द्धनमा राज्यको स्पष्ट मापदण्डसहित लगानी

ङ. औपचारिक शिक्षा (माध्यमिक तह) मा सहकारी शिक्षाको अनिवार्य विस्तार

**९. उपसंहार**

सहकारी संस्था केवल आर्थिक कारोबार गर्ने संस्था मात्र होइन, सामाजिक आन्दोलन पनि हो । यसको सफलता सदस्यहरूको सक्रिय सहभागितामा निर्भर हुन्छ । संस्थामा आवद्धता सदस्यताको स्वैच्छिकता सहकारीको लोकतान्त्रिक आधार भए तापनि, व्यवसायमा सहभागिता बिना सहकारीको अस्तित्व सम्भव हुँदैन । यसैले सहकारीमा सदस्यको व्यवसायिक संलग्नता सहकारीको प्रकारअनुसार सन्तुलित रूपमा व्यवस्थापन गर्ने नीति आजको आवश्यकता भएको स्पष्ट हुन्छ ।

# सहकारी संस्थामा लेखा व्यवस्थापन गर्दा प्रयोग हुने हिसाब संकेत नम्बरहरू

**१. हिसाव नं.१० – शेयर पूँजी हिसाव**

**२. हिसाव नं.२० – कोष हिसाव**

(क) हिसाव नं.२०.१ - जगेडा कोष

(ख) हिसाव नं.२०.२ - अन्य कोष

(ग) हिसाव नं.२०.३ - ऋण सुरक्षण कोष

**३. हिसाव नं.३० – निक्षेप/डिपोजिट हिसाव**

(क) हिसाव नं.३०.१ - चल्ती खाता

(ख) हिसाव नं.३०.२ - बचत खाता (विभिन्न प्रयोग हुने)

(ग) हिसाव नं.३०.३ - धरौटी खाता

**४. हिसाव नं.४० – ऋण लिएको हिसाव**

**५. हिसाव नं.५० – अनुदान हिसाव (हाल प्रयोगमा नभएको)**

**६. हिसाव नं.६० – भुक्तानी दिनुपर्ने हिसाव**

(क) हिसाव नं.६०.१ - उधारो खरिद र भुक्तान

(ख) हिसाव नं.६०.२ - पेश्की प्राप्त र फछ्र्यौट हिसाव

(ग) हिसाव नं.६०.३ - कर्मचारी हितकोष

(घ) हिसाव नं.६०.४ - सप्लायर प्राप्त र फिर्ता

(ङ) हिसाव नं.६०.५ - अन्य भुक्तानी दिनुपर्ने रकम

**७. हिसाव नं.७० – तिर्नुपर्ने अन्य दायित्व हिसाव**

(क) हिसाव नं.७०.१ - तिर्नुपर्ने तलब भत्ता

(ख) हिसाव नं.७०.२ - तिर्नुपर्ने घर/गोदाम भाडा

(ग) हिसाव नं.७०.३ - तिर्नुपर्ने व्याज

(घ) हिसाव नं.७०.४ - तिर्नुपर्ने लेखा परीक्षण शुल्क

(ङ) हिसाव नं.७०.५ - तिर्नुपर्ने अन्य रकम/व्याज

**मूलधन हिसाव**

**८. हिसाव नं.८० – नगद हिसाव**

**९. हिसाव नं.९० – बैंक हिसाव**

**१०. हिसाव नं.१०० – लगानी हिसाव**

(क) हिसाव नं.१००.१ - धितोपत्र खरिद

(ख) हिसाव नं.१००.२ - मुद्दती खाता

(ग) हिसाव नं.१००.३ - बचत खाता

(घ) हिसाव नं.१००.४ - शेयर खरिद हिसाव

**११. हिसाव नं.११० – ऋण दिएको हिसाव (लगानीमा रहेको ऋण हिसाव)**

**१२. हिसाव नं.१२० – पाउनुपर्ने हिसाव**

(क) हिसाव नं.१२०.१ - उधारो बिक्री र असुली हिसाव

(ख) हिसाव नं.१२०.२ - पेश्की दिएको र फछ्र्यौट हिसाव

(ग) हिसाव नं.१२०.३ - पाउनुपर्ने व्याज हिसाव

(घ) हिसाव नं.१२०.४ - हितकोष जम्मा

(ङ) हिसाव नं.१२०.५ - केरुज / सर्चज हिसाव

(च) हिसाव नं.१२०.६ - धरौटी हिसाव

(छ) हिसाव नं.१२०.७ - अनिवार्य बचत रकम (हाल प्रयोगमा छैन)

(ज) हिसाव नं.१२०.८ - अन्य पाउन पर्ने रकम

**१३. हिसाव नं.१३० – स्थायी सम्पत्ति हिसाव**

(क) हिसाव नं.१३०.१ - फर्निचर हिसाव

(ख) हिसाव नं.१३०.२ - सेफ हिसाव

(ग) हिसाव नं.१३०.३ - सवारी साधन हिसाव

(घ) हिसाव नं.१३०.४ - घरजग्गा जमिन हिसाव

**१४. हिसाव नं.१४० – अन्य सम्पत्ति सामान हिसाव (पंखा, घडी, हिटर आदि)**

**१५. हिसाव नं.१५० – सामान खरिद तथा खर्च खाता**

(क) हिसाव नं.१५०.१ - सामान खरिद

(ख) हिसाव नं.१५०.२ - ढुवानी, ज्याला खर्च

(ग) हिसाव नं.१५०.३ - तलब, भत्ता खर्च

(घ) हिसाव नं.१५०.४ - घर/गोदाम भाडा खर्च

(ङ) हिसाव नं.१५०.५ - मर्मत खर्च

(च) हिसाव नं.१५०.६ - भाडा खर्च

(छ) हिसाव नं.१५०.७ - चालु व्याज खर्च

(ज) हिसाव नं.१५०.८ - विविध खर्च

(झ) हिसाव नं.१५०.९ - ह्रास खर्च

(ञ) हिसाव नं.१५०.१० - इन्धन खर्च

(ट) हिसाव नं.१५०.११ - बैठक भत्ता खर्च

(ठ) हिसाव नं.१५०.१२ - जरिवाना खर्च

(ड) हिसाव नं.१५०.१३ - व्यापरिक छुट दिएको

(ढ) हिसाव नं.१५०.१४ - विद्युत टेलिफोन र अन्य महसुल खर्च

**१६. हिसाव नं.१६० – सामान बिक्री तथा आम्दानी खाता**

(क) हिसाव नं.१६०.१ - सामान बिक्री रकम

(ख) हिसाव नं.१६०.२ - ऋणबाट व्याज प्राप्त

(ग) हिसाव नं.१६०.३ - लगानीबाट व्याज प्राप्त

(घ) हिसाव नं.१६०.४ - विविध आम्दानी

(ङ) हिसाव नं.१६०.५ - व्यापरिक छुट प्राप्त

(च) हिसाव नं.१६०.६ - प्रशासनिक अनुदान प्राप्त

(छ) हिसाव नं.१६०.७ - प्रवेश शुल्क आम्दानी


# पाल्हीनन्दन गाउँपालिकाको सहकारीहरुमा अनुरोध

- सहकारी ऐन, नियम र विनियम बमोजिम संस्था संचालन गर्ने ।
- सहकारीलाई प्रविधिमैत्री बनाउँदै सदस्यहरुको सेवालाई प्राथमिकता दिने ।
- सहकारीका मूल्य, मान्यता र सिद्धान्तलाई दैनिक व्यवहारमा लागू गर्ने ।
- नियमन निकायसंगको सम्बन्धलाई कायम राख्दै नियमित रिपोटिङ्ग गर्ने ।
- सदस्यहरुको सदस्य शिक्षा र सूचनाको ग्रारेन्टी गर्ने ।

६९ औं राष्ट्रिय सहकारी दिवस २०८२ को उपलक्ष्यमा सहकारीका
शेयर सदस्य, सहकारी संस्था तथा सहकारीकर्मीहरुमा
**हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।

## पाल्हीनन्दन गाउँपालिकाको कार्यालय
बेलासपुर, नवलपरासी (ब.सु.प.), लुम्बिनी प्रदेश

# सहकारी संस्थामा व्यवस्थापनको भूमिका



**रामचन्द्र राजभर**, व्यवस्थापक
बडहरा दुवौलिया आयआर्जन साकोस

सहकारी संस्था भनेको समुदायमा आधारित, सदस्यको हितका लागि सञ्चालन हुने संस्था हो । यसले सदस्यहरूको आवश्यकता अनुसार सेवा दिँदै उनीहरूको आर्थिक, सामाजिक र सांस्कृतिक जीवनस्तर सुधार गर्ने उद्देश्य राखेको हुन्छ।

सहकारीमा सदस्यहरू संस्थाका मालिक हुन्छन् । सदस्यहरूको वार्षिक साधारण सभाले सञ्चालक समिति चयन गर्छ भने त्यसको निगरानीका लागि लेखा सुपरिवेक्षण समिति पनि वनाइएको हुन्छ। यी दुवै समितिहरुले प्रायः स्वमंसेवकको रूपमा काम गर्ने गर्छन्। त्यसैले सहकारी संस्थामा दैनिक कार्य सञ्चालनका लागि सहकारीको विनियम बमोजिम व्यवस्थापक तथा अन्य जनशक्तिको व्यवस्था गरिएको हुन्छ।

सहकारीमा सदस्य, सञ्चालक समिति र कर्मचारीको परिभाषित जिम्मेवारी हुने गर्दछ। यी तिन पक्षको सफल प्रयासबाट नै सहकारी व्यवसाय संचालन गरिन्छ। सहकारी ऐन, नियम, नीति र सञ्चालक समितिको निर्णय अनुसार संस्था सञ्चालन गरिन्छ । नीति तथा निर्णयहरू कार्यान्वयन गर्ने जिम्मेवारी व्यवस्थापक र कर्मचारीको हुने गर्दछ।

सहकारीमा व्यवस्थापकको भूमिका नेतृत्वदायी हुन्छ अर्थात व्यवस्थापकको नेतृत्वमा कर्मचारी परिचालन गरिन्छ। व्यवस्थापकले सदस्य, संस्था र समूदायका बीच पुलको काम गर्ने गर्दछन् । चाहे ग्रामीण क्षेत्रमा होस् चाहे शहरी क्षेत्रमा व्यवस्थापकले सहकारी संस्थालाई दिगोपन दिन महत्वपूर्ण भूमिका खेलेको हुन्छ।

ग्रामीण क्षेत्रमा सहकारी व्यवस्थापकको भूमिका अझ महत्वपूर्ण हुन्छ, किनकि त्यहाँ स्रोत-साधन सीमित हुन्छन् र सदस्यहरू पनि प्रायः कृषक, साना व्यवसायी वा श्रमिक हुन्छन्। यस्तो अवस्थामा व्यवस्थापकले निम्न कामहरू सरल र प्रभावकारी रूपमा गर्नुपर्छ।

- संस्थाको उद्देश्य र लक्ष्य बुझेर त्यस अनुसार काम गर्ने।
- सञ्चालक समितिलाई योजना, नीति र कार्यक्रम बनाउन सहयोग गर्ने।
- बनाइएका योजना र नीतिहरू व्यवहारमा लागू गर्न महत्वपूण भूमिका खेल्ने।
- कर्मचारीहरूलाई काम बाँड्ने, मिलेर काम गर्ने वातावरण बनाउने र उत्प्रेरित गर्ने।
- कर्मचारीको कामको मूल्यांकन गरी आवश्यकता अनुसार पुरस्कार वा सुधारका उपाय अपनाउने।
- शेयर सदस्यहरूको समस्या सुन्ने र समाधान खोज्ने।
- संस्थामा सदस्यको आवश्यकता अनुसार नयाँ सेवा थप गर्ने परियोजना प्रस्ताव तयार पार्ने।
- उपलब्ध स्रोत-साधनको सही सदुपयोग गर्ने, संस्थाको विविध पूँजीको संरक्षण गर्ने।
- सम्भावित जोखिम पहिचान गरी जोगिने उपाएहरुको खोजि गर्ने।
- संस्थाको मासिक तथा बार्षिक प्रगति विवरण तयार गर्ने र नियमित हुने बैठक तथा बार्षिक अवस्था विश्लेषण गर्ने
- गाउँ-समुदायसँग राम्रो सम्बन्ध राख्ने।
- नयाँ प्रविधि र तरिका सिक्दै संस्थामा संचालकहरुसँग सहकार्य गर्दै अगाडि बढ्ने।
- सहकारीका सिद्धान्तहरू, मूल्य मान्यताहरु र सहकारी शिक्षालाई सदस्यहरुका बीच पुर्‍याउन पुलको काम गर्ने।

ग्रामीण तहमा खुलेका सहकारी सफल हुनका लागि सदस्य, सञ्चालक समिति र व्यवस्थापकबीच राम्रो सहकार्य आवश्यक हुन्छ । व्यवस्थापकले इमान्दार, जिम्मेवार र दक्ष भएर काम गरेमा सहकारी संस्था दिगो रूपमा अगाडि बढ्न सक्छ भने सहकारीको लक्ष्य हासिल गर्न व्यवस्थापनको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ । राम्रो व्यवस्थापन भएमा मात्र सहकारीले गाउँका मानिसहरूको जीवनस्तर सुधार गर्न सक्दछन्।

# सहकारीको अर्थ



**हरिलाल यादव**
सरावल-३, गोईनी, न.प.

वादविवाद रहित बाँची, कलह गर्नु व्यर्थ हो ।
सहकार्य गरेर अघि बढौं, सहकारीको यही अर्थ हो ॥
बुद्ध भूमिका बासी हामी, स्वभाव हाम्रो शान्त छन् ।
अन्तर्राष्ट्रिय जगतमा सहकारीका सात वटा सिद्धान्त छन् ॥
यिनै सिद्धान्त पालना गर्नु यही अनिवार्य शर्त हो ।
सहकार्य गरेर अघि बढौं, सहकारीको यही अर्थ हो ॥
हामी सहकारी कर्मीहरू एक भएर, जुटौं हरेक मामला सुल्झाउँ ।
एकताको बल कसको हुन्छ, सिक्नु पर्छ कमिला सँग ॥
आपसमा विवाद गर्नु यो सर्वथा अनुचित हो ।
सहकार्य गरेर अघि बढौं, सहकारीको यही अर्थ हो ॥
प्रगतिको पथमा जानु छ, विकासको उकालो चढेर ।
सहकारी-सहकारी बीच सहकार्य गरौं, हातेमालो गरेर ॥
हरिलाल ख्याल गरौं, यो चर्चा सर्वत्र हो ।
सहकार्य गरेर अघि बढौं, सहकारीको यही अर्थ हो ॥

६९ औं राष्ट्रिय सहकारी दिवस २०८२ को उपलक्ष्यमा सहकारीका
शेयर सदस्य, सहकारी संस्था तथा सहकारीकर्मीहरुमा
**हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।







**रामचन्द्र गौतम**
व्यवस्थापक

**कर्णबहादुर वि.क.**
अध्यक्ष

**करेसाबारी कृषक बचत तथा ऋण सहकारी संस्था लि.**
रामग्राम-३, परासी, नवलपरासी

# "मर्यादित सहकारी, समुन्नत समाज"

आज थुप्रै सहकारी भन्दा पनि मर्यादित र सक्षम सहकारीको खाँचो छ, जहाँबाट सदस्यहरुले मनग्य लाभ लिन सकुन। नेपाली समाजमा चैत्र २० लाई सहकारीता र सहअस्तित्वको दिनको रुपमा लिने गरिएको छ। सहकारीमा साँगठानीक रुपमा पहिचान बनाएकालाई त झन चैत्र २० एउटा उत्सव नै हो। किनकी सहकारीमा रहेको हरेक व्यक्तिले आफूलाई स्वावलम्बीपनको आभाष गर्ने, सामाजिक, आर्थिक र साँस्कृतिक एकता र विकासको अवसर लिने गर्दछन्।

चितवनमा २०१३ साल चैत्र २० गते बखान सहकारीको स्थापना भएसँगै नेपालमा त्यही दिनको संझनामा दिवस मनाउन थालेको ६९ वर्ष पुग्यो। नेपालमा वि.सं. २०१३ साल अघि विभिन्न व्यक्ति, छरछिमेकी, असंगठीत समुहहरु बीच भावनात्मक सम्बन्ध हुँदै सहकारीताको भावना विकास भएको पाइन्छ। असंगठीत रुपमै भएपनि सहकारीताको भावना अनुसार एक आपसमा मिलेर बस्ने, सीप, ज्ञान र सृजना साटासाट गर्ने, मिलेर काम गर्ने परंपरागत मान्यताहरु थिए।

बिचार मिल्ने, एक आपसमा मिलेर बस्ने, मिलेर काम गर्ने, बाँडिचुँडि खाने, परंपरागत सीपको प्रयोग गरी जिविकोपार्जन गर्ने संगठीत नभएको बेला पनि सहकारीता प्रस्टैसँग देख्न सकिन्थ्यो। परंपरागत रुपमा गरीव, किसान, मजदुर, कालिगढ, उपभोक्ता, श्रमिकहरुको संगठीत सहकारी थिएन। उहिले गाउँहोस् वा शहर गूठी, पर्म, मेला, धर्म भकारी र ढिकुरी जस्ता अनौपचारीक तर विश्वसनीय प्रचलनहरु मान्यताको रुपमा स्थापित थिए।

सामाजिक उत्पिडन, बिचौलियाको चङ्गुलबाट छुटकारा पाउनु र व्यक्तिले आफ्नो सीप र जाँगरले व्यवसायीक जीवनको थालनी गर्नु नै सहकारीता हो। सहकारी सामूहिक भावना, प्रयास र सहकार्यबाट शुरु हुन्छ। स्वावलम्बन र बलियो इच्छाशक्ति भएका, सकारात्मक कार्यशैली र भावना भएका व्यक्तिहरुको सामुहिक प्रयास नै सहकारी हो। जसले एक अर्कालाई विश्वास गर्छ, र सुखदुखमा साथ दिन्छ, एक अर्काको हितरक्षाका लागि मरिमेट्छ त्यो नै वास्तविक सहकारीता हो।

सहकारी आर्थिक एवं व्यवसायीक संगठन भएकाले सहकारी संस्थाको माध्यमवाट विभिन्न सीपमूलक र रोजगारमूलक तालिमहरु सञ्चालन गर्न सकिन्छ। सहकारीले सदस्य केन्द्रीत सहज लगानी गर्ने, नयाँ नयाँ कार्यको थालनी गर्ने र आफ्ना सदस्यहरुलाई कामकाजी बनाउँदै, उत्पादनमूलक कार्यकालागि उत्प्रेरित गर्दै उनीहरूको जीवनस्तर उठाउन मद्दत गर्नु पर्दछ।

सहकारी स्वनियमन र सुशासनमा चल्ने व्यवस्थित, संगठीत र सुशासित सामुदायिक संगठन हुन्। सहकारीका सिद्धान्त, मूल्य र मान्यताले सहकारीहरुलाई सुशासित र संगठीत बनाएको हुन्छ। सहकारी संस्थाहरू स्वायत्त र स्वतन्त्र पनि हुन्छन् तर संस्थाहरूले सहकारी ऐन, नियमहरूलाई पूर्णतया पालना गर्दछन्।

देशभरका ३४ हजार सहकारीहरू मर्यादित, सहकारी मूल्य र मान्यता बमोजिम सञ्चालन हुनु पर्नेमा जोड दिएको छ। पछिल्लो समय सहकारी क्षेत्रमा देखिएका समस्याहरूको पहिचान गरी त्यसको दिगो समाधान निकाल्ने र सहकारीलाई व्यवस्थित, नीति, विधि र उच्च प्रविधिको प्रयोग गरी सञ्चालन गर्नुपर्नेमा जोड दिनु पर्ने देखिन्छ। मर्यादित सहकारी बनाउन सहकारीहरुले पारदर्शिता, सदस्यकेन्द्रित कारोबार, कानूनको सही परिपालना, सामूहिक हितलाई प्राथमिकता दिंदै सामाजिक उत्तरदायित्व पूरा गर्न सक्नु पर्दछ।

सहकारी समाजको एक महत्वपूर्ण आर्थिक कारोबार गर्ने संगठीत संस्था भएकोले सहकारी क्षेत्रको विकासले मात्र समाजको समुन्नत विकास सम्भव छ। समाजको आर्थिक, सामाजिक, साँस्कृतिक र नैतिक रुपमा सभ्य, उन्नत र समृद्ध

समाज नै समुन्नत समाज भएकोले सहकारी मार्फत समुन्नत समाजको परिकल्पना गरिएको हो ।

सहकारी अवधारणा अनुसार सदस्यहरुको सानोसानो पूँजीलाई एकत्रित गरी ठूलो र भकारी भर्ने उद्देश्य बनाइएको छ । सहकारीमा एकका लागि सवै र सवैका लागि एक भन्ने भावना हुन्छ । सहकारीलाई “मौरीको जस्तो काम, कमिलाको जस्तो ताँती” एकता र सहकार्यको उदाहरण पनि दिने गरिएको छ । यिनै भावना र ७ दशकको लामो सहकारी अभियानले नेपालमा लाखौ मानिसलाई सहकारीमा आवद्ध बनाएको छ ।

सहकारी क्षेत्र देशको आर्थिक, सामाजिक र सांस्कृतिक विकासको एक महत्वपूर्ण मेरुदण्ड हो । सहकारीलाई यसका विभिन्न सिद्धान्त, मूल्य र मान्यताहरूले मार्गनिर्देश गरेको छ । सहकारीका ७ सिद्धान्त र मूल्य मान्यता अनुसार सहकारीहरूले सदस्य र समूदायको आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणमा सहयोग पुर्‍याउँदै आएका छन् । त्यति मात्र होइन समूदायमा सहकारी मार्फत उत्पादन, प्रशोधन र बजारीकरण जस्ता कार्यहरू सञ्चालन गरी स्वरोजगारीको सिर्जना गर्दै सदस्यहरूको आम्दानीमा वृद्धि र गरिवी निवारणमा समेत महत्वपूर्ण योगदान रहेको छ ।

सहकारीले संस्था मार्फत महिला सशक्तिकरण, सामुदायिक विकास, सामुदायिक जागरण एवं सचेतना, सामाजिक उत्तरदायित्व बोध, सुशासन जस्ता कार्यहरूमा समेत योगदान पुर्याइरहेका छन् । यी सबै कारणहरूले गर्दा नै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा सहकारी प्रतिको आस्था, विश्वास र जिम्मेवारी अझै बढेर गएको पाइन्छ ।

नेपालमा सहकारीलाई आर्थिक विकास वा भनौ अर्थतन्त्रको एउटा महत्वपूर्ण क्षेत्रको रुपमा हेरिँदै पनि आइएको छ । व्यक्तिव्यक्ति बीचको सम्बन्ध र सहकार्यबाट सृजित पूँजीको परिचालन सहकारी मार्फत सदस्यहरूको आर्थिक विकासका खातिर हुने गरेको छ । यस प्रकारको कार्यले समग्र समाजको समुन्नती मार्ग प्रसस्त गरेको बुझ्न सकिन्छ । हामीले सहकारीमार्फत सदस्यहरूको आर्थिक सम्बृद्धिको कुरा गरिरहँदा संस्थामा संचित पूँजीको परिचालन कहाँ, कसरी र के के मा भईरहेको छ भन्ने कुरा विश्लेषण गर्नु पर्दछ ।

आज सहकारीमा पूँजीको कमी छैन तर पूँजी परिचालन उत्पादनशील क्षेत्रमा हुन नसक्दा त्यसले जुन रुपमा सदस्य र समूदायको विकास हुनु पर्दथ्यो त्यो हुन सकेको छैन । त्यसैले सहकारीमार्फत हामीले समुन्नत समाजको परिकल्पना गर्ने हो भने सहकारीको संरचनागत त्रुटिलाई सच्चाएर एकीकृत मोडलमा जानु जरुरी छ । आज थुप्रै सहकारी भन्दा पनि मर्यादित र सक्षम सहकारीको खाँचो छ, जहाँबाट सदस्यहरुले मनग्य लाभ लिन सकुन । राज्यले प्रत्येक बर्ष दिने नयाँ नाराले मात्र सहकारीहरूमा खोजेको जस्तो परिवर्तन आउन सक्दैन तसर्थ दिगोपन आउने गरी सहकारी भित्रको संरचनागत परिवर्तन, सुशासन, नीति, विधि र उच्च प्रविधीको अवलम्बन गरी सहकारी संस्थाहरूलाई अगाडि बढाउनु पर्ने देखिन्छ ।

अहिले सहकारीहरुलाई राज्यका तीन तहका सरकार मातहतमा राखिएको छ । कार्यक्षेत्रको आधारमा तीन तहमा बर्गिकरण गरेपनि यसको ठीक परिचालन हुन नसकेको देखिन्छ । नेपालमा विगतका केही बर्षदेखि सहकारीको रकम दुरुपयोग गर्ने प्रचलन वढेकाले पनि त्यस तर्फ राज्य र सरोकारवाला निकायहरु जिम्मेवार बन्नु पर्ने देखिन्छ ।

सहकारी क्षेत्र मुलुकको आर्थिक विकासको मेरुदण्ड भएको सत्यतालाई स्वीकार गरी व्यवहारमा नै परिवर्तन आउने गरी काम गर्नु पर्ने आजको आवश्यकता हो । समाजमा सहकारीलाई आर्थिक सम्बृद्धिको भरोषायोग्य संगठन बनाउन सुशासन पहिलो कडि भएकोले अब सहकारीले त्यसलाई ध्यान दिनु पर्ने छ भने आकर्षक नारा मात्र दिएर नभई रणनीतिक रुपमा सदस्य केन्द्रित उत्पादनमूलक व्यवसायलाई जोड दिन सके सहकारीका सदस्य र सस्थागत विकास सम्भव हुने आजको मूलभूत आवश्यकता हो र दिवसको सार्थकता पनि हो । जय सहकारी, धन्यवाद ।

*(नेपालीचेली अनलाइन)*

# साझा सहकारीको उज्यालो इतिहासदेखि वर्तमानसम्म

सहकारी ऐन २०२८ आएपछि स्थापना भएका साझा सहकारी वास्तवमै जनताको सारथी बनेका थिए। कृषिदेखि खाद्यान्नसम्मका आधारभूत आवश्यकता पूरा गर्ने मुख्य केन्द्र थिए साझा सहकारी तर आजभोली ती सहकारीको अवस्था क्रमशः कमजोर बन्दै गएको छ। नवलपरासीमा पनि २०२८ सालपछि शहरदेखि ग्रामिण भेगसम्म समेट्ने गरी केहि साझा सहकारी खुले। त्यसमध्ये एक हो आर्दश बहुमुखि सहकारी संस्था परासी।

देशैभरको अवस्था जस्तै उक्त सहकारी पनि अहिले अपेक्षाकृत उपयुक्त अवस्थामा छैन। २०६१ साल यता निरन्तर उक्त सहकारीको नेतृत्व गर्दै आउनुभएका साझा सहकारीकर्मी रामग्राम नगरपालिका १ का पुरनप्रसाद चौधरीसंग सहकर्मी बिकास अधिकारीले साझा सहकारीको विगत र वर्तमान अवस्थाको बारेमा कुराकानी गर्नुभएको छ, कुराकानीका आधारमा समेटिएका मूख्य अंशहरु।

**प्रश्नः साझा सहकारीको इतिहासलाई कसरी सम्झनुहुन्छ ? अहिले साझा सहकारीको अवस्था के छ ?**

**उत्तरः** नेपालमा बिक्रम संवत २०२८ सालमा सहकारी ऐन आएपछि एक गाउँपञ्चायत वा भनौँ दुई तीन वटा गाउँ पन्चायत मिलाएर साझा सहकारी स्थापना भएका थिए। ती सहकारी निकै प्रभावकारी र जनपक्षिय थिए। हुनत त्यतिबेला नेतृत्वको हिसाबले गाउँ पञ्चायतका प्रधान नै त्यसको अध्यक्ष वा प्रमुख हुन्थे। तर जनताको आवश्यकता पुरा गर्न साझा सहकारी सहयोगि बनेका थिए। दश रुपैयाँ तिरेर सहकारीको सदस्य बन्न सक्ने प्रावधान थियो। जनताको आवश्यकता पूर्ति गर्न कोटा सिस्टम थियो र खाद्यान्नदेखि बिउबिउन तथा कृषि यन्त्र उपकरण सबै साझा सहकारीले उपलब्ध गराउदैं आएका थिए। जनता साझा सहकारीमा बढि निर्भर थिए र



अध्यक्ष पुरन चौधरीसँग पत्रकार विकास अधिकारीले गरेको कुराकानीमा आधारित

गुणस्तरीय सामानको आपूर्ति सहकारीबाट हुन्थ्यो, कमसल सामाग्री हुँदैनथ्यो जसले गर्दा सहकारीको सदस्यहरु खुसि थिए तर २०४८ सालमा सहकारी ऐन आएपछि सहकारीहरुलाई स्वायत्त बनाइयो।

त्यतिबेलाका कर्मचारीहरु अनुदान दिएर बिदा भए। उक्त ऐन अनुरुप सहकारीको विकास त धेरै भयो तर भरपर्दो भएन्। जनताको सहयोगी हुन सकेन्। नेतृत्वमा हानथाप हुन थाल्यो, सहकारीमा राजनीति हुन थाल्यो जसका कारण अहिले पुराना जनताको आवश्यकता परिपूर्ति गर्ने बहुउद्देश्यीय सहकारीहरु क्रमशः कमजोर बन्दै गएका छन्।

**प्रश्नः परासी वा भनौँ नवलपरासीमा सहकारी संस्था स्थापनाको विगतलाई कसरी सम्झनुहुन्छ ?**

**उत्तरः** २०२८ सालको ऐन पछि नै परासीमा यस क्षेत्रका जनताको आवश्यकतलाई समेट्ने गरी परासी आर्दश बहुमुखी सहकारी संस्था स्थापना भएको हो। नवलपरासीको दाउन्ने पश्चिममा त्यतिबेला पाँच/सात वटा संस्थापक सहकारी भनौ जुन साझा सहकारीको रुपमा पहिलोपटक स्थापना भएका थिए। परासीमा आर्दश बहुमुखी, बर्दघाटमा माकर बहुमुखि, तिलौलिमा परोपकार बहुमुखि, सुनवलमा

आर्दश बहुमुखि लगायतका सहकारी थिए र तिनिहरु मिलेर नै जिल्ला सहकारी संघ स्थापना गरिएको हो । दश रुपैयाँ शुल्क बुझाएर सहकारीको सदस्य हुन पाइन्थ्यो । राज्यले दिने मलखाद, बिउबिजन, कृषि उपकरण सँगै नुन, चिनी, दाल लगायतका खाद्य सामाग्री पनि कोटा प्रणाली अनुसार वितरण हुन्थ्यो । जसका कारण साझा सहकारीको आफ्नै खालको महत्व थियो । बाहिर हुने तस्करी र मुल्यमा हुने कालोबजारी रोक्न पनि सहकारीले भूमिका खेलेका थिए । साझा सहकारीमा निश्चित मुल्यमा बजारमा भन्दा सस्तोमा सामाग्री पाईन्थ्यो जसका कारण बजारमा हुने उतारचढाव र कालोबजारी नियन्त्रण गर्न पनि सहकारी संस्था सहयोगी बनेका थिए ।

२०४८ सालपछि भने त्यो अवस्थामा क्रमशः बिचलन आउन थाल्यो । प्रतिस्पर्धाको रुपमा नयाँ सहकारीहरु विकास हुदाँ पुराना सहकारी पनि बिकृत हुन थाले । ऋण लिने अनि सावाँ ब्याज केहि नतिर्ने, जनताको आवश्यकतामा ध्यान नदिने भनौं धेरैनै स्वार्थ केन्द्रित भयो । त्यसपछि पुराना सहकारी कमजोर बन्दै गए । नयाँ आएका सहकारी पनि विषय केन्द्रित भए बचत ऋण परिचालन त भयो तर सदस्यहरुको आवश्यकता परिपुर्ती गर्न सकेनन् ।

**प्रश्नः के आजको समयमा पुरानो अवधारणा अनुसारको साझा सहकारीको आवश्यकता देख्नुहुन्छ ?**

**उत्तर**ः आवश्यकता एकदम देख्छु । तर पुरानो मोडलभन्दा पनि अहिले धेरै सहकारी स्थापना भए । च्याउ उम्रे जसरी सहकारी बनेका छन् । राम्रो पनि छ बिकृति पनि छ, नियमन प्रभावकारी हुन सकेको छैन् । समयमै अडिट हुँदैन, हिसाब किताब दुरुस्त छैन् । त्यसैले अब सहकारी मर्ज हुनु पनि आवश्यक छ अनि विषयगत सहकारी भन्दा पनि बहुउद्देश्यीय साझा जस्तै सहकारीको आवश्यकता छ । जनताको अझ भनौं सहकारीका सदस्यहरुको आवश्यकता पुर्ति गर्ने मुख्य केन्द्रको रुपमा सहकारी विकास हुनुपर्यो । विषयगत सहकारी भन्दा पनि बहुमुखि सहकारीलाई नै सरकारले अगाडि बढाउनुपर्छ । सस्तो र गुणस्तरीय समान पाईने ठाँउ सहकारी बनाउनुपर्छ त्यहाँ सिस्टम हुन्छ जसले सहकारी प्रतिको भरोसा पनि बढ्दछ र बजारलाई स्थीर बनाउनु पनि सहयोग पुग्छ ।

**प्रश्नः भनेपछि अहिलेका सहकारी भन्दा यसको दायरा फराकिलो बनाएर जानुपर्छ भन्ने हो ?**

**उत्तर**ः भारतका विभिन्न सहकारी छन् जसले देशलाई नै सहयोग गर्ने भूमिका खेलिरहेका छन् । त्यस्तै नेपालमा पनि सहकारीलाई एकिकृत गर्दै तहगत रुपमा अगाडि बढाउने हो भने राम्रो हुन्छ । सहकारीले नै जनताको आधारभूत आवश्यकता कृषि होस् वा दैनिक खाद्य समाग्री, ती आवश्यकता पनि पूर्ति गर्ने र स्थानीय किसानको उत्पादन पनि साझा वा बहुउद्देश्यीय सहकारीले खरिद गर्ने र उसैले बेच्ने गर्नुपर्छ । जसले उत्पादन गर्न उर्जा पनि हुन्छ र किसानलाई बजारको चिन्ता हुदैंन, मेरो उत्पादन सहकारीले खरिद गर्छ भन्ने ग्यारेन्टि हुन्छ । यसले उत्पादन पनि बढ्छ, मुल्य पनि पाईन्छ जसले समग्र देशलाई नै सम्वृद्ध बनाउन भूमिका खेल्न सक्छ ।

**प्रश्नः अहिले परासी आर्दश सहकारीको अवस्था कमजोर बनेको हो ?**

**उत्तर**ः कमजोर बनेको हो तर सुधारको प्रयासमा छौं । हाम्रो कुरा गर्दा पाँच वर्ष अगाडि कारोना र त्यसपछि परासीमा आएको बाढिका कारण धेरै समस्या भयो । मल बिउविजन, किटनाशकहरु उपलब्ध गराउन कठिन भयो । धेरै समान बाढिले नोक्सान पनि गर्यो । जसका कारण हामिले प्रर्याप्त सामाग्री उपलब्ध गराउन सकेनौं । अहिले यसको अवस्था सुधार गर्न अन्य विकल्पको प्रयोग गरिरहेका छौं ।

आफ्नै चार विगाह जमिनमा हामिले आँप रोपेका छौं । त्यसभित्र डिप ट्यूबेल गरेर सिँचाइको व्यवस्था गरिएको छ । सहकारीको आफ्नै ट्याक्टर ट्रली छ, त्यसबाट सदस्यहरुलाई सेवा पुर्याएको छ र आम्दानी पनि गरेको छ । यसरी हामिले बैकल्पिक आम्दानीका स्रोतमा पनि जोड दिएका छौं । आशा छ निकट भविष्यमै सुदृढ हुने छ । अहिले त्यति राम्रो अवस्थामा छैनौं ।

# सहकारी क्षेत्रको सङ्कट समाधान गर्न 'सुशासन मार्गचित्र'

सरकारले सहकारी क्षेत्रमा देखिएको सङ्कट समाधान गर्न 'सुशासन मार्गचित्र, २०८२' मार्फत बहुआयामिक सुधारको खाका सार्वजनिक गरेको छ।

सार्वजनिक मार्गचित्रले बचतकर्ताको रकम फिर्ता, नियामकीय संरचना पुनर्गठन, कानुनी कडाइ र प्रविधिमैत्री निगरानी प्रणाली लागू गर्ने प्रबन्ध मिलाउन सिफारिस गरेको छ। सरकारबाट पछिल्लो समय देशभर समस्याग्रस्त सहकारीहरूमा अर्बौं रकम फसेको पृष्ठभूमिमा मार्गचित्रमार्फत यस्तो सुझाव आएको हो।

सो मार्गचित्रअनुसार सरकारले सबैभन्दा पहिलो प्राथमिकता साना बचतकर्तालाई दिएको छ। समस्याग्रस्त सहकारीका बचतकर्ताहरूमध्ये पाँच लाख रुपैयाँसम्म बचत भएका सदस्यहरूको पहिचान गरी 'बचत तथा कर्जा सुरक्षण कोष'मार्फत प्राथमिकताका आधारमा तत्काल बचत फिर्ता गर्ने प्रस्ताव गरिएको छ।

यसका लागि निश्चित समयसीमा तोकेर सार्वजनिक सूचना जारी गर्ने र निक्षेप सुरक्षाको कानुनी प्रत्याभूति दिने उल्लेख छ। यदि असुल गरिएको सम्पत्तिबाट रकम फिर्ता हुन नसकेको अवस्थामा पनि सुरक्षण कोषबाट पाँच लाख रुपैयाँसम्मको रकम फिर्ता हुने ग्यारेन्टी गरिनुपर्ने मार्गचित्रमा उल्लेख छ।

साना बचतकर्ताको रकम फिर्तालाई सहज बनाउन सरकारले आवश्यक परे सहकारी ऋणपत्र जारी गरी तरलता व्यवस्थापन गर्ने योजना पनि अघि सारेको छ। त्यस्तै, पाँच लाख रुपैयाँ भन्दामाथिको बचतका हकमा दामासाहीका आधारमा वितरण गरिनुपर्ने र निक्षेपकर्ताको प्राथमिकता सूची तयार गरिनुपर्ने उल्लेख छ।

बचत फिर्ता नभएसम्म समस्याग्रस्त सहकारीका सञ्चालकहरूको अन्य व्यावसायिक कारोबार र आम्दानीमाथि समेत कानुनी निगरानी राखिने प्रावधान प्रस्ताव गरिएको छ। मार्गचित्रले संस्थागत सुधारतर्फ थप कडा प्रावधान सिफारिस गरेको छ। हालको सहकारी विभाग खारेज गरी अर्धन्यायिक र कार्यकारी अधिकारसहितको स्वायत्त 'सहकारी नियमन प्राधिकरण' बनाइनुपर्ने प्रस्ताव गरिएको छ।

उक्त प्राधिकरणलाई दोषी सञ्चालकको राहदानी रोक्का गर्ने, बैंक खाता र सम्पत्ति फ्रिज गर्ने तथा व्यक्तिगत सम्पत्ति जफत गरी लिलाम गर्नेसम्मका अधिकार दिने योजना छ। मन्त्रालयमा भने नीतिगत कार्यका लागि सहकारी महाशाखा मात्र राखिने उल्लेख गरिएको छ।

त्यस्तै, प्रत्येक समस्याग्रस्त सहकारीका लागि छुट्टाछुट्टै 'डेडिकेटेड टास्क फोर्स' गठन गरिने र सम्पत्ति व्यवस्थापनका लागि 'एसेट म्यानेजमेन्ट कम्पनी' मोडेलमा स्थायी संरचना बनाइने प्रस्ताव गरिएको छ। साथै, नियमनकारी निकायमा वित्तीय विश्लेषण, फोरेन्सिक अडिट र साइबर नियमनका विज्ञहरू अनिवार्य रूपमा राख्ने व्यवस्था गरिने जनाइएको छ।

सङ्घीय संरचनाअनुसार सहकारीको क्षेत्राधिकार पुनःवर्गीकरण गर्ने विषय मार्गचित्रको अर्को महत्वपूर्ण सिफारिस हो। सहकारीको कारोबार रकमका आधारमा एक करोड रुपैयाँसम्म स्थानीय तह, ५० करोड रुपैयाँसम्म उपमहानगर, एक अर्ब रुपैयाँसम्म प्रदेश र पाँच अर्ब रुपैयाँभन्दा माथि सङ्घीय तहको अधिकार क्षेत्र हुने प्रस्ताव गरिएको छ। साथै, कारोबार सीमा नाघेपछि स्वतः स्तर परिवर्तन हुने 'अटो अपग्रेड/डाउनग्रेड' प्रणाली लागू गरिनुपर्ने उल्लेख छ।

तीनै तहका सरकारबीच तथ्याङ्क आदानप्रदान गर्न एकीकृत डिजिटल सर्भर स्थापना गर्ने, अन्तरसरकारी सुपरीवेक्षण संयन्त्र बनाउने र एक तहमा समस्याग्रस्त घोषित

सञ्चालकलाई अर्को तहमा जिम्मेवारी लिन कानुनी बन्देज लगाउने व्यवस्था पनि प्रस्ताव गरिएको छ। नयाँ सहकारी दर्ता स्थानीय तहबाट मात्र हुने र प्रदेश तथा सङ्घीय तह नियमनमा सीमित रहने नीति लिइएको छ। कानुनी सुधारअन्तर्गत सहकारी ऐन तथा नियमावली संशोधन गरी क्षेत्राधिकार र व्यावसायिक सीमाहरू स्पष्ट पारिनुपर्ने उल्लेख छ। 'एक व्यक्ति, एक सहकारी' नीति कडाइका साथ लागू गरिने र व्यक्तिगत बचतको सीमा तोक्ने प्रावधान ल्याइने जनाइएको छ। महासङ्घहरूलाई बचत तथा ऋण कारोबार गर्न पूर्ण रूपमा बन्देज लगाई केवल प्रवर्द्धनात्मक भूमिकामा सीमित गरिने प्रस्ताव गरिएको छ।

रुग्ण सहकारीलाई सबल संस्थासँग गाभ्ने बाध्यात्मक तथा प्रोत्साहनमूलक 'मर्जर' नीति लागू गरिनेछ भने सहकारीलाई गैरकानुनी सम्पत्ति शुद्धीकरणको माध्यम बन्न नदिन एएमएल/सीएफटीसम्बन्धी कानुन कडाइका साथ कार्यान्वयन गरिनेछ। सञ्चालक तथा पदाधिकारीहरूको योग्यता, अनुभव र आचरणसम्बन्धी कडा मापदण्ड पनि तोकिने भएको छ। प्रविधि र वित्तीय सुशासनतर्फ सहकारी, बैंक तथा सरकारी निकायबीच सूचना प्रणाली अन्तरआबद्ध गरिने जनाइएको छ। कोपोमिस प्रणाली अनिवार्य गरी एकीकृत डिजिटल तथ्याङ्क निर्माण गरिने र गलत विवरण दिने संस्थाको कारोबार रोक्का गरिने उल्लेख छ। सहकारीको बचत घरजग्गा वा सेयर बजारजस्ता अनुत्पादक क्षेत्रमा लगानी गर्न रोक लगाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनुपर्ने मार्गचित्रको सिफारिस छ।

अन्तरराष्ट्रिय वित्तीय मापदण्डको अनिवार्य पालना, त्रैमासिक वित्तीय श्वेतपत्र प्रकाशन र लगातार तीन वर्ष लेखापरीक्षण नगर्ने संस्थालाई दर्ता खारेजीसम्मको कारबाही गर्ने कडा प्रावधान पनि प्रस्ताव गरिएको छ। सरकारको यो मार्गचित्रले सहकारी क्षेत्रमा देखिएको विद्यमान सङ्कट समाधान गर्ने प्रयास गरे पनि यसको प्रभावकारिता कार्यान्वयनमा निर्भर रहने देखिन्छ।

विगतमा पनि नीतिगत घोषणा भए पनि कार्यान्वयन कमजोर रहँदा समस्या झन जटिल बनेको थियो। त्यसैले, प्रस्तावित कडा प्रावधान व्यवहारमा कति लागू हुन्छन् भन्ने नै अबको मुख्य चुनौतीका रूपमा हेरिएको छ।

*(गोरखापत्र अनलाईन)*


६९ औं राष्ट्रिय सहकारी दिवस २०८२ को उपलक्ष्यमा सहकारीका शेयर सदस्य, सहकारी संस्था तथा सहकारीकर्मीहरुमा

**हार्दिक शुभकामना** व्यक्त गर्दछौं।

**रामचन्द्र राजभर**
व्यवस्थापक



**बिरेन्द्र यादव**
अध्यक्ष

**बडहरा दुवौलिया आय आर्जन बचत तथा ऋण सहकारी संस्था लि.**

सरावल-५, नवलपरासी




## "हातेमालो सहकारी खबर" बुलेटिन बिमोचन

बुधबार, चैत २०, २०८१

परासी । राष्ट्रिय सहकारी दिवसको अवसर पारेर सामुदायिक रेडियो परासी ९० दशमलव २ मेगाहर्जले हातेमालो सहकारी खबर नामक सहकारी बुलेटिन प्रकाशन गरेको छ प्रत्येक वर्ष जस्तै यस वर्ष पनि चैत्र २० मै बुलेटिन प्रकाशन गरिएको सामुदायिक रेडियो परासीका अध्यक्ष राजकुमार रेश्मीले बताउनुभयो

मर्यादित सहकारीः समुन्नत समाज भन्ने नाराका साथ मनाइएको ६८ औँ राष्ट्रिय सहकारी दिवसमा रेडियोद्वारा प्रकाशित दशौं अङ्क विमोचन गरिएको हो ।

जिल्ला सहकारी सङ्घ लिमिटेडका अध्यक्ष विष्णुप्रसाद पौडेलको अध्यक्षता र जिल्ला समन्वय समिति नवलपरासीका प्रमुख भगौतीप्रसाद यादव रुदलको प्रमुख आतिथ्यमा वार्षिक बुलेटिन विमोचन गरिएको हो ।

परासी सूचना तथा सञ्चार सहकारीद्वारा सञ्चालित सामुदायिक रेडियो परासीले सहकारी सम्बन्धी विभिन्न गतिविधिहरू सञ्चालन गर्दै आइरहेको छ

दिवसको अवसरमा प्रकाशन भएको बुलेटिनमा सहकारी सम्बन्धी विज्ञहरूका लेख, रचना, कविता, सहकारी र सञ्चार क्षेत्रमा काम गर्दाको अनुभव र जिल्लामा भएका सहकारी गतिविधिहरु समाचारका रुपमा प्रकाशन भएका छन्।

## सहकारी दिवस सचेतना र्‍याली गरी मनाइयो

चैत-२०, २०८१ः परासी । "मर्यादित सहकारीः समुन्नत समाज" भन्ने नाराका साथ रामग्राम नगरपालिकाले ६८ औं राष्ट्रिय सहकारी दिवस सचेतना र्‍याली गरी मनाएको छ । रामग्राम नगरपालिका परिसरमा भेला भई प्लेकार्ड र व्यानरसहीत नगर परिक्रमा गरी दिवस मनाइएको हो ।

रामग्राम नगरपालिका भित्र ३२ वटा सहकारीका सञ्चालकहरुको उपस्थितिमा सहकारी दिवस कार्यक्रम मनाइएको छ । रामग्राम नगरपालिकाकी उपप्रमुख संभना चौधरीको अध्यक्षतामा भएको र्‍याली पछिको कोण सभामा बोल्दै उपप्रमुख चौधरीले नगरभित्र सञ्चालित सहकारीहरु एकताबद्ध भएर अघि बढ्नु पर्ने बताउनुभयो ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत यमबहादुर कुँवर, रामग्राम नगर सहकारी सञ्जालका संयोजक मेघराज गौतम, नगरपालिकाका रोजगार संयोजक सुमन ज्ञवाली लगायतले ६८ औं राष्ट्रिय सहकारी दिवसको शुभकामना ब्यक्त गर्नु भएको छ ।

**सहकारी क्षेत्रका समाचारमूलक गतिविधी...**

## सहकारी शित भण्डार पूर्ण क्षमतामा सञ्चालन

पश्चिम नवलपरासीको सुनवल नगरपालिका(२ मुखियाटोलमा निर्माण गरिएको तीन हजार मेट्रिक टन क्षमताको शित भण्डार पूर्ण क्षमतामा सञ्चालनमा आएको छ । गत वर्षदेखि सञ्चालनमा रहेको सहकारी शित भण्डार सुरुवाती चरणमा एउटा मात्र चेम्बर सञ्चालनमा रहेपनि अहिले सामानहरू प्रयाप्त मात्रामा भएका कारण पाँच वटै चेम्बरहरू भरिएका छन् ।

२० करोड ९८ लाखको लागतमा डेढ बिघा जग्गामा क्षेत्रमा निर्माण गरिएको शीत भण्डारमा पाँच वटा चेम्बरहरू रहेका छन् । सहकारी शीत भण्डारमा स्थानीय उत्पादनसहित पुर्वी नवलपरासी, रूपन्देही, गुल्मी, चितवनबाट आएका आलु, स्याउ, मकै, चना, जाँगर, टमाटरले पाँच वटै चेम्बर भरिएको जिल्ला





सहकारी सङ्घका अध्यक्ष विष्णु पौडेलले जानकारी दिनुभयो । उहाँले सञ्चालनको सुरुवातमा केहि कम मात्रामा सामानहरू आयात हुँदा पूर्ण क्षमतामा सञ्चालन हुन नसके पनि अहिले ७० देखि ८० प्रतिशतले भरिएको बताउनु भयो।

संघका सचिव चण्डीप्रसाद पाण्डेले स्थानीय उत्पादन आलु भण्डारण गरिएको पनि बताउनु भयो।

गत वर्ष शीत भण्डार राम्रोसँग चल्न नसक्दा बरफ बेचेर भएपनि कर्मचारीको तलव भुक्तानी गरिएको थियो । अहिले पाँच वटै चेम्बर सञ्चालनमा आउदा वार्षिक आम्दानी बढ्ने भएको छ।

जिल्ला सहकारी सङ्घको अगुवाईमा आधुनिक शीत भण्डार निर्माणका लागि सङ्घीय सरकारको ६०, स्थानीय तहको २० र सहकारी संस्थाको २० प्रतिशत लगानी छ।

पछिल्लो समय जिल्लामा शीत भण्डार नहुँदा किसानहरूले उत्पादन गरेका कृषि उपजहरू भण्डारणका लागि जिल्ला बाहिर लैजानुपर्ने बाध्यता थियो।

## भुमही दुग्ध सहकारीद्वारा किसानलाई बोनस

सहकारी संस्था किसानको सहयोग बनेको छ । दुध उत्पादनक गर्ने किसानको लागी पश्चिम नवलपरासीको सुनवल १२ भुमहिमा रहेको भुमहि दुग्ध उत्पादक सहकारी संस्थाले २१ लाख बराबर बोनस रकम वितरण गरेको छ। गत आर्थिक वर्षमा सहकारीमा दुध विक्रि गर्दै आएका ३ सय जना पशुपालक किसानहरुलाई वर्षभरी दुध ९ लाख ८ हजार ८ सय २१ लिटर दुध विक्रि बापत २१ लाख रुपैयाँ बोनस रकम वितरण गरेको छ।

भुमहिमा आयोजित ३० औं वार्षिक साधारण सभामा उक्त रकम वितरण गरिएको छ । धैरै दुध बिक्रि गरेर ९४ हजार सम्म रकम पाउने दश जना किसानलाई उक्त कार्यक्रममा सम्मान सहित चेक वितरण गरिएको छ। उत्पादनको आधारमा कृषक बोनस कार्यक्रम अर्न्तगत किसानहरुलाई बोनस बापतको चेक रकम हस्तान्तरण गरेको सहकारीका व्यवस्थापक अग्नीधर भुषालले जानकारी दिनुभयो।

सहकारी क्षेत्रका समाचारमूलक गतिविधी...

एक वर्षको अवधिमा सबैभन्दा धैरै दुध विक्रि गरेका किसान विजय यादवले सबैभन्दा बढि ९४ हजार रुपैयाँ बोनस रकम पाउन सफल हुनुभएको छ । किसानहरुले बोनस रकम पाएपछि खुसि व्यक्त गर्दै सबैभन्दा पिडामा किसान भएको बेला सहकारीले बोनस रकम विवरण गरेर उर्जा थपेको बताएका छन । सो क्रममा सात जना उत्कृष्ट कृष र सात जना वृद्ध शेयर सदस्यहरुलाई पनि सम्मान गरिएको छ । गत आर्थिक वर्षमा लुम्बिनी प्रदेश सरकारले प्रतिलिटर एक रुपैयाँ ४६ पैसाको दरले ९ लाख रुपैयाँ दुधको अनुदान बापत किसाहरुलाई उक्त रकम प्रदान गरेको थियो । कृषि प्रधान मुलुकमा अझै पनि किसानहरुलाई सहज वातावरण बन्न नसकेको अवस्थामा सहकारीले किसानको एक रुपैयाँ र सहकारी मार्फत एक रुपैयाँ २५ पैसा प्रतिलिटर रकम जम्मा गरेर किसानहरुलाई बोनको रुपमा दशैको मुखमा वितरण गरेको सहकारीका अध्यक्ष भुपराज भट्टराईले बताउनुभयो। सहकारी किसानमैत्री बन्दै किसानका हितका कार्यक्रम संञ्चालन गर्दै आएको बताउदै किसानहरुलाई समयमै दुधको रकम भुक्तानी हुने वातावरण बनाउनुपर्नेमा अध्यक्ष भट्टराईले जोड दिनुभयो।

सहकारीले देशको विभिन्न असहज अवस्थाका कारण दुध विक्रि हुन नसक्दा नौनी, कुराउनी, पनीर बनाएर बेचेर पनि किसानहरुलाई रकम भुक्तानी गर्दै आएको जनाएको छ। सो सहकारीले एक वर्षमा १५ करोड ६३ लाखको आर्थिक कारोबार गर्दै ११ लाख ७५ हजार रुपैया शुद्ध नाफा आर्जन गर्न सफल भएको छ।

सो सहकारीमा ५ सय ७ जना महिला सहित ९ सय ४८ जना शेयर सदस्य रहेका छन्। साधारण सभामा अध्यक्ष भट्टराई सहित सचिव भेषराज न्यौपाने, कोषध्यक्ष ज्ञानप्रसाद भट्टराई, लेखा संयोजक कुश्माकर भुसालले सम्बन्धित प्रतिवेदन पेश गर्नुभएको थियो ।




सुनवल नगर प्रमुख बिमला अर्यालको प्रमुख आथिथ्यतमा भएको कार्यक्रममा सुनवलका निर्वतमान उपप्रमुख दधिराम अर्याल, संस्थाका सल्लाहाकार गणपती भट्टराई, वडाअध्यक्ष चुरामणी पौडल र कमल चुवाई लगायलते शुभकामना व्यक्त गर्नुभएको थियो।

## राईजिङ स्टारको १९औं साधारण सभा सम्पन्न

पश्चिम नवलपरासीको सुनवल १२ भुमहीमा रहेको राईजिङ स्टार बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १९ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ। खेलकुद र समाजिक हितका विभिन्न रचनात्मक क्रियाकलापमा सक्रिय राईजिङ स्टारले वार्षिक साधारण सभाका अवसरमा संस्थाको हितमा योगदान पुर्याउने विभिन्न क्षेत्रका व्यक्तिहरुलाई सम्मान गरेको सहकारीका अध्यक्ष प्रकाश पंगेनीले जानकारी दिनुभयो।

कार्यक्रममा बोल्दै सुनवल नगरपालिकाका उपप्रमुख सर्य दुवेले सहकारी संस्थालाई प्रभावकारी बनाउन सदस्यहरुको भूमिका महत्वपुर्ण हुने बताउनुभयो। संस्थाकारी संस्थाका सदस्यहरु सक्रिय भएमा संस्था पनि उत्कृष्ट हुने र बेथिति समेत नआउने भएकाले सबैले सक्रियता देखाउनुपर्नेमा दुवेले जोड दिनुभयो।

बर्दघाट नगरपालिकाका उपप्रमुख रुद्रप्रकाश उपाध्यायले सहकारी संस्थामा पछिल्लो समय देखिएको अराजकताको अन्त्यका लागी सरकार मात्र नभइ सहकारीकर्मीहरु सक्रिय र सजग बन्नुपर्ने बताउनुभयो। झन्डै तिस करोड बराबरको आर्थिक कारोबार गरेको सहकारीले ९५ लाख पचास हजार शुद्ध नाफा आर्जन गर्न सफल भएको छ।

**सहकारी क्षेत्रका समाचारमूलक गतिविधी...**

सो क्रममा अध्यक्ष पंगेनी सहित सहकारीका सचिव उपेन्द्रमान प्रधान, कोषाध्यक्ष चन्द्रकान्त सापकोटा, लेखा समिति संयोजक माधव प्रसाद पाण्डेले प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा सुनवल १२ का वडा अध्यक्ष चुरामणी पौडेल, निर्वतमान वडा अध्यक्ष यामलाल पाण्डे, संस्थाका सल्लाहाकार बलराम चापागाई लगायतले सहकारीको प्रगतीको शुभकामना व्यक्त गर्नुभएको थियो।

## धौलागिरि सहकारीको अध्यक्षमा पुनः बानिया

पश्चिम नवलपरासीको सुनवल नगरपालिका-२ मा रहेको धौलागिरि बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १५औं वार्षिक साधारण सभा तथा छैटौं अधिवेशनबाट अध्यक्षमा पुनः लक्ष्मण बानिया सर्बसम्मत चयन हुनु भएको छ।

९ सदस्यिय कार्यसमितीको उपाध्यक्षमा एकनरायण सुवेदी, सचिव पिताम्बर बस्याल, कोषाध्यक्ष कोपिला पौडेल, सदस्यहरुमा महादेव यादव, सिता पराजुली,राजेन्द्र यादव,पदम बहादुर क्षेत्रि, महरानी थारु रहेका छन् भने लेखा समितीमा संयोजक संजय थापा, रामनरायण राजभर, हेमलता चौधरीलाई चयन गरिएको निर्वाचन संयोजक लेखनाथ भण्डारीले जानकारी दिनुभएको छ।

साधारण सभामा अध्यक्ष बानियाले १ करोड २० लाख ८४ हजार कुल बचत संस्थामा रहेको र ऋण लगानी १ करोड १ लाख ४७ हजार रहेको प्रतिवेदन प्रस्तुत गर्नुभयो। जसबाट आर्थिक बर्ष २०८१/८२ मा शुद्ध संस्थाले २ लाख ६ हजार शुद्ध नाफा गरेको छ।

यस्तै संस्थापक अध्यक्ष गौतमले सहकारीमा सेयर सदस्यहरु थप बृदि गरि पुजी बढाउन आग्रह गर्दै बचत कर्ताहरुलाई ऋण लगानी गर्दा समयानुकुल परिमार्जन गरि लगानी गर्न सुझाव दिनुभयो। लेखा संयोजक रामनाथ पौडेलको लेखा प्रतिबेदन र कोषाध्यक्ष कोपिला पौडेलले बार्षिक आय ब्यय प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा संस्थापक अध्यक्ष धनमाया गौतमले सहकारी संस्थाको





विकास लागी सबै सदस्यहरु सक्रिय बन्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा संचालक समिती सदस्य सिता पराजुली, सचिव पिताम्बर बस्याल लगायतले धारणा व्यक्त गर्नुभएको थियो । संस्थाको थप विकासका लागी पारदर्शिता, उत्तरदायित्व तथा कर्मचारीको क्षमता अभिवृद्धि गर्न तालिम गोष्ठीको व्यवस्था गर्नुपर्ने निष्कर्ष सभाले निकालेको छ । उक्त सहकारी विक्रम संवत २०६८ सालमा स्थापना भएको हो ।

## रामग्राम बहुउद्देशीयको साधारण सभा सम्पन्न

आइतबार, पुस २७, २०८२

पश्चिम नवलपरासीको रामग्राम नगरपालिका वडा नम्बर ५ परासीमा रहेको रामग्राम बहुउद्देशीय सहकारी संस्था लिमिटेडको चौथों वार्षिक साधारण सभा सम्पन्न भएको छ । संस्थाका अध्यक्ष शिवेन्द्र शाहको अध्यक्षता भएको कार्यक्रममा बोल्दै प्रमुख अतिथि रामग्राम नगरप्रमुख धनपत यादवले नगरभित्र रहेका सहकारी छानबिन गरि नियमनमा ल्याउने बताउनुभयो ।

नगरपालिकाले किसानहरुको लागि मल बिउको उचित व्यवस्थापनको पहल गर्दे आएको बताउनुभयो । रासानियक मल स्थानीय सरकारले खरिद गर्न नपाउने भएकाले समस्या भएको बताउदै मलको कोटा बढाउन प्रदेश सरकार संग पहल गदै आएको उल्लेख गर्नुभयो ।

कार्यक्रममा आ.व. २०८१/८२ को आर्थिक प्रतिवेदन प्रस्तुत गर्दै संस्थाका कोषाध्यक्ष विनयकुमार यादवले संस्था कुल १ करोड ८७ लाख ७० हजार ९ सय २० रुपैयाँ कुल आम्दानी गरि ८३ हजार ४ सय शुद्ध नाफा गरेको जानकारी दिनुभयो । संस्थामा कुल ४४ जना शेयर सदस्य रहेको र १९२ महिला,६९५ पुरुष गरि ८८७ जना बचतकर्ता रहेको अध्यक्ष शाहले बताउनुभयो । उहाँका अनुसार संस्थाले दुई पांग्रे सवारी साधनमा फाइनेन्सको सुविधा उपलब्ध गराउँदै आएको जानकारी दिनुभयो ।

सहकारी क्षेत्रका समाचारमूलक गतिविधी...

संस्थाले चालु आर्थिक वर्ष २०८२/८३ मा १२ सय जना बचतकर्ता पुऱ्याई कुल ३ करोडको कारोवार गर्ने लक्ष्य राखिएको कोषाध्यक्ष यादवले जानकारी दिनुभयो । सो अवसरमा समाजसेवी रामसुभग गुप्ता,संस्थाका उपाध्यक्ष बदरे आलम,सेयर सदस्य ओम नारायण थारु लगायतले बोल्नुभएको कार्यक्रम संचालक अमन गुप्ताले जानकारी दिनुभयो ।

## साना किसान सुक्रौलीमा यादव सर्वसम्मत

बिहीबार, माघ २९, २०८२

परासी । साना किसान सहकारी संस्था लि. सुक्रौलीको १५ बार्षिक साधारण सभा र पाँचौ निर्वाचन कार्यक्रम सम्पन्न भएको छ । संस्थाकी तदर्थ समितिकी संयोजक भूमिसुधारी थारूको अध्यक्षता र रामग्राम नगरपालिका वडा नं. १५ का अध्यक्ष धनपत यादवको प्रमुख आतिथ्यमा साधारण सभा सम्पन्न भएको हो ।

सो अवसरमा अध्यक्ष यादवले गरीव किसानको सामाजिक र आर्थिक अवस्था सुधार सहकारीको प्रमुख कार्य हुनु पर्ने बताउनु भयो । उहाँले सहकारीका शेयर सदस्य कृषक भएकोले बचत तथा ऋणको परिचालन, कृषि उत्पादन, सहकारी मार्फत मल, खाद बीउविजन र औजार वितरण गर्नुपर्ने बताउनु भयो । अध्यक्ष यादवले कृषकलाई व्यवसायीक बनाउन वडातहबाट सहकारीसँग सहकार्य गर्नु प्रतिवद्धता व्यक्त गर्नुभयो ।

सहकारीमा हाल एक हजार ८९ जना शेयर सदस्य रहेका छन् । संस्थाले सदस्यहरूले गरेको बार्षिक कारोबारबाट आ.ब.२०८१।०८२ मा ६७ लाख ४४ हजार नाफा आर्जन गर्न सफल भएको संस्थाकी व्यवस्थापक पुनम यादवले जानकारी दिनुभयो । उहाँका अनुसार सहकारीमा एक करोड चालिस लाखभन्दा बढी भाखा नाघेको रकम रहेको छ भने हाल ८ करोड







११ लाख ७२ हजार ऋण लगानीमा भएको छ।

साधारण सभाको अवसरमा रामग्राम सहकारी सञ्जालका अध्यक्ष एवं सामुदायिक रेडियो परासीका प्रवन्ध निर्देशक मेघराज गौतम, सहकारीको तर्फबाट आशाकुमारी भुजेल, लेखा समिति संयोजक अमृताकुमारी चौधरी लगायतले शुभकामना व्यक्त गर्नुभएको हो।

संस्थाको पाँचौ निर्वाचन कार्यक्रमबाट अध्यक्षमा कमलप्रसाद यादव सर्वसम्मत चयन हुनु भएको छ। यस्तै उपाध्यक्षमा जामुन्ती चौधरी, सचिवमा सृजना कुर्मी, कोषाध्यषमा प्रेमशिला यादव, सदस्यहरूमा रविनप्रसाद गुप्ता, सरस्वतीकुमारी चौधरी, प्रमीलाकुमारी चौधरी र किसमती चौधरी सर्वसम्मत चयन हुनु भएको निर्वाचन संयोजक केशव पाण्डेले जानकारी दिनुभयो।

यसअघि संस्थाकी अध्यक्ष मिरा चौधरी अध्यक्ष भएपनि संस्थामा साधारण सभा, निर्वाचन र नेतृत्व सम्बन्धी विवाद भएपछि माघ मसान्तभित्र रामग्राम नगरपालिकाले संस्थालाई साधारण सभा र निर्वाचन गर्न निर्देशन जारी गरेको थियो।

## परासी सञ्चार सहकारीको १८औं साधारण सभा सम्पन्न

परासी। परासी सूचना तथा सञ्चार सहकारी संस्था लिमिटेडको १८औ वार्षिक साधारण सभा परासीमा सम्पन्न भएको छ। सहकारीले २०६५ सालदेखि परासी क्षेत्रमा सामुदायिक रेडियो परासी ९०.२ मेगाहर्ज सञ्चालनमा ल्याएको हो। "शिक्षा सूचना र मनोरञ्जनको विकासका लागि सामुदायिक रेडियो परासी" भन्ने मूल नाराका साथ सहकारीले १८ औ वार्षिक साधारण सभा सम्पन्न गरेको हो।

सहकारी संस्थाका अध्यक्ष राजकुमार रेशमीको अध्यक्षता र पूर्व स्वास्थ्य मन्त्री हृदेश त्रिपाठीको प्रमुख आतिथ्यमा साधारण सभा सम्पन्न भएको हो।

सो अवसरमा बोल्दै पूर्वमन्त्री त्रिपाठीले सामुदायिक रेडियो परासीले नवलपरासी र आसपासको क्षेत्रमा सूचना र सञ्चारका क्षेत्रमा पुऱ्याएको योगदानको प्रशंसा गर्नुभएको छ। पूर्वमन्त्री त्रिपाठीले देशको जटिल परिस्थितिमा सञ्चारको भूमिका अझ महत्वपूर्ण हुनुपर्ने बताउनुभयो।

यस्तै पूर्वगृह राज्यमन्त्री देवेन्द्रराज कण्डेलले सामुदायिक रेडियो परासी यस क्षेत्रको अग्रणी सञ्चार माध्यम भएको बताउनुभयो। उहाँले रेडियोको समावेशी आवाज नारालाई प्राथमिकता दिँदै निरन्तर प्रसारणमा जोड दिनुपर्ने बताउनुभयो।

यस्तै साधारण सभामा संविधान सभा सदस्य अलाउँदिन अन्सारीले सहकारीको भावनाअनुसार सहकार्य र सहअस्तित्व स्थापना गर्न समुदाय स्तरमा रेडियोले खेलेको भूमिका प्रशंसनीय रहेको बताउनुभएको छ। १८ औं वार्षिक साधारण सभाको अवसरमा संस्थापक अध्यक्ष सुमन गोपाल आचार्यले सामुदायिक रेडियो परासी समुदायको आफ्नै रेडियो भएकोले यस क्षेत्रका हरेक तह र समुदायलाई समेट्दै रेडियोको कार्यक्षेत्रलाई फराकिलो बनाउने विश्वास व्यक्त गर्नुभयो

साधारण सभामा संगठनात्मक प्रतिवेदन सचिव तोरेन्द्र जिसी, संस्थाको लेखा प्रतिवेदन कोषाध्यक्ष चन्द्रमणि चौधरी र लेखा सुपरिवेक्षण प्रतिवेदन संयोजक पेउ नारायण न्यौपानेले प्रस्तुत गर्नुभएको हो। सबै प्रतिवेदनहरू साधारण सभाले सर्वसम्मत पास गरेको छ। साधारण सभामा बोल्दै अध्यक्ष रेशमीले स्वर्गीय धर्मपत्नी कमला रेशमीको नाममा एक लाख रुपैयाँको स्मृति कोष स्थापना गर्ने घोषणा गर्नुभएको छ।

सहकारी क्षेत्रका समाचारमूलक गतिविधी...

## सयपत्रीद्वारा आयोजित रक्तदानमा २८ रक्तदाताले गरे रक्तदान

असोज २, २०८२

नवलपरासी। सुनवलमा भएको खुल्ला रक्तदान





कार्यक्रममा ४ जना महिला सहित २८ जनाले रक्तदान गरेका छन् । सयपत्री बचत तथा ऋण सहकारी संस्था लि.ले खुल्ला रक्तदान कार्यक्रम सम्पन्न गरेको छ।

संस्थाले सुनवलमा विभिन्न सामाजिक कार्यमा सक्रिय २ वटा क्लबको सहकार्यमा रक्तदान कार्यक्रम गरेको हो । लाएन्स क्लव अफ सुनवल र लियो क्लव अफ सुनवलको सहकार्यमा खुल्ला रक्तदान कार्यक्रम गरेको सहकारीका व्यवस्थापक टिकाराम तिमिल्सीनाले नेपाली चेली अनलाईनलाई जानकारी दिनु भयो।

संस्थाका अध्यक्ष कृष्णवन्धु अर्यालको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाका पूर्वअध्यक्षहरू, देवकोटा क्याम्पस सुनवलका अध्यक्ष कृष्णप्रसाद लामिछाने, जिल्ला सहकारी संघ लि.का अध्यक्ष विष्णुप्रसाद पौडेल, नेपाल रेडक्रस सोसाईटी उपशाखा सुनवलका पदाधिकारीहरू, संस्थाका शेयर सदस्यहरू र कर्मचारीहरूको सहभागिता रहेको थियो। रक्तदान कार्यक्रमको प्राविधिक सहयोग नेपाल रेडकस सोसाइटी जिल्ला शाखा नवलपरासीले गरेको हो।

**सहकारी क्षेत्रका समाचारमूलक गतिविधी...**

## सुनवलमा व्यवस्थापकका लागि लेखा व्यवस्थापन तालिम

परासी १५ चैत्र, २०८२ । सुनवल नगरपालिकामा सहकारी संस्थाका व्यवस्थापक तथा कर्मचारीहरुलाई लक्षित गर्दै चार दिने लेखा व्यवस्थापनसम्बन्धी तालिम यहि चैत्र १५ गते समापन गरिएको छ । सुनवल नगरपालिका आर्थिक विकास शाखाको आयोजनामा कार्यक्रम सञ्चालन गरिएको आर्थिक विकास शाखा प्रमुख सन्तोष यादवले जानकारी दिनुभयो।

चार दिनसम्म सञ्चालन भएको तालिममा सहकारी संस्थाको प्रभावकारी सञ्चालनका लागि आवश्यक लेखा प्रणाली, वित्तीय पारदर्शिता र अभिलेख व्यवस्थापनबारे प्रशिक्षण दिइएको छ।

कार्यक्रममा सहभागीहरुलाई सहकारी क्षेत्रको दिगोपन र संस्थागत सुदृढीकरणका लागि आधुनिक लेखा प्रविधि अपनाउन आग्रह गरिएको छ।

कार्यक्रममा बोल्दै सुनवल नगरपालिकाकी नगर प्रमुख बिमला अर्यालले सहकारी मार्फत समृद्ध समाज निर्माणका लागि आवश्यक पहल जरुरी रहेको बताउनुभयो । सहकारी संस्थाले पुँजी परिचालन गर्दा उत्पादनशील र उद्यमशील क्षेत्रमा लगानी गर्न सकेमात्र सेयर सदस्यहरूको जीवनमा परिवर्तन आउने बताउनुभयो।

उहाँले सहकारी संस्था सदस्य-केन्द्रित भएकाले यसको व्यवस्थापन पारदर्शी र उत्तरदायी हुनुपर्नेमा जोड दिनुभयो। उहाँले सही लेखा व्यवस्थापनले सहकारीप्रति सदस्यको विश्वास अभिवृद्धि गर्ने सकिने बताउनु भएको छ।

कार्यक्रममा सामुदायिक रेडियो परासी ९०.२ मेगाहर्जका प्रबन्ध निर्देशक मेघराज गौतमले शिक्षा तालिम र सूचना मार्फत सदस्यहरूलाई सहकारीमा सक्रिय बनाउनु आजको आवश्यकता भएको बताउनुभयो।

कार्यक्रममा आर्थिक विकास समितिकी संयोजक सीता भण्डारी, सहभागीहरूको तर्फबाट भावना आचार्य र भीमबहादुर थापा लगायत बोल्नुभएको थियो।

चार दिनसम्म चलेको तालिममा सहकारी प्रशिक्षण शिक्षालय बाँकेका प्रमुख आलोक कुमार ओझाले प्रशिक्षण दिनुभएको शाखा प्रमुख यादवले जानकारी दिनुभयो।

## प्रगतिशीलले रक्तदान गरी २० औं स्थापना दिवस मनायो

मीना केसी, सुनवल । नवलपरासी सुनवल-९ स्वाठीस्थित प्रगतिशील बचत तथा ऋण सहकारी संस्था लि.ले आफ्नो २० औं स्थापना दिवस तथा वार्षिकोत्सव रक्तदान कार्यक्रम गरी मनाएको छ। सहकारी संस्थाकी अध्यक्ष तुलसी कुँवरको अध्यक्षता तथा सुनवल






नगरपालिकाकी नगरप्रमुख बिमला अर्यालको प्रमुख आतिथ्यमा कार्यक्रम गरिएको हो।

रक्तदान कार्यक्रममा १७ जना रक्तदाताले रक्तदान गरेका छन्। रक्तदानको प्राविधिक सहयोग रक्तसञ्चार केन्द्र परासीले गरेको हो।

कार्यक्रममा नगरप्रमुख अर्यालले रक्तदान जीवन दान भएको भन्दै सहकारीले गरेको रचनात्मक कामको प्रसंशा गर्नुभयो। उहाँले सहकारी बचत तथा ऋणमा मात्र सीमित नरही सीपमूलक तालिम, सुत्केरी सहयोग लगायत सामाजिक कार्यहरू गर्दै आएकोमा प्रशंसा गर्दै आगामी दिनमा अझ सृजनात्मक कार्यक्रम सञ्चालन गर्ने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी नवलपरासीका उपसभापति कृष्ण लामिछानेले १८ देखि ६० वर्ष उमेर समूह र कम्तीमा ४५ किलो तौल भएका व्यक्तिहरूले मात्र रक्तदान गर्न मिल्ने बताउनुभयो। २०६३ सालमा स्थापना भएको सहकारीमा हाल एक हजार २०० भन्दा बढी शेयर सदस्य र करिब १३ करोड रुपैयाँको आर्थिक कारोबार गरिरहेको संस्थाले जेष्ठ नागरिक सम्मान, तिर्थ भ्रमण, सुत्केरी राहत तथा सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दै आएको अध्यक्ष कुँवरले नेपालीचेली अनलाईनलाई बताउनु भयो।

सहकारी क्षेत्रका समाचारमूलक गतिविधी...

कार्यक्रममा संस्थाका उपाध्यक्ष मुक्तिराम पराजुली लगायतले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको कार्यक्रम सञ्चालक बिन्दु पौडेल जानकारी दिनुभयो।

## महिला जागरणका एक सय ५० महिला सदस्ले लिए सहकारी तालिम

सरावल। महिला जागरण बहुउद्देशीय सहकारी संस्था लि. सरावल नवलपरासीले आफ्ना शेयर सदस्यहरूलाई सहकारी शिक्षा तालिम सम्पन्न गरेको छ। संस्थाका १५० जना नयाँ र केही पुराना शेयर सदस्यहरूको उपस्थितिमा सहकारी शिक्षा सम्बन्धी तालिम सञ्चालन गरिएको संस्थाले जनाएको हो।

सहकारी शिक्षा उपसमितिकी संयोजक मञ्जु चौधरीको अध्यक्षता र संस्थाकी अध्यक्ष प्रेमकुमारी चौधरीको प्रमुख आतिथ्यमा तालिम सञ्चालन गरिएको हो।


सो अवसरमा अध्यक्ष चौधरीले महिलाहरूलाई सहकारीमा सक्रिय बनाउन र सदस्यहरूलाई नियमित कारोबारका लागि प्रोत्साहन गर्न सहकारी शिक्षामूलक तालिम सञ्चालन गरिएको बताउनु भयो। संस्थाका अनुसार सहकारीमा एक हजार एकसय ५० जना शेयर सदस्यहरू रहेका छन् उनीहरुलाई क्रमैसँग सहकारी शिक्षामूलक प्रशिक्षण प्रदान गरिने अध्यक्ष चौधरीले बताउनु भयो।

विभिन्न समयमा भएको तालिममा सामुदायिक रेडियो परासीका प्रवन्ध निर्देशक एवं सहकारी प्रशिक्षक मेघराज गौतमले सहजिकरण गर्नु भएको संस्थाकी व्यवस्थापक रमासिंह थारुले जानकारी दिनुभयो।

सहकारी एउटा यस्तो संगठन हो जहाँ व्यक्तिले आफ्नो आर्थिक हितलाई अघि बढाउन समानताको आधारमा मानवीय तरीकाले स्वेच्छाले एक अर्कालाई सहयोग पुऱ्याउछन्। – **केल्वर्ट**

६९ औं राष्ट्रिय सहकारी दिवस २०८२ को उपलक्ष्यमा सहकारीका
शेयर सदस्य, सहकारी संस्था तथा सहकारीकर्मीहरुमा
**हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।

**लक्ष्मण कुशवाह**
व्यवस्थापक



**योगेन्द्र प्रसाद बानिया**
अध्यक्ष

**कुबेर बचत तथा ऋण सहकारी संस्था लि.**
सरावल-६, भुजहवा, नवलपरासी

६९ औं राष्ट्रिय सहकारी दिवस २०८२ को उपलक्ष्यमा सहकारीका
शेयर सदस्य, सहकारी संस्था तथा सहकारीकर्मीहरुमा
**हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।

**किरन चौधरी**
व्यवस्थापक



**शोभा देवी थारु**
अध्यक्ष

**बन्जरिया महिला बचत तथा ऋण सहकारी संस्था लि.**
रामग्राम-१८, बन्जरिया, नवलपरासी

सहकारिता संयुक्त स्वामित्व र प्रजातान्त्रिक नियन्त्रणयुक्त व्यवसायमार्फत साझा आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता र आकांक्षाहरुको परिपूर्ति गर्न स्वेच्छाले संगठित भएका व्यक्तिहरुको स्वायत्त संगठन हो । – **आई.सि.ए. १९९५**

*"उद्यमशिलता र पारदर्शिताः सहकारीको प्राथमिकता"*

६९ औं राष्ट्रिय सहकारी दिवस २०८२ को उपलक्ष्यमा सहकारीका शेयर सदस्य, सहकारी संस्था तथा सहकारीकर्मीहरुमा

**हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।

**रेखा भट्टराई**
नि. व्यवस्थापक

**प्रकाश पंगेनी**
अध्यक्ष

## राइजिङ्ग स्टार बचत तथा ऋण सहकारी संस्था लि.

सुनवल-१२, भूमही, नवलपरासी

*"उद्यमशिलता र पारदर्शिताः सहकारीको प्राथमिकता"*

६९ औं राष्ट्रिय सहकारी दिवस २०८२ को उपलक्ष्यमा सहकारीका शेयर सदस्य, सहकारी संस्था तथा सहकारीकर्मीहरुमा

**हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।

**भूपराज भट्टराई**
अध्यक्ष

## भूमही दुग्ध उत्पादक सहकारी संस्था लि.

सुनवल-१२, भूमही, नवलपरासी

# सहकारीमा बारम्बार सोधिने केही प्रश्नहरू

- **सहकारी भनेको के हो ?**

✎ सदस्यहरुको संयुक्त स्वामित्व र प्रजातान्त्रिक नियन्त्रणबाट सञ्चालित व्यवसायमार्फत आफ्ना साझा आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय आवश्यकता एवं आकांक्षाहरु पूरा गर्न स्वेच्छिक रुपमा एकजुट हुने व्यक्तिहरुको स्वायत्त संगठन नै सहकारी हो।

- **सहकारीका मूल्यहरु के–के हुन् ?**

✎ आधार मूल्यहरुः स्वाबलम्वन, स्वउत्तरदायित्व, लोकतन्त्र, समानता, समता र ऐक्यबद्धता।

✎ नैतिक मूल्यहरुः इमान, खुलापन, सामाजिक उत्तरदायित्व र अर्काको ख्याल।

- **सहकारीका मान्यताहरु के–के हुन् ?**

क) नाफामा सहभागी नहुनेः अर्काको श्रम वा अर्काले तिरेको अतिरिक्त मूल्यमा लाभ नलिने

ख) उपकारको भर नपर्नेः अरुको कल्याणको आस नगर्ने।

ग) गैर सदस्यसँग कारोबार नगर्नेः सहकारी संस्थाले व्यावसायिक सेवा सदस्यमा सीमित राख्ने।

घ) गैर सदस्यलाई सेवा दिनेः सदस्यको आर्थिक फाइदासँग असम्बन्धित सेवाहरु अर्थात् गैर व्यवसायिक सेवा गैर सदस्यलाई दिने।

ङ) सकारात्मक कार्य गर्नेः लैङ्गिक तथा अन्य कुनै पनि आधारमा भेदभाव नगरी समान सहभागिताको आदर्शमा काम गर्ने। सामाजिक सीमान्तीकरणमा परेका सदस्यलाई अगाडि ल्याउन सकारात्मक पहल गर्ने।

- **सहकारीका सात अन्तर्राष्ट्रिय सिद्धान्तहरु के–के हुन् ?**

✎ ऐच्छिक तथा खुल्ला सदस्यता

✎ सदस्यको लोकतान्त्रिक नियन्त्रण

✎ सदस्यको आर्थिक सहभागिता

✎ स्वायत्तता तथा स्वतन्त्रता

✎ शिक्षा, तालिम र सूचना

✎ सहकारी संस्थाहरुका बीच सहयोग

✎ समुदायप्रतिको सरोकार

- **सहकारी क्षेत्रसँग सम्बन्धित नियामक निकाय कुन–कुन हुन् ?**

✎ संघ - भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र सहकारी विभाग,

✎ प्रदेश-भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र सहकारी विभाग वा महाशाखा,

✎ स्थानीय तह-महानगरपालिका, उपमहानगरपलिका, नगरपालिका र गाउँपालिका।

- **कस्ता व्यक्ति सहकारी संस्थाको सदस्य बन्न सक्दछन ?**

✎ सहकारी संस्थाको कार्यक्षेत्रभित्र बसोबास गरी रहेका सोह्र वर्ष उमेर पूरा गरेका नेपाली नागरिकहरु,

✎ नेपाल सरकार, प्रदेश सरकारका निकायहरू, स्थानीय तहका साथै संस्थाको कार्यक्षेत्रभित्रका सहकारी विद्यालय र सामुदायिक विद्यालय, गुठी, स्थानीय क्लब, स्थानीय तहमा गठन भएका गैर नाफामूलक संस्था, उत्पादन र सेवामूलक सङ्घ संस्था, उपभोक्ता समूहहरू।

- **संस्थामा शेयर सदस्य र सञ्चालक बीच के फरक छ ?**

✎ सदस्य भन्नाले सहकारी संस्थाबाट उपलब्ध हुने सेवा उपयोग गर्ने गरी संस्थाबाट लागू गरिएका शर्त तथा बन्देजहरु पालना गर्ने गरी संस्थामा शेयर लगानीसमेत गरेर सदस्यता प्राप्त गरेको व्यक्ति हुन भने यस्ता सदस्यहरु मध्येबाट सहकारी ऐन, २०७४ को दफा ४१ बमोजिम निर्वाचित हुने व्यक्तिहरु सञ्चालक हुन्।

- **कुनै सहकारी संस्था वा संघको शेयर सदस्य बने पश्चात कुन–कुन विषयमा ध्यान पुऱ्याउनु पर्दछ ?**

✎ संस्थाले समयमा नै साधारण सभा गरेको छ/ छैन ?

- सबै सदस्यलाई समान व्यवहार गरेको छ/छैन ?
- ऋण लगानी कुन-कुन क्षेत्रमा गरेको छ ?
- ऋण लगानीमा ब्याजदर कति छ ?
- नियामक निकायले सन्दर्भ ब्याजदर कति तोकेको छ ?
- ऋण लगानीमा सदस्य र सञ्चालकलाई लिने ब्याजदर फरक छ कि समान छ ?
- ऋण लगानीबाट प्राप्त हुने ब्याज समय सीमाभित्र नबुझाउँदा साँवामा जोडेर (पूँजीकृत) त्यसमा पनि ब्याज लिएको छ कि ?
- विभागले लागू गरेको सहकारी तथा गरिबी सम्वन्धी व्यवस्थापन सूचना (प्रणाली COPOMIS) मा आबद्ध भएको छ/छैन ?
- प्रचलित सहकारी कानून तथा संस्थाको विनियम बमोजिम संस्थाले काम गरेको छ/छैन ?

- **सहकारी संस्थाको कोष भन्नाले के बुझिन्छ ?**
  - सहकारी संस्थामा आबद्ध सदस्य एवं समुदायको हित प्रवर्धन तथा उन्नयनको लागि व्यवस्था गरिएका विभिन्न प्रकारका कोषहरुलाई नै सहकारी संस्थाको कोष भनिन्छ।

- **लाभांश भनेको के हो ?**
  - शेयर सदस्यले सहकारी संस्थामा पूँजी लगानी गरेबापत वार्षिक रुपमा संस्थाबाट प्राप्त गर्ने प्रतिफल नै लाभांश हो।

- **साधारण सभा भनेको के हो, कहिले सम्पन्न गर्ने र कहाँ प्रतिवेदन गर्ने ?**
  - साधारण सभा भन्नाले संस्थाका शेयर सदस्यहरुको उपस्थितिमा हुने वार्षिक नियमित सभालाई बुझिन्छ। सहकारी ऐन, २०७४ को दफा ३९ अनुसार साधारण सभा आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिनाभित्र सम्पन्न गर्नुपर्दछ। यो संस्थाको सर्वोच्च अंग हो। यसले सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्ने र संस्था सञ्चालनको लागि आवश्यक सम्पूर्ण नीतिगत निर्णयहरु गर्ने गर्दछ।
  - साधारण सभाको प्रतिवेदन १५ दिनभित्र आआफ्नो नियमनकारी निकायमा पेश गर्नु पर्दछ

- **लेखा सुपरिवेक्षण समिति भनेको के हो ? यसले के के काम गर्दछ ?**
  - सहकारी ऐन, २०७४ को दफा ४८ बमोजिम साधारण सभाबाट निर्वाचित समिति नै लेखा सुपरिवेक्षण समिति हो। प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने, वित्तीय तथा आर्थिक कारोबारको निरीक्षण तथा मूल्याङ्कन गर्ने, सञ्चालक समितिको काम कारवाहीको नियमित सुपरिवेक्षण गर्ने र आवश्यक सुझाव दिने तथा आफ्नो प्रतिवेदन साधारण सभामा पेश गर्ने काम गर्दछ।

- **सहकारी संस्था वा संघलाई विषयगत आधारमा कसरी वर्गीकरण गरिएको छ ?**
  - उत्पादक संस्था वा संघ
  - उपभोक्ता संस्था वा संघ
  - श्रमिक संस्था वा संघ
  - वित्तीय संस्था वा संघ
  - बहुउद्देश्यीय संस्था वा संघ

- **दोहोरो सदस्यता के हो ?**
  - कुनै एक व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिको एकभन्दा बढी सहकारी संस्थामा सदस्य नै दोहोरो सदस्यता हो। सहकारी ऐन, २०७४ को दफा ३२ मा व्यवस्था गरिए अनुसार दोहोरो सदस्यता लिनु दण्डनीय कार्य हो।

- **गैर-सदस्य कारोबार भनेको के हो ?**
  - सहकारी संस्थाले शेयर सदस्य बाहेक अन्य व्यक्तिसँग गरेको कारोबार नै गैर-सदस्य कारोबार हो र प्रचलित सहकारी कानूनमा यस्तो कारोबार गर्न बन्देज गरिएको छ।

- **संस्थाको मुख्य कारोबार भनेको के हो ?**

➢ सहकारी ऐन, २०७४ को दफा २ को खण्ड (ज) मा उल्लेख भए अनुसार सहकारी संस्थाहरुले कारोबार गर्न अनुमति लिएको मुख्य-मुख्य विषय वा क्षेत्र संस्थाको मुख्य कारोबार हो।

- **सन्दर्भ ब्याजदर के हो र हाल कति छ ?**

➢ सन्दर्भ ब्याजदर सदस्यले सहकारी संस्थाबाट ऋण लिएपछि तिर्नु बुझाउनु पर्ने अधिकतम ब्याजदरको सीमा हो। मिति २०७७।०७।१५ गतेदेखि १४.७५ प्रतिशत निर्धारण गरी लागू गरिएको छ।

- **सेवा शुल्क के हो र हाल कति छ ?**

➢ सहकारी संस्थाले ऋण लगानी गर्दा प्रशासनिक खर्च बापत लिन सक्ने शुल्क नै सेवा शुल्क हो। विभागले मिति २०७७।१०।१ देखि लागू हुने गरी बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको लागि १ प्रतिशत र सामूहिक जमानतमा लघुवित्त कारोबार गर्ने सहकारी संस्थाको हकमा १.५ प्रतिशत सेवा शुल्क तोकेको छ।

- **एकीकरण भनेको के हो ?**

➢ सहकारी ऐन, २०७४ को दफा ८७ को उपदफा (१) अनुसार दुई वा दुईभन्दा बढी सहकारी संघसंस्थाहरु एक आपसमा गाभिएर एकै सांगठनिक एकाई बनाउने कार्यलाई एकीकरण भनिन्छ। एकीकरणमा साविक संस्थाका सदस्यहरु स्वतः नयाँ सदस्य बन्ने र सम्पत्ति र दायित्वसमेत एकीकृत हुन्छ।

- **सदस्य केन्द्रीयता सूचकाङ्क (MCI) भनेको के हो ?**

➢ सहकारी संघसंस्थाहरुले गर्ने हरेक क्रियाकलाप र त्यसबाट प्राप्त हुने लाभ आफ्ना सदस्यहरुलाई केन्द्रमा राखी निजहरुको हित हुने गरी गर्नुपर्ने मान्यता नै सदस्य केन्द्रीयता हो। संस्थामा यस विषयको कार्यान्वयन अवस्थाको मापन गर्न संस्थापकीय सरोकार, संरक्षकीय बन्धन र सञ्चालकीय सक्रियता जस्ता सूचकांकहरु तय गरिएका छन् र ती सूचकहरुको सूचीलाई सदस्य केन्द्रीयता सूचकाङ्क भनिन्छ।

- पर्ल्स भनेको के हो ?

➢ पर्ल्स भनेको सहकारी संस्थाहरुको लगानीमा रहेको पूँजी, ऋण, सम्पत्ति, दायित्व जस्ता जोखिम क्षेत्र मापन गर्ने सूचकहरुको एकीकृत रुप हो। विश्वब्यापी रुपमा यस कार्यका लागि धेरै प्रकारका सूचकहरु प्रयोग गरिने भएतापनि हाल सहकारी विभागले १४ वटा सूचकहरुको आधारमा मूल्याङ्कन गर्ने गरेको छ।

- **पर्ल्स (PEARLS) को विस्तारित रुप के हो ?**

➢ P = Protection Indicators (सुरक्षणसँग सम्बन्धित सूचकहरू), E Structure (प्रभावकारी वित्तीय संरचना), A = Assets Quality (सम्पत्तिको गुणस्तर), R = Rate या Return and Cost (प्रतिफल र खर्चको दर), L = Liquidity (तरलता) र S=Sign of Growth (वृद्धि संकेतका सूचक) हो।

- **सहकारी संस्थाहरुले के-कस्ता अनुदान पाउने व्यवस्था छ ?**

➢ सहकारी संस्थाहरुले सहकारी विभागबाट वार्षिक स्वीकृत कार्यक्रमको परिधिभित्र रहेर पूँजीगत अनुदान, कार्यक्रम अनुदान र बीउ पूँजी अनुदान पाउने व्यवस्था छ।

➢ **पूँजीगत अनुदानः** संस्थाहरुको पूँजी वृद्धि हुने खालका स्थिर सम्पति तथा पूर्वाधारहरुको बन्दोबस्त गर्नलाई दिइने अनुदान पूँजीगत अनुदान हो। यस प्रकारको अनुदान बचत तथा ऋणको मूख्य कारोबार गर्ने संस्थाबाहेक अन्य संस्थाहरुको आयोजनालाई मूल्याङ्कन गरेर साझेदारीमा काम गर्नका लागि पूँजीगत अनुदान दिइन्छ।

➢ **कार्यक्रम अनुदानः** सहकारी संघहरुलाई सहकारी क्षेत्रको प्रवर्धन तथा समग्र विकासका कार्यक्रमहरु सञ्चालन गर्नका लागि साझेदारीमा आधारित भई वार्षिक रुपमा प्राथमिकताका कार्यक्रमहरु कार्यान्वनका गर्न कार्यक्रम अनुदान प्रदान गरिन्छ।

➢ **बीउ पूँजी अनुदानः** सीमान्तकृत समुदाय, श्रमिक,

भूमिहीन कृषकहरु सम्मिलित सहकारी संस्थाले आफ्ना सदस्यहरुलाई सामूहिक वा व्यक्तिगत रुपमा वस्तु वा सेवा उत्पादन गरी स्वरोजगारीको अवसर दिलाउने आयोजनालाई प्रदान गरिने अनुदान बीउ पूँजी अनुदान हो।

यस प्रकारको अनुदान सहकारी संस्थामा नमासिने गरी बीउ पूँजीको रुपमा रहिरहने हुनुपर्छ

- **सम्पत्ति शुद्धीकरण भनेको के हो ?**

➱ अवैधानिक तथा गैरकानूनी क्रियाकलाप र माध्यमबाट गरिएको आय आर्जन र सम्पत्तिलाई विभिन्न माध्यमबाट वैधानिक बनाउने कार्य सम्पत्ति शुद्धीकरण हो।

- **सम्पत्ति शुद्धीकरण निवारण भनेको के हो ?**

➱ अवैधानिक तथा गैरकानूनी क्रियाकलाप र माध्यमबाट गरिएको आय आर्जन र सम्पत्तिलाई विभिन्न माध्यमबाट वैधानिक बनाउने कार्यलाई नियन्त्रण, निरुत्साहिन, छानविन तथा दण्ड गर्ने कार्य सम्पत्ति शुद्धीकरण निवारण हो।

- **कार्यान्वयन अधिकारी भनेको के हो ?**

➱ सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी सहकारी संघ संस्थालाई जारी गरिएको निर्देशन, २०७४ को दफा २४ बमोजिम सम्बन्धित सहकारी संस्था वा संघको तर्फबाट समन्वय, अनुगमन, प्रतिवेदन तथा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सम्पर्क विन्दुको रुपमा कार्य गर्ने गरी तोकिएको व्यक्ति कार्यान्वयन अधिकारी (Compliance Officer) हो।

- **शंकास्पद कारोबार (Suspicious Transaction) भनेको के हो ?**

➱ सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी सहकारी संघ संस्थालाई जारी गरिएको निर्देशन, २०७४ को दफा २० बमोजिमको चित्त बुझ्दो आधार र कारण बाहेकको कारोबार शंकास्पद कारोबार हो।

- **सीमा कारोबार (Threshold Transaction) भनेको के हो ?**

➱ सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी सहकारी संघ संस्थालाई जारी गरिएको निर्देशन, २०७४ को दफा १९ बमोजिम चित्त बुझ्दो आधार र कारणबाहेक एकै पटक वा पटक गरी दैनिक रु. १० लाख वा सो भन्दा बढी भएको जुनसुकै किसिमको कारोबार सीमा कारोबार हो।

- **असामान्य कारोबार भनेको के हो ?**

➱ सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ संस्थालाई जारी गरिएको निर्देशन, २०७४ को दफा १४ बमोजिम चित्त बुझ्दो आधार र कारण बाहेक वार्षिक रु. ३० लाखभन्दा बढी जुनसुकै किसिमको कारोबार असामान्य कारोबार हो।

- **वित्तीय जानकारी एकाइ (Financial Information Unit/FIU) भनेको के हो ?**

➱ सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी ऐन, २०६४ को दफा ९ बमोजिमको कार्य गर्ने गरी नेपाल राष्ट्र बैङ्कले तोकेको एकाइ बैङ्कले तोकेको एकाइ नै वित्तीय जानकारी एकाइ हो र यस एकाइले वित्तीय कारोबार गर्ने सबै निकायले पठाउने असामान्य कारोबार प्रतिवेदन, शंकास्पद कारोबार प्रतिवेदन (STR) तथा सीमा कारोबार प्रतिवेदन (ITR) जस्ता विवरणहरुको सूचना संकलन तथा प्रतिवेदन गर्ने काम गर्दछ।

- **सदस्य पहिचान (Know Your Member/ KYM) भनेको के हो ?**

➱ सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी सहकारी संघ संस्थालाई जारी गरिएको निर्देशन, २०७४ को दफा ३ बमोजिम सहकारी संस्थाले आफ्ना सदस्यहरुको पहिचान सम्बन्धमा संकलन गरेको विवरण सदस्य पहिचान (KYM) हो।

- **सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी सहकारी संघ संस्थालाई जारी गरिएको निर्देशन, २०७४ बमोजिमको प्रतिवेदन कहिले कहिले वित्तीय जानकारी एकाइ तथा नियामक निकायमा पठाउनु पर्छ ?**

| प्रतिवेदनका प्रकार | वित्तीय जानकारी एकाइमा पठाउनु पर्ने अवधि |
|---|---|
| सीमा कारोबार सम्बन्धी प्रतिवेदन (Threshold Report/TTR) | कारोबार भएको १५ दिन भित्र |
| शंकास्पद कारोबार सम्बन्धी प्रतिवेदन (Suspicious Transaction Report/STR) | कारोबार भएको ३ दिन भित्र |
| सम्पत्ति शुद्धीकरण निवारणको सम्बन्धमा नियामक निकायमा पठाउनु पर्ने नियमित प्रतिवेदन | वार्षिक रु. ५ करोड सम्मको आर्थिक कारोबार हुने संस्थाको हकमा वार्षिक रुपमा र |
| | वार्षिक रु. ५ करोडभन्दा बढी आर्थिक कारोबार हुने संस्थाको हकमा चौमासिक रुपमा । |


## सुनवल नगरपालिकाको नगरक्षेत्रका सहकारीहरुमा अनुरोध

- सहकारी ऐन, नियम र विनियम बमोजिम संस्था संचालन गर्ने ।
- सहकारीलाई प्रविधिमैत्री बनाउँदै सदस्यहरुको सेवालाई प्राथमिकता दिने ।
- सहकारीका मूल्य, मान्यता र सिद्धान्तलाई दैनिक व्यवहारमा लागू गर्ने ।
- नियमन निकायसंगको सम्बन्धलाई कायम राख्दै नियमित रिपोटिङ्ग गर्ने ।
- सदस्यहरुको सदस्य शिक्षा र सूचनाको ज्ञारेन्टी गर्ने ।
- सहकारीहरु समाजका भरपर्दा र जीवन्त संगठन भएकोले सामजिक उत्तरदायित्व पूरा गर्ने ।
- विषयगत क्षेत्रका सहकारीले लक्षित विषयलाई नै केन्द्रबिन्दुमा राखेर कारोबार गर्ने ।
- सहकारीको पूँजी परिचालन गर्दा उद्यमशिलता तथा उत्पादनमूलक क्षेत्रमा लगानी बृद्धि गर्दै लैजाने ।
- सहकारीको नियमित मासिक बैठक, रिपोटिङ्ग, लेखापरिक्षण, साधारण सभा, जिम्मेवारी हस्तान्तरण कार्यहरु ऐन विनियम बमोजिम तोकिएकै समयमा गरी सहकारी सुशासनलाई कायम राख्ने ।
- वार्षिक क्यालेन्डर नै बनाएर सहकारी गतिविधिहरु संचालन गर्ने ।

६९ औं राष्ट्रिय सहकारी दिवस २०८२ को उपलक्ष्यमा सहकारीका शेयर सदस्य सहकारी संस्था तथा सहकारीकर्मीहरुमा **हार्दिक शुभकामना** सहित

**सुनवल नगरपालिकाको कार्यालय**

सुनवल, नवलपरासी (ब.सु.प.), लुम्बिनी प्रदेश

# नोक्सान घटाउँदै नाफामुखी यात्रामा राष्ट्रिय सहकारी बैंक

राष्ट्रिय सहकारी बैंकले नोक्सानी न्यून गर्दै नाफामुखी यात्रा तय गरेको छ। नयाँ व्यावसायिक योजना अघि सार्दै खर्च नियन्त्रण र वित्तीय भार कम गर्ने नीति अपनाएसँगै बैंकको घाटा क्रमशः घट्दै गएको हो। आर्थिक वर्ष २०८०/८१ मा १ अर्ब ६६ करोड ६७ लाख ९९ हजार ९ सय ६४ रुपैयाँ घाटामा रहेको बैंक आ.व. २०८१/८२ मा आइपुग्दा ६९ लाख २१ हजार ८७८ रुपैयाँ मात्रै नोक्सानमा छ। सहकारीमा प्रवाह भएको कर्जा समयमै नउठ्दा अरबौं नोक्सानी ब्यहोरेको बैंकले नोक्सानी घटाउँदै वित्तीय रुपमा सबल हुँदै गएको तथ्यांकले देखाउँछ।

आ.व. २०८१/८२ मा बैंकले १ अर्ब ६५ करोड नाफा (कर्जा नोक्सानी व्यवस्था अघि) कमाएको छ। अघिल्लो वर्ष यस्तो नाफा १ अर्ब १७ लाख मात्रै थियो। आ.व. २०८१/८२ मा बैंकको सञ्चालन नोक्सान ६ लाख ७ हजार रुपैयाँ मात्रै छ। यस्तो नोक्सान गत आ.व.मा २ अर्ब ९ करोड ५१ लाख रुपैयाँ थियो। कर्जाको माग अपेक्षाकृत न्यून रहँदा सहकारी बैंकले ठूलो मात्रामा रकम अन्य बैंक तथा वित्तीय संस्थामा राख्नुपरेको छ। कर्जा प्रवाह घटेपछि मुख्य आम्दानी स्रोत कमजोर बन्दा बैंकको आम्दानीमा संकुचन ल्याएको हो।


सहकारी क्षेत्रमा तरलता सङ्कट, बचतमा ह्रास, अर्थतन्त्रका मन्दी र घरजग्गा कारोबारका सुस्तताका कारण बैंकमा निष्क्रिय कर्जा अत्यधिक बढेको छ। बैंकले वित्तीय स्वस्थता र जोखिम व्यवस्थापनका लागि नियमानुसार पर्याप्त कर्जा नोक्सानी व्यवस्था गर्दै आएको छ। बैंकले ५ अर्ब १५ करोड ६२ लाख रुपैयाँ कर्जा नोक्सानी व्यवस्था गरेको छ। आ.व. २०८१/८२ मा बैंकले कर्जा पोर्टफोलियोको गुणस्तर सुदृढीकरण, जोखिम नियन्त्रण र निष्क्रिय कर्जा व्यवस्थापनमा महत्वपूर्ण कदम चालेको बैंकले जनाएको छ। यस क्रममा सकार गरिएका गैर-बैंकिङ सम्पत्तिहरू लिलाम बिक्री गरी बैंकले आम्दानी गरेको छ। आ.व. २०८१/८२ मा करिब १७ करोड रुपैयाँ बराबरको गैरवित्तीय सम्पत्ति बिक्रि गरेको वार्षिक प्रतिवेदनमा उल्लेख छ।

कानुनी निकायसँगको सहकार्यमा मुद्दा मामिलाको निरूपण र पर्याप्त ऋण नोक्सानी व्यवस्था कायम गरी जोखिम वहन क्षमता बढाएको तथा सदस्य संस्थाको लगानी सुरक्षित गरेको बैंकको दाबी छ। बैंकमा १६ हजार ४ सय २६ सहकारी आवद्ध छन्। बैंकको सेयर पुँजी २ अर्ब ८९ करोड १५ लाख ७ हजार ९ सय रुपैयाँ छ। बैंकको जगेडा कोषमा १ अर्ब ४७ करोड र अन्य विभिन्न कोषहरुमा १ अर्ब ५९ करोड रुपैयाँ छ।

तथा कोषहरुमा २ अर्ब ४७ करोड रुपैयाँ छ। ४७ अर्ब ५ करोड ६२ लाख कुल निक्षेप रहेको बैंकले २० अर्ब १९ करोड ९४ लाख मात्रै लगानी गरेको छ। सहकारीहरूको एकमात्र बैंकका रूपमा स्थापित राष्ट्रिय सहकारी बैंकमा गत वर्ष मात्र ११ करोड रुपैयाँ सेयर वृद्धि भएको छ। लाभांश वितरण गर्न नसकेको अवस्थामै बैंक रहे पनि सहकारी संस्थाहरू भने निरन्तर रूपमा सेयर विस्तार गरिरहेका छन्। यसले सहकारी बैंकप्रति रहेको विश्वास अझै मजबुत भएको स्पष्ट संकेत दिएको छ।

*(सहकारी खबर)*

६९ औं राष्ट्रिय सहकारी दिवस २०८२ को उपलक्ष्यमा सहकारीका शेयर सदस्य, सहकारी संस्था तथा सहकारीकर्मीहरुमा **हार्दिक शुभकामना** व्यक्त गर्दछौं।



**टिकाराम तिमिल्सीना**
व्यवस्थापक

**कृष्णबन्धु अर्याल**
अध्यक्ष

**सयपत्री बचत तथा ऋण सहकारी संस्था लि.**
सुनवल-१, सुनवल, नवलपरासी

पहिलोमा लुम्बिनी र दोस्रोमा सहारा नेपाल साकोस

# यी हुन् सहकारी बैंकमा धेरै सेयर हुने १८ सहकारी

सहकारी क्षेत्रको एक मात्रै बैंक राष्ट्रिय सहकारी बैंकमा १६ हजार ४ सय २६ सदस्य आवद्ध छन् । बैंकमा सहकारीहरुको ९९.६२ प्रतिशत अर्थात् २ अर्ब ८८ करोड ६० लाख ८ हजार ९ सय रुपैयाँ र नेपाल सरकारको ०.३८ प्रतिशत अर्थात् १ करोड ८ लाख ९९ हजार रुपैया सेयर हिस्सा छ।

आर्थिक वर्ष २०८१/८२को असार मसान्तसम्म सहकारी बैंकको सेयर पुँजी २ अर्ब ८९ करोड १५ लाख ७ हजार ९ सय रुपैयाँ छ। जस मध्ये २१.६३ प्रतिशत अर्थात् ६२ करोड ५५ लाख ३५ हजार रुपैयाँ १८ वटा प्रारम्भिक सहकारीको सेयर रहेको छ।

सहकारी बैंकमा सबैभन्दा बढी सेयर हुनेमा रुपन्देहीको लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लिमिटेड रहेको छ। यस संस्थाको ३.४६ प्रतिशत अर्थात् १० करोड रुपैयाँको सेयर बैंकमा छ। त्यसैगरी दोस्रो नम्बरमा झापाको सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाको रहेको छ । सहारा नेपालको २.९१ प्रतिशत अर्थात् ८ करोड ४० लाख १० हजार रुपैयाँको सेयर रहेको छ। यही संस्थाको प्रतिनिधित्व गर्दै महेन्द्रकुमार गिरी बैंकको अध्यक्ष छन्। सबैभन्दा धेरै सेयर हुने संस्थाको तेस्रो नम्बरमा सामुदायिक बचत तथा ऋण सहकारी संस्था, काभ्रेको रहेको छ।


सामुदायिक साकोसको २.७८ प्रतिशत अर्थात् ८ करोड २ लाख ६१ हजार रुपैयाँ सेयर सहकारी बैंकमा छ। त्यसैगरी क्रमश सिद्धि गणेश भद्रकाली बहुउद्देश्यीय सहकारी संस्था रूपन्देहीको ७ करोड १० लाख २० हजार (२.४६ प्रतिशत), बाग्लुङ बहुउद्देश्यीय सहकारी संस्थाको ३ करोड (१.०४ प्रतिशत), सामुदायिक विकासका लागि सहकारी संस्था रुपन्देहीको २ करोड ५७ लाख २० हजार (०.८९ प्रतिशत), चाईना ट्रेड बहुउद्देश्यीय सहकारी संस्था काठमाडौंको २ करोड ५६ लाख १ हजार (०.८९ प्रतिशत), राजश्री बचत तथा ऋण सहकारी संस्थाको २ करोड ३० लाख २५ हजार (०.८० प्रतिशत), फेवा बचत तथा ऋण सहकारी संस्था रुपन्देहीको २ करोड २० लाख १० हजार (०.७६ प्रतिशत), जेष्ट आइडियोलोजी बचत तथा ऋण सहकारी संस्था काठमाडौंको २ करोड १६ लाख ४५ हजार (०.७५ प्रतिशत), सयपत्री बहुउद्देश्यीय सहकारी संस्था बागलुङको २ करोड १० लाख १० हजार (०.७३ प्रतिशत) र सीवाईसी साकोस बागलुङको २ करोड ४ लाख १० हजार (०.७१ प्रतिशत) सेयर हिस्सा रहेको छ।

त्यसैगरी १३ औं नम्बरमा बिरगाथा बचत तथा ऋण सहकारी संस्था रुपन्देहीको ०.६९ प्रतिशत अर्थात् २ करोड १० हजार रुपैयाँको सेयर रहेको छ । प्रगति बहुउद्देश्यीय सहकारी संस्था बागलुङको २ करोड रुपैयाँ, त्रिशुली बचत तथा ऋण सहकारी संस्था नुवाकोटको १ करोड ५५ लाख १० हजार, नेपाल बहुउद्देश्यीय सहकारी संस्था झापाको १ करोड ५२ लाख ९२ हजार, आदर्श सञ्चार सहकारी संस्था बागलुङको १ करोड ५० लाख १० हजार, सिद्धार्थ बहुउद्देश्यीय सहकारी संस्था सुर्खेतको १ करोड ५० लाख १ हजार रुपैयाँ सेयर सहकारीमा बैंकमा रहेको छ।

*(सहकारी खवर)*


६९ औं राष्ट्रिय सहकारी दिवस २०८२ को उपलक्ष्यमा सहकारीका शेयर सदस्य, सहकारी संस्था तथा सहकारीकर्मीहरुमा **हार्दिक शुभकामना** व्यक्त गर्दछौं।

**बाबुराम चौधरी थारू**
व्यवस्थापक



**दुर्गा प्रसाद शर्मा**
अध्यक्ष

**साना किसान कृषि सहकारी संस्था लि.**
रामग्राम-१८, बन्जरिया, नवलपरासी

*"उद्यमशिलता र पारदर्शिताः सहकारीको प्राथमिकता"*

६९ औं राष्ट्रिय सहकारी दिवस २०८२ को उपलक्ष्यमा सहकारीका
शेयर सदस्य, सहकारी संस्था तथा सहकारीकर्मीहरुमा
**हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।

**सीमा कुमारी थारु**
व्यवस्थापक



**शिवेन्द्र साह**
अध्यक्ष

# रामग्राम बहुउद्देश्यीय सहकारी संस्था लि.

रामग्राम-५, परासी, नवलपरासी

*"उद्यमशिलता र पारदर्शिताः सहकारीको प्राथमिकता"*

६९ औं राष्ट्रिय सहकारी दिवस २०८२ को उपलक्ष्यमा सहकारीका
शेयर सदस्य, सहकारी संस्था तथा सहकारीकर्मीहरुमा
**हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।

**भोज प्रसाद चापागाई**
व्यवस्थापक



**देवीलाल डुम्रे**
अध्यक्ष

# साना किसान कृषि सहकारी संस्था लि.

सुनवल-१२, भूमही, नवलपरासी

## बर्दघाट नगरपालिकाको नगरक्षेत्रका सहकारीहरुमा अनुरोध

- सहकारी ऐन, नियम र विनियम बमोजिम संस्था संचालन गर्ने ।
- सहकारीलाई प्रविधिमैत्री बनाउँदै सदस्यहरुको सेवालाई प्राथमिकता दिने ।
- सहकारीका मूल्य, मान्यता र सिद्धान्तलाई दैनिक व्यवहारमा लागू गर्ने ।
- नियमन निकायसंगको सम्बन्धलाई कायम राख्दै नियमित रिपोटिङ्ग गर्ने ।
- सदस्यहरुको सदस्य शिक्षा र सूचनाको ग्यारेन्टी गर्ने ।
- सहकारीहरु समाजका भरपर्दा र जीवन्त संगठन भएकोले सामजिक उत्तरदायित्व पूरा गर्ने ।
- विषयगत क्षेत्रका सहकारीले लक्षित विषयलाई नै केन्द्रबिन्दुमा राखेर कारोबार गर्ने ।
- सहकारीको पूँजी परिचालन गर्दा उद्यमशिलता तथा उत्पादनमूलक क्षेत्रमा लगानी बृद्धि गर्दै लैजाने ।
- सहकारीको नियमित मासिक बैठक, रिपोटिङ्ग, लेखापरिक्षण, साधारण सभा, जिम्मेवारी हस्तान्तरण कार्यहरु ऐन विनियम बमोजिम तोकिएकै समयमा गरी सहकारी सुशासनलाई कायम राख्ने ।
- वार्षिक क्यालेन्डर नै बनाएर सहकारी गतिविधिहरु संचालन गर्ने ।

---

*"उद्यमशिलता र पारदर्शिताः सहकारीको प्राथमिकता"*

६९ औं राष्ट्रिय सहकारी दिवस २०८२ को उपलक्ष्यमा सहकारीका शेयर सदस्य, सहकारी संस्था तथा सहकारीकर्मीहरुमा

**हार्दिक शुभकामना** सहित

---

**बर्दघाट नगरपालिकाको कार्यालय**

बर्दघाट, नवलपरासी (ब.सु.प.), लुम्बिनी प्रदेश

# सहकारी संघ/संस्थाहरुले वार्षिक प्रतिवेदन पेश गर्नेबारे अत्यन्त जरुरी सूचना

लुम्बिनी प्रदेश सरकारको नियमन क्षेत्राधिकारभित्र पर्ने सहकारी संघ/संस्थाहरुले वार्षिक साधारण सभा सम्पन्न गरेको १५ दिनभित्र सम्बन्धित नियामक निकायमा वार्षिक प्रतिवेदन पेश गर्ने कानूनी व्यवस्था भएकोमा तर हालसम्म केही सहकारी संघ/संस्थाहरुले मात्र वार्षिक प्रतिवेदन पेश गरेकोले प्रतिवेदन पेश नगर्ने सहकारी संघ/संस्थाहरुले सम्बन्धित नियामक निकायमा तत्काल वार्षिक प्रतिवेदन पेश गर्न सूचित गरिन्छ।

**प्रतिवेदनसाथ पेश गर्नुपर्ने कागजातः**

- वार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन।
- लेखापरिक्षण प्रतिवेदन।
- लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन।
- चालु आर्थिक वर्षको प्रस्तावित कार्यक्रम।
- कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि।
- साधारण सभाको निर्णय पुस्तिकाको प्रतिलिपि।
- सहकारी प्रवर्द्धनकोषमा रकम जम्मा गरेको भौचरको प्रतिलिपि।
- अधिवेशन भएको वर्षको हकमा सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको नेपाली नागरीकताको प्रतिलिपि र तीनपुस्ते विवरण।



**लुम्बिनी प्रदेश सरकार**

**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय**

राप्ती उपत्यका (देउखुरी), नेपाल

मुद्रकः प्रिन्टीङ्ग प्रेस, परासी ९८५७०४५४८८